# कृष्ण जोशीको काव्यकारिताको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र

सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको

स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत

**शोधपत्र**

शोधार्थी

कृष्णप्रसाद भट्टराई

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौं

२०७१

कृष्ण जोशीको काव्यकारिताको अध्ययन

कृष्णप्रसाद भट्टराई

२०७१

**शोधनिर्देशक**
ईश्वरीप्रसाद गैरे
उप-प्राध्यापक

# कृष्ण जोशीको काव्यकारिताको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र
सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको
स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत

**शोधपत्र**

शोधार्थी
कृष्णप्रसाद भट्टराई
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं

२०७१

## शोधनिर्देशकको मन्तव्य

प्रस्तुत **कृष्ण जोशीको काव्यकारिताको अध्ययन** नामक शीर्षकको शोधपत्र कृष्णप्रसाद भट्टराईले मेरो निर्देशनमा तयार पार्नु भएको हो । यहाले निकै मेहनत एवं लगनशीलतापूर्वक तयार पार्नु भएको यस शोत्रपत्रबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

.............................

शोध निर्देशक

ईश्वरीप्रसाद गैरे

उप-प्रध्यापक

नेपाली केन्द्रीय विभाग

त्रि.वि. कीर्तिपुर

मिति : २०७१/१२/०५

# त्रिभुवन विश्वविद्यालय
# मानविकी तथा सामाजिकशास्त्र सङ्काय
# नेपाली केन्द्रीय विभाग
# कीर्तिपुर

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागका छात्र श्री कृष्णप्रसाद भट्टराईले स्नातकोत्तर तहको नेपाली विषयको दसौं पत्रको प्रयोजनका निम्ति तयार पार्नुभएको **कृष्ण जोशीको काव्यकारिताको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र स्वीकृत गरिएको छ ।

<u>शोधपत्र मूल्याङ्कन समिति</u>

प्रा.डा. देवीप्रसाद गौतम ... ... ... ... ... ... ...
(विभागीय प्रमुख)

उप-प्राध्यापक ईश्वरीप्रसाद गैरे ... ... ... ... ... ... ...
(शोधनिर्देशक)

प्रा. मोहनराज शर्मा ... ... ... ... ... ... ...
(बाह्य परीक्षक)

मिति : २०७१/१२/१५

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले आदरणीय गुरु ईश्वरीप्रसाद गैरेको कुशल निर्देशनमा तयार पारेको हो । आफ्नो कार्यव्यस्ततामा रहादा समेत मलाई शोधकार्यमा अभिप्रेरित गर्नुका साथै बारम्बार सजग र सचेत गराउादै प्रस्तुत शोधपत्रलाई यस रुपमा ल्याउन समुचित निर्देशन दिनु हुने शोध निर्देशक श्रद्धेय गुरुप्रति सर्वप्रथम हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

शोधपत्र लेखनदेखि शीर्षक चयनमा सल्लाह दिनुहुने विभागीय प्रमुख प्रा. डा. देवीप्रसाद गौतमप्रति आभार प्रकट गर्दछु ।

यस शोधपत्रको तयारीका क्रममा आवश्यक सामग्री, प्रकाशित सम्पूर्ण कृतिहरू उपलब्ध गराइ सहयोग गर्नुहुने आदरणीय शोधनायक कृष्ण जोशीप्रति आभारी छु ।

शोधकार्यको सिलसिलामा विभिन्न कोणबाट सहयोग गर्नु हुने त्रि.वि. केन्द्रीय पुस्तकालयका कर्मचारीलगायत साथीहरु तुलसी पोखेल, दिनेश न्यौपाने, दीपक थपलिया व्रजकिशोर र जीवनसागिनी सरस्वती शर्माप्रति कृतज्ञ छु ।

शोधपत्र लेखनका क्रममा विविध कोणबाट समय दिएर सहयोग गर्नुहुने आदरणीय मित्र दीपक अधिकारीलाई हृदयदेखि नै विशेष धन्यवाद दिन चाहन्छु ।

प्रस्तुत शोधपत्रलाई यथासम्भव शुद्ध र सावधानीका साथ टङ्कण गरी अमूल्य सहयोग प्रदान गर्नुहुने युनिभर्सिटी कम्प्युटर सर्भिसप्रति आभारी छु ।

अन्त्यमा यस शोधपत्रको मूल्याङ्कनार्थ त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग समक्ष प्रस्तुत गर्दछु ।

मितिः २०७१/१२/०५


.........................................


कृष्णप्रसाद भट्टराई
रोल नं. ४३
शैक्षिक सत्र २०६७/६८
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर काठमाडौं

# विषयसूची

## पहिलो परिच्छेद

## शोध परिचय


१.१ शोध शीर्षक १

१.२ शोधकार्यको प्रयोजन १

१.३ विषय परिचय १

१.४ समस्याकथन २

१.५ शोधकार्यको उद्देश्य २

१.६ पूर्वकार्यको समीक्षा ३

१.७ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता १३

१.८ शोधकार्यको सीमाङ्कन १३

१.९ सामग्री सङ्कलन विधि १३

१.१० सैद्धान्तिक ढाँचा र शोधविधि १४

१.११ शोधपत्रको रूपरेखा १४


## दोस्रो परिच्छेद

## कृष्ण जोशीको जीवनी र व्यक्तित्व


२.१ कृष्ण जोशीको परिचय १५

२.१.१ पृष्ठभूमि, प्रेरणा र प्रभाव १७

२.१.२ लेखनारम्भ र प्रकाशित कृतिहरु १८

२.२ कृष्ण जोशीको व्यक्तित्व १९

२.२.१ कवि व्यक्तित्व १९

२.२.२ उपन्यासकार व्यक्तित्व २०

२.२.३ गीतकार व्यक्तित्व २१

२.२.४. कथाकार व्यक्तित्व २२

२.२.५ नाटककार व्यक्तित्व २३

२.२.६. निबन्धकार व्यक्तित्व २३

२.२.७. सम्पादक व्यक्तित्व २४

२.२.८ विविध व्यक्तित्व २५

**तेस्रो परिच्छेद**

**कृष्ण जोशीको साहित्ययात्रा, काव्यप्रवृत्ति र मूल्याङ्कन**

३.१ साहित्ययात्रा र चरण विभाजन २७

३.२. काव्य प्रवृत्ति ३५

३.३ नेपाली कविताको विकासक्रममा कृष्ण जोशीको योगदान तथा मूल्याङ्कन ३९

३.३.१. नेपाली कविताको विकासक्रम ३९

३.३.२. नेपाली कविताको विकासक्रममा कवि कृष्ण जोशीको उपस्थिति ४५

३.३.३. योगदान तथा मूल्याङ्कन ४५

**चौथो परिच्छेद**

**कविता विश्लेषणको सैद्धान्तिक आधार**

४.१ कविताको व्युत्पत्ति र परम्परा ४७

४.१.१ काव्य सम्बन्धी पूर्वीय र पाश्चात्य मान्यता ४७

४.१.२ काव्यको परिभाषा ४८

४.२ कविता विश्लेषणका सिद्धान्तहरु ५२
४.२.१ काव्यका अङ्गहरु ५२
४.२.१.१ कविताको शीर्षक ५२
४.२.१.२ कविताको संरचना ५२
४.२.१.३ कविताको विषयवस्तु ५४
४.३.१ काव्यका तत्त्वहरु ५४
४.३.१.१ भावविधान ५४
४.३.१.२ लयविधान ५५
४.३.१.३ भाषाशैली ५५
४.३.१.३.१ बिम्बविधान ५६
४.३.१.३.२ प्रतीकविधान ५७
४.३.१.३.३ अलङ्कारविधान ५७
४.३.१.४ उद्देश्य ५७
४.३.१.५ दृष्टिबिन्दु ५८

## पााचौं परिच्छेद

## कृष्ण जोशीका कविता सङ्ग्रहहरूको विश्लेषण

५.१ पोखरीभित्रको शताब्दी कविता सङ्ग्रहको विश्लेषण ५९
५.१.१ शीर्षक ५९
५.१.२ संरचना ६०
५.१.३ विषयवस्तु ६०
५.१.४ भावविधान ६७

५.१.५ लयविधान ६८

५.१.६ बिम्ब प्रतीक र अलङ्कारविधान ६९

५.१.७ भाषाशैली ७१

५.१.८ निष्कर्ष ७२

५.२ आगो समुद्र पानी समुद्र कविता सङ्ग्रहको विश्लेषण ७२

५.२.१ शीर्षक ७३

५.२.२ संरचना ७३

५.२.३ विषयवस्तु ७४

५.२.४ भावविधान ८४

५.२.५ लयविधान ८६

५.२.६ बिम्ब-प्रतीक र अलङ्कारविधान ८८

५.२.७ भाषाशैली ९०

४.२.८ निष्कर्ष ९२

५.३ चित्रदंश कविता सङ्ग्रहको विश्लेषण ९३

५.३.१ शीर्षक ९३

५.३.२ संरचना ९४

५.३.३ विषयवस्तु ९४

५.३.४ भावविधान १०३

५.३.५ लयविधान १०४

५.३.६ बिम्ब प्रतीक र अलङ्कारविधान १०६

५.३.७ भाषाशैली १०९

५.३.८ निष्कर्ष १११

५.४ ज्यामीपत्नीको घोषणा कविता सङ्ग्रहको विश्लेषण १११

५.४.१ शीर्षक ११२

५.४.२ संरचना ११२

५.४.३ विषयवस्तु ११३

५.४.४ भावविधान १२३

५.४.५ लयविधान १२४

५.४.६ बिम्ब प्रतीक र अलङ्कारविधान १२६

५.४.७ भाषाशैली १२८

५.४.८ निष्कर्ष १३०

## छैंटौं परिच्छेद

उपसंहार तथा निष्कर्ष १३१

सन्दर्भग्रन्थ सूची १३६

## संक्षेपीकरण सूची

| | | |
|---|---|---|
| इं.सं. | - | इस्वी सम्वत |
| एस.एल.सी. | - | स्कूल लिभिङ सर्टिफिकेट |
| एम.पि.ए. | - | मास्टर इन पब्लिक एडमिनिष्ट्रेसन |
| काठ | - | काठमाडौं |
| चौ.स. | - | चौथो संस्करण |
| जे.टि.ए. | - | जुनियर टेक्निकल असिस्टेन्ट |
| डा. | - | डाक्टर अफ फिलोसोफी |
| प्र.सं | - | प्रथम संस्करण |
| प्र.अ. | - | प्रधानाध्यापक |
| पृ.सं. | - | पृष्ठ सङ्ख्या |
| यु.एस. एड | - | युनाइटेड स्टेट एडिसन |
| रा.प.अन | - | राजपत्र अनङ्कित |
| रु. | - | रुपैंया |
| वि.सं | - | विक्रम सम्वत |
| सम्पा. | - | सम्पादक |
| स्व. | - | स्वर्गीय |
| त्रि.वि. | - | त्रिभुवन विश्वविद्यालय |

# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ शोध शीर्षक

यस शोधपत्रको शीर्षक **कृष्ण जोशीको काव्यकारिताको अध्ययन** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

यस शोधकार्यको प्रयोजन त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली विषय स्नातकोत्तर तह द्वितीय वर्षको दशौं पत्रको आवश्यकता परिपूर्तिको लागि रहेको छ ।

## १.३ विषय परिचय

वि.सं. १९९६ साल माघ २० गते  कोशी अञ्चलको भोजपुर बजारमा जन्मिई २८ वर्षको लामो अवधिसम्म नेपाल सरकारको सेवामा समर्पित साहित्यकार कृष्ण जोशीले लेखनकार्य वि.सं. २०११-२०१२ सालदेखि शुरु गरेका हुन् । वि.सं. २०१९ साल पौष १४ गते गोरखापत्रमा प्रकाशित *मेरो पारोविनाको ऐना* शीर्षकको कविताबाट प्रकाशन आरम्भ गरेका साहित्यकार जोशीका **मृत्यु दोहोरिन्छ म बाँचें भने** (उपन्यास २०३४),**विसङ्गत स्वरहरु** (गीत सङ्ग्रह २०४९), **असम्मत सम्मत**  (उपन्यास २०५१), **पोखरीभित्रको शताब्दी** (कविता सङ्ग्रह २०५४), **काठमाडौंवरिपरि** (उपन्यास २०५६) **आगो समुद्र पानी समुद्र** (कविता सङ्ग्रह, २०५८), **चित्रदंश** (कविता सङग्रह २०६१) र **ज्यामीपत्नीको घोषणा** (कविता सङग्रह २०६९) प्रकाशित छन् ।

लामो समयसम्म निजामती सेवामा आवद्ध रहेका कृष्ण जोशी नेपाली साहित्य आकाशमा बहुमुखी प्रतिभा हुन् । कविता, गीत, उपन्यास, निबन्ध,नाटक आदि साहित्यका विविध विधामा कलम चलाएपनि जोशीको विशेष योगदान भने कविता विधामा नै रहेको छ । चारवटा कविता सङ्ग्रह प्रकाशित गरिसकेका जोशीका कवितामा राजनैतिक विसङ्गति, सामाजिक विकृतिप्रति तीव्र असन्तोष , यथार्थवादी चेत, मानवतावादी चिन्तन, देशभक्तिको भावना, निराशा, कुण्ठा, व्यङ्ग्य, आञ्चलिकता,यौन, प्रकृतिचित्रणजस्ता कुराहरु अभिव्यञ्जित

भएको पाइन्छ । उनका प्रकाशित कविता कृतिहरुको अध्ययन, विश्लेषण र मूल्याङ्कन नै यस शोधपत्रको विषय रहेको छ ।

## १.४ समस्याकथन

साहित्यकार कृष्ण जोशीले नेपाली साहित्यको कविता, उपन्यास गीत जस्ता विविध विधामा कलम चलाएका छन् । यसमा कविताको क्षेत्र व्यापक छ तापनि उनका कविताको गहन एवं सूक्ष्म विश्लेषण र मूल्याङ्कन गरी नेपाली काव्यक्षेत्रमा उनले पुऱ्याएको योगदानको चर्चा भने विरलै भएको पाइन्छ । हालसम्म चारओटा कविता सङ्ग्रह प्रकाशित गरेका जोशीको काव्यकारिताको अध्ययन विश्लेषण गर्नु यस शोधकार्यको मुख्य समस्या रहेको छ । यसका साथै यस शोधकार्यमा अन्य उपसमस्याहरु यस प्रकार रहेका छन्:

१. कृष्ण जोशीको सङ्क्षिप्त जीवनी र व्यक्तित्व के कस्तो रहेको छ ?

२. कृष्ण जोशीको साहित्ययात्रा र काव्यप्रवृत्ति के कस्तो रहेको छ ?

३. कविता तत्वका आधारमा कृष्ण जोशीका कविताहरू केकस्तो स्थानमा छन् ?

४.कृष्ण जोशीका कविताको स्थान र योगदानको मूल्याङ्कन कसरी गर्ने ?

## १.५ शोधकार्यको उद्देश्य

नेपाली साहित्यमा एक विशिष्ट प्रतिभा कृष्ण जोशी नेपाली काव्यकारिताको क्षेत्रमा उच्च र विशिष्ट योगदान बनाइ राख्ने व्यक्ति हुन् । सरकारी सेवा र साहित्य लेखनलाई आफ्नो मुख्य कार्यक्षेत्र बनाएका जोशीले कविता लेखनलाई समाजसुधारको सापेक्षतामा अगाडि बढाएका छन् । काव्य सिर्जनाका धनी जोशीको जीवनवृत्तको अध्ययन तथा उनको समग्र काव्यकारिताको विश्लेषण गर्नु यस शोधकार्यको प्रमुख उद्देश्य रहेको छ । यिनै सन्दर्भअनुसारका निम्नलिखित उद्देश्यहरुपनि यस शोधकार्यमा रहेका छन्:

१. कृष्ण जोशीको जीवनी र व्यक्तित्व स्पष्ट गर्नु,

२. कृष्ण जोशीको साहित्ययात्रा र काव्यप्रवृत्तिहरु स्पष्ट गर्नु,

३. कृष्ण जोशीका कृतिहरुको कविता तत्वका आधारमा विश्लेषण गर्नु,

४. कृष्ण जोशीको कवित्वको स्थान र योगदानको मूल्याङ्कन गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

कवि कृष्ण जोशीका चारओटा कविता सङ्ग्रहका साथै थुप्रै उपन्यास, गीत तथा साहित्यका विभिन्न क्षेत्रसँग सम्बन्धित रचनाहरु प्रकाशित छन् । यिनका कविताहरुको गहन एवं विश्लेषणात्मक अध्ययन भने हालसम्म भएको पाइँदैन । केही पत्रपत्रिकाहरुमा, कृष्ण जोशीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन र पुस्तकहरुको भूमिकामा यिनका रचनाका सम्बन्धमा टिप्पणीहरु भने नभएका होइनन्, तथापि कवि कृष्ण जोशीका सम्पूर्ण कविताको विश्लेषण एवं मूल्याङ्कन गरी काव्य क्षेत्रमा यिनले पुऱ्याएको योगदानको सघन र गहन विश्लेषण भने गरेको पाइँदैन । कवि कृष्ण जोशीका विषयमा गरिएका विभिन्न अध्ययन एवं पत्रपत्रिकाहरुमा प्रकाशित समीक्षात्मक लेखहरुको विवरण  कालक्रमिक रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

विप्लव ढकालले कृष्ण जोशीका कविताहरुले युगीन असङ्गति र जीवनको यन्त्रणापूर्ण भोगाइका पीडा र परिधिलाई हार्दिकता बौद्धिकताका बीच दोभानबाट मर्मस्पर्शी ढङ्गले प्रस्तुत गरेका छन् भनी उल्लेख गरेका छन् । [1]

वासु रिमाल 'यात्री' ले वि.सं. २०४० सालको समसामयिक साझा कवितामा समावेश नभएपनि कवितामा कृष्ण जोशी बिर्सनै नसकिने नाम भइसकेको छ भनेर टिप्पणी गरेका छन्  । [2]

कृष्ण जोशी सिर्जनशील  साहित्यकारका रूपमा स्थापित हस्ताक्षर हुन् भनेर साझा प्रकाशनले **पोखरीभित्रको शताब्दी** कविता सङग्रहको प्रकाशकीयमा लेखेको छ । [3]

गीतको पुस्तक छपाएर गीतकार र उपन्यास प्रकाशित गराएर उपन्यासकार कहलाए पनि कृष्ण जोशी मूलतः कवि हुन् । त्यसैले उनका उपन्यासहरुमा पनि अनेकौं ठाँउहरुमा

---

[1] विप्लव ढकाल, **भोजपुरको साहित्यिक रुपरेखा**, काठमाडौं, श्रीमती सरस्वती सुन्दास, प्र.सं.२०४९,पृ.३६ ।
[2] वासु रिमाल 'यात्री' **जनआन्दोलन पछिका कविता,** विराटनगर : वाणी प्रकाशन प्र.सं. २०५४, पृ.२३ ।
[3] कृष्ण जोशी,  **पोखरीभित्रको शताब्दी,** ललितपुर : साझा प्रकाशन २०५४ प्रकाशकीय ।

कवितात्मकता पाइन्छ भनी वासु रिमाल यात्रीले लेखेका छन् । पारस भण्डारीको पनि यस्तै टिप्पणी रहेको छ ।[4]

महेश प्रसाईंले **पोखरीभित्रको शताव्दी** कविता सङ्ग्रहको टिप्पणी गर्दै सङ्ग्रहका कविताहरुले कविको निरपेक्ष स्वरूपलाई भाव गाम्भीर्यका धरातलबाट रहस्य रोमाञ्चकतासँगै नवीन इन्द्रिय सञ्चेतना गरेको छ भनेका छन् ।[5]

नेपालमा तथाकथित नेता र नेतृत्वहरुले खेलेको प्याण्डोमोनियम नृत्यहरुको विभत्सता र क्रुरताको सापेक्षतामा मन छुने मनोरमहरु जोशीका कवितामा छन् भनेर ईश्वर वल्भवले चर्चा गरेका छन् ।[6]

कृष्ण जोशीका कविताहरुमा राष्ट्रवादी चिन्तन छ । उनले बिम्बहरु समेत विदेशी साहित्यबाट लिएका छैनन् भनेर हरि मञ्जुश्रीले चर्चा गरेका छन् । कृष्ण प्रधानको पनि यस्तै विचार रहेको छ ।[7]

कृष्ण जोशी मान्छेको जीवनको कविता लेख्ने भावुक कवि हुन् । वर्तमान मान्छे विकृति र विसङ्गति बीच बाँचिरहेको छ । उनका कविताहरुमा यिनै भावनालाई प्रमुखता दिने गरेको पाइन्छ भनेर गोवर्द्धन पूजाले चर्चा गरेका छन् ।[8]

आञ्चालिकताका गर्विला प्रतीक र परिदृश्यलाई असाध्यै आभायुक्त आलेखनमा उनी जतातत‌ैअभिव्यक्तिएका पाइन्छन् । मूलतः जीवन र जगतका साम्य र बैषम्य पक्षलाई पिँधसम्म पुगेर काव्यिक झिल्का दिन सक्नु कवि जोशीको पृथक परिचय र प्राप्ति हो भनेर युवराज नयाँघरेले लेखेका छन् ।[9]

---

[4] क) कृष्ण जोशी, पूर्ववत् : भूमिका
ख) गरिमा, वर्ष १७, अङ्क १, पूर्णाङ्क १९३ पुस, २०५५, पृ. १०२

[5] कृष्ण जोशी, पूर्ववत् ।

[6] कान्तिपुर दैनिक, वर्ष ५ अङ्क ३३९, माघ २०५४, पृ.४ ।

[7] क) गतिविधि साप्ताहिक ,वर्ष १४, अङ्क ४४ फागुन २०५४, पृ. ६ ।
ख) कान्तिपुर दैनिक , वर्ष ६ अङ्क २४, चैत २०५४, कोसेली ख ।

[8] हिन्दु साप्ताहिक, वर्ष १४, अङ्क ४१, चैत्र २०५४, पृ.४ ।

[9] जनभावना साप्ताहिक, वर्ष, १६, अङक २३, चैत्र २०५४ , पृ.७ ।

जोशीको **पोखरीभित्रको शताब्दी** कविता सङ्ग्रह भित्रका कविता प्रेम र यौनसम्बन्धी विषयहरु प्राञ्जल शैलीमा शिष्ट तरिकाले आएका छन् भनी व्याकुल पाठकले उल्लेख गरेका छन् ।[10]

ध्रुव मधिकर्मीले कवि जोशीका कविताहरु जीवनका पीडा, विद्रोह र सौन्दर्यको बारेमा छन् , केही कविताहरुमा विषयको आवृत्तिभन्दा प्रतीकहरुको बोझ बढी देखिन्छ ,कहीँकहीँ विरोधाभास छ र केही कवितामा वासुशशीको प्रभाव छ भनी टिप्पणी गरेका छन् । [11]

कुलप्रसाद देवानले आफ्नो एम. ए. तहको शोधपत्रमा समाजमा व्याप्त विकृति र विसङ्गतिप्रति व्यङ्ग्य विद्रोह गर्दै शान्तिपूर्ण सहअस्तित्व र सामाजिक राजनीतिक तथा धार्मिक सुधारका कविता लेख्ने जोशीलाई एक प्रयोगधर्मी कवि प्रतिभाका रूपमा प्रस्तुत गरेका छन् । [12]

कृष्ण जोशीको कविता सङ्ग्रह **आगो समुद्र पानी समुद्र** भित्रका कविताहरु कविभित्र घोलिएका समकालीन मान्छेहरुका प्रतिच्छविका अभिव्यक्तिहरु हुन् भनेर हरि मन्जुश्रीले आगो **समुद्र पानी समुद्र** कविता सङ्ग्रहको प्रकाशकीयमा लेखेका छन् । [13]

कवि कृष्ण जोशीलाई वास्तवमा काठमाडौंलाई विभिन्न पाटाबाट ओल्टाएर-पल्टाएर कवितामा आफ्ना अनुभूतिलाई पोख्न पारङ्गत कविका रूपमा लिन प्रस्तुत कविताहरुले प्रमाण दिएका छन् भनी कृष्ण प्रधानले **आगो समुद्र पानी समुद्र** को भूमिका खण्डमा उल्लेख गरेका छन् । [14]

गोवर्द्धन पूजाले कृष्ण जोशीका कवितामा सम्पूर्ण मानवको कोलाहल वर्तमानप्रति व्यङ्ग्य गर्दै मान्छेको अवमूल्यन भइरहेको आजको अवस्थालाई उजागर गरेको पाइन्छ भनी टिप्पणी गरेका छन् । [15]

---

[10] आजको समाचारपत्र,  वर्ष ३, अङक १०५, वैशाख २०५५, पृ.७ ।

[11] साप्ताहिक पुनजार्गरण, वर्ष १६, अङ्क ४८, मङ्सिर २०५५, पृ. ६

[12] कुलप्रसाद देवान, **कृष्ण जोशीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** , अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षण समिति, रत्नराज्यलक्ष्मी क्याम्पस काठमाडौ, २०५७, पृ.८७ ।

[13] कृष्ण जोशी, **आगो समुद्र पानी समुद्र** ,बनेपा : एकीकृत विकास केन्द्र, २०५८, प्रकाशकीय ।

[14] कृष्ण जोशी, पूर्ववत् : भूमिकाखण्ड ।

[15] युग संवाद साप्ताहिक, वर्ष १५, अङ्क १, २०५९ असार ४, पृ.  ६ ।

ज्ञानेन्द्र दिवसले **आगो समुद्र पानी समुद्र** कविता सङ्ग्रहको विश्लेषण गर्दै यस सङ्ग्रहलाई समकालीन  सन्दर्भकै सशक्त काव्यिक दस्तावेज हो भनी उल्लेख गरेका छन् । [16]

दीपकमणि 'दाजुभाइ'ले **आगो समुद्र पानी समुद्र** कविता सङग्रहको विश्लेषण गर्दै कृष्ण जोशीका कविताहरुले मानवीय संवेदनालाई मात्र होइन विश्रृङ्खलित वर्तमान र त्यसले जन्माएको विसङ्गतिले समाजमा ल्याएको प्रभावलाई प्रष्ट पारेको छ भनी टिप्पणी गरेका छन् । [17]

ध्रुव मधिकर्मीले *कवितामा पानी र आगोको समुद्र* शीर्षकको लेखमा कृष्ण जोशीका कवितामा अनुभूति र भोगाइहरुको निसृतः विचार र कुरूप वर्तमानप्रतिको लेखकीय आग्रह पाइन्छ भनी लेखेका छन् । [18]

गोकुल पाठकले *काठमाडौंका कविता* शीर्षकको लेखमा कृष्ण जोशीको **आगो समुद्र पानी समुद्र** कविता सङ्ग्रहमा ग्रामीण र शहरी परिवेशको अन्तरलाई बिम्बात्मक ढङ्गले कवितामा समेटिएको कुरा उल्लेख गरेका छन् । [19]

विमल भौकाजीले *नयाँ युद्धको घोषणा* शीर्षकको लेखमा **आगो समुद्र पानी समुद्र** कविता सङ्ग्रहको विश्लेषण गर्दै जोशीका कविताहरुमा युद्ध लड्न सक्ने क्षमता भएको कुरा उल्लेख गरेका छन् । [20]

ज्ञानेन्द्र विवशले कृष्ण जोशीको **आगो समुद्र पानी समुद्र** कविता सङ्ग्रहका कविताहरुमा प्रयोग र प्रतीकको मिठासको साथै सरलताभित्र अमूर्तता र मूर्तताको संयोजन पाइन्छ भनी टिप्पणी गरेका छन् । [21]

---

[16] राजधानी दैनिक,  वर्ष २, अङ्क ३९, २०५९ असार २९, पृ.५ ।

[17] घटना र विचार साप्ताहिक, वर्ष ८, अङ्क ९, २०५९, साउन २९, पृ. ६ ।

[18] पुनर्जागरण साप्ताहिक, वर्ष २०, अङ्क ३२, २०५९ भदौ १८, पृ.६ ।

[19] नेपाल समाचारपत्र, २०५९, भदौ १५  ।

[20] राजधानी दैनिक,  वर्ष २, अङ्क १७८, २०५९ मङ्सिर २१, पृ. ८ ।

[21] हिमालय टाइम्स, वर्ष ७, अङ्क ३२९, २०५९ मङ्सिर, १४ ।

विवश पोखरेलले एउटा अपेक्षित काव्यकृति शीर्षकको लेखमा कृष्ण जोशीको **आगो समुद्र पानी समुद्र** कविता सङ्ग्रहले मानिसको जीवनका घातप्रतिघात पीडा र भोगाइका झिल्का र छालहरुलाई काव्यात्मक आवरणले बेरेर प्रस्तुत गरेको छ भनी उल्लेख गरेका छन् । [22]

कृष्ण जोशीका कवितामा घनत्व छ, फैलावट छ, युग छ, भाका छ, मिठास छ भनी नकुल सिलवालले **चित्रदंश** कविता सङ्ग्रहको प्रकाशन-मन्तव्यमा उल्लेख गरेका छन् । [23]

कृष्ण जोशीका कवितामा वर्तमान युगीन जनजीवनका विसङ्गति, विकृति, निस्सारता, विवशता, बाध्यता, मानवीय मूल्यहीनता, संवेदनहीनता आदिका साथै नारीहरुका निरीह अवस्था एवं तिनका विवशता, बाध्यता, एकाकीपन, असुरक्षा, परनिर्भरता, मुस्कानरहित स्थिति आदिको मार्मिक र जीवन्त चित्रण गरेको पाइन्छ भनी डा. खगेन्द्रप्रसाद लुईटेलले **चित्रदंश** कविता सङ्ग्रहको भूमिकामा उल्लेख गरेका छन् । [24]

कृष्ण जोशीको कविता सङ्ग्रह चित्रदंश युगीन कटु यथार्थको कारुणिक चित्रण हो भनी **कान्तिपुर दैनिक**ले समाचार टिप्पणी प्रकाशित गरेको छ । [25]

कृष्ण जोशीको कविताकृति **चित्रदंश** मा वर्तमान पीडा, सङ्कटग्रस्त समयको क्रन्दन अनि संवेदनाहीन क्षणको यथार्थ चित्रण छ भनी छत्र कार्कीले टिप्पणी गरेका छन् । [26]

गोवर्द्धन पूजाले *चित्रदंशले बोकेको चित्र* शीर्षकको लेखमा **चित्रदंश** कविता सङ्ग्रहभित्र वर्तमान नेपाली समाजको सर्वपक्षीय चित्र कोरिएको छ । यस्ता चित्रहरु कुनै धुमिल रूपमा सामाजिक पीडा मिश्रित छन् त कुनै गाडा रूपमा आँसुको समुद्र बोकेका छन् । कवितामा लास

[22] मधुपर्क, वर्ष ३६, अङ्क २, पूर्णाङ्क ४०९, २०६० असार, पृ. ३८ ।
[23] कृष्ण जोशी, **चित्रदंश**, बगर फाउन्डेसन नेपाल २०६१, प्रकाशन मन्तव्य ।
[24] कृष्ण जोशी, पूर्ववत् : भूमिका खण्ड ।
[25] कान्तिपुर दैनिक, वर्ष १२, अङ्क ३५३, २०६१ माघ २९ , पृ. ८ ।
[26] समय पाक्षिक, वर्ष १, अङ्क ४४, २०६१ फागुन ७-१३ , पृ. ५३ ।

दुस्वप्न, संवेदनाहीन, पराजित मन आदि प्रसङ्गहरुले प्रश्रय पाएका छन् भनी उल्लेख गरेका छन् ।[27]

घनेन्द्र ओभ्राले *वृद्ध कविका तन्नेरी कविता* शीर्षकको लेखमा कवि जोशीका कवितामा नेपाली ग्रामीण जनजीवनका विविध पाटाहरु सामाजिक भेदभाव, असमानता, राजनीतिक विकृति, विसङ्गति, कुरीति र कुसंस्कार विरुद्धको विद्रोह सूक्ष्म रूपमा प्रस्तुत भएका हुन्छन् भनी उल्लेख गरेका छन् ।[28]

कृष्ण जोशीको कविता सङ्ग्रह **चित्रदंश**ले  सर्वत्र आगो फैलिएको, त्रास दन्किएको परिस्थितिको चित्रण मात्र नगरेर कविले यस कविता सङ्ग्रहमा सुखद र शान्त मानव समाजको चित्रण पनि गरेका छन् भनी व्याकुल पाठकले टिप्पणी गरेका छन् ।[29]

कृष्ण जोशीको **चित्रदंश** कविता सङ्ग्रहमा वर्तमान जनजीवनका विसङ्गति, विकृति, मानवीय मूल्यहीनता, संवेदनशीलता आदि अनेक मानवीय संवेदनशील अभिव्यक्ति कलात्मक रूपमा प्रकटिएका पाइन्छन् भने उहाँभित्रका मानवतावादी स्वरहरु गुन्जिएका पाइन्छन् भनी कैलाश भण्डारीले लेखेका छन् ।[30]

**चित्रदंश** कविता सङ्ग्रहमा डाँडापाखा गाउँघरको जनजीवनदेखि शहरी जीवनको अनुभूति र गरिवीका कारण विदेशी भूमिसम्म जानुपरेको पीडा र स्वप्नहरुको आकाङ्क्षालाई शब्द दिइएको छ । एकातिर भौतिक विकासको चरमोत्कर्ष छ भने अर्कोतिर भोक, गरिवी अभाव र चेतनाको कमीले जीवनमा विकृति र विसङ्गतिका थाक लागेको, पारिवारिक विश्रृङ्खलता बढेको, हिंसा र असुरक्षाले भयावहपूर्ण जीवनसित दिनैपिच्छे जम्काभेट भएको,  आगोलाई चुपचाप पिउनु परेको, मान्छेमान्छे बीच दूरी बढेको,जीवन खेलौना सरह भएको जस्ता

[27] अन्नपूर्ण पोष्ट, वर्ष १०, अङ्क ३३४, २०६१, चैत २०, पृ.९ ।
[28] हिमालय टाइम्स, वर्ष १०, अङ्क ११२, २०६२ वैशाख ३, पृ .१० ।
[29] नेपाल समाचारपत्र, वर्ष १०, अङ्क १०३, २०६२ वैशाख १०, पृ. ८ ।
[30] सुगन्ध मासिक, वर्ष २५, पूर्णाङ्क २२६, २०६२ वैशाख-जेठ, पृ. २२

अनुभूतिहरु माथि कवि जोशीले सुन्दर कविताहरु लेखेका छन् भन्ने ध्रुव मधिकर्मीको विश्लेषण रहेको छ ।[31]

**चित्रदंश** कवि जोशीले युगीन संवेदनालाई समेटेको एउटा सवल कृति हो । कृतिमा मानवीय छवि र सन्तृप्त क्षणहरुको दुखाइ छ भन्ने युवराज नयाँघरेको टिप्पणी रहेको छ ।[32]

कवि कृष्ण जोशीका कविता सरल र सहज भइकन पनि भावगत वैविध्य र प्रयोगशील छटाहरुका कारण कतिपय कविताहरु सबैखाले पाठकका लागि सुपाच्य लाग्दैनन् । बिम्ब प्रतीक एवं अलङ्कारात्मक भाषिक मिठासलाई समातेर रोचक प्रस्तुतिमा उत्रिने प्रयासमा कविले आफूलाई **चित्रदंश** कविता सङ्ग्रहभरि प्रयत्नरत देखाएका छन् भन्ने तुलसी अज्ञातको टिप्पणी रहेको छ ।[33]

कवि जोशीको **चित्रदंश** कविता सङ्ग्रहका कविताहरुमा मान्छेको मन मस्तिष्कसँग सम्बन्धित संवेदनशील विषयका सन्दर्भलाई प्रस्तुत गरिएको पाइन्छ । उनका कविताहरुले कविता कुनैपनि सर्तमा दीर्घकालीन हुनुपर्छ भन्ने नजिर खडा गरेका छन् भन्ने विमल भौकाजीको बुझाइ रहेको छ ।[34]

मोहन दुवालले *मान्छेका मर्म छाम्न प्रयत्नरत कवि* शीर्षकको आलेख प्रकाशित गरेका छन् । उनले कवि जोशीलाई कवितामा बिम्ब पोख्न सिपालु कविका रूपमा परिचित गराएका छन् ।[घछ]

डा. गोपाल भण्डारीले *विध्वंसका विरुद्ध कवि कृष्ण जोशीको आगो समुद्र पानी समुद्र* लेखमार्फत कृष्ण जोशीले आफ्ना कवितामा वर्तमान समाजका विद्रुपता र विश्रृङ्खलतालाई विभिन्न रूपले चित्रित गरेका छन् भनी टिप्पणी गरेका छन् ।[36]

---

[31] पुनर्जागरण साप्ताहिक, वर्ष २३, अङ्क १७,२०६२ असार, २८, पृ.६ ।
[32] जनभावना साप्ताहिक, वर्ष २४, अङ्क ३, २०६२, कार्तिक २८, पृ.५ ।
[33] मधुपर्क, वर्ष ३८, अङ्क ९, पूर्णाङ्क ४४०, २०६२, माघ २२, पृ. २० ।
[34] गोरखापत्र, वर्ष १०५, अङ्क २६९, २०६२ माघ २२, पृ.१२ ।
[35] जनमत मासिक, बनेपा : वर्ष २६, अङ्क ३, २०६५ चैत्र, पृ. २४ ।
[36] जनमत मासिक, पूर्ववत् , पृ.३१ ।

हरि मञ्जुश्रीले कृष्ण जोशीका कवितामा बिम्बहरुलाई भूमि बनाएर शब्दहरु खेलाइएको पाइन्छ भनी टिप्पणी गरेका छन् ।[37]

डा. लक्ष्मणप्रसाद गौतमका अनुसार कृष्ण जोशीका कवितामा आजको मान्छेको हृदयहीनता र संवेदनहीनतालाई अभिव्यक्त गरेको देखिन्छ भने पराया अनुहारमा आफन्तका अनुहार खोज्नु जस्ता प्रसङ्गहरुले मान्छेमान्छेका बीचको परिचयहीनता र पहिचानको खोजी एवं विरानोपनलाई सङ्केत गरेको देखिन्छ ।[38]

प्रद्युम्न जोशीले **ज्यामीपत्नीको घोषणा** कविता सङ्ग्रहको प्रकाशकीयमा सिङ्गो काठमाडौंलाई अनेकन् कविहरुले कसरी हेर्छन्, कसरी छुन्छन् भन्ने दृष्टान्तको रूपमा रहेको यस कविता सङ्ग्रहले काठमाडौंलाई एउटै कविता सङ्ग्रहमा पहिलोपल्ट प्रस्तुत गर्ने यो प्रयत्न ऐतिहासिक महत्त्वको भएको छ भनी टिप्पणी गरेका छन् ।[39]

विप्लव ढकालले **ज्यामीपत्नीको घोषणा** कविता सङ्ग्रहको भूमिकामा प्रस्तुत सङ्ग्रहमा समेटिएका सबै कविताहरु आजका जीवनका विविध भोगाइ, आजको मान्छेको मनोविज्ञान र आजको समाजशास्त्रीय मूल्यसँग सूक्ष्मरूपमा गाँसिएका छन् । यी कविताहरुले नेपाली समाजको सांस्कृतिक रूपान्तरणका दिशाहरुलाई पनि गहनतापूर्वक निर्देश गरेका छन् र मान्छेको स्वतन्त्रता, आत्मसम्मान र अस्तित्वको मूल्यलाई नजिकबाट खोजेका छन् भनी आफ्नो विचार व्यक्त गरेका छन् ।[40]

कृष्ण जोशीका कवितामा मानवको लाक्षीपन र ह्रासोन्मुख मानवताको चित्रण पाइन्छ । यिनले कतिपय कवितामा चेतनाशून्य परिस्थितिको चित्रण गर्दै त्यसमा शक्तिस्वरुप चेतना भर्ने आह्वान गरेका छन्  भनी डा. खगेन्द्रप्रसाद लुइटेलले विश्लेषण गरेका छन् ।[41]

---

[37] जनमत मासिक, पूर्ववत् पृ.३५ ।

[38] डा. लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताका प्रवृत्ति**, पैरवी प्रकाशन, २०६६ , पृ.४७१ ।

[39] कृष्ण जोशी, **ज्यामीपत्नीको घोषणा**, वासु शशी स्मृति परिषद् २०६९, प्रकाशकीय ।

[40] कृष्ण जोशी, पूर्ववत् , भूमिकाखण्ड ।

[41] कृष्ण जोशी, पूर्ववत् , भूमिका खण्ड ।

**ज्यामीपत्नीको घोषणा** कविता सङ्ग्रहमा कविले आफ्नो भोगाइलाई हुबहु उतार्दै जीवनको चौहत्तर वर्षमा आएर उनले देखेका र सुनेका मात्र होइन आफैं सहभागी भएर अनुभव गरेका अनैकौं घटना र परिस्थितिलाई कृष्ण जोशीले कवितामा लेखेका छन् भनी मणि लोहनीले आफ्नो विश्लेषण प्रस्तुत गरेका छन् । [42]

कृष्ण जोशीको कविता सङ्ग्रह **ज्यामीपत्नीको घोषणा**ले लोग्ने गुमाएपछि एक महिलाले भोग्नुपर्ने समस्यालाई प्रस्तुत गरेको छ भन्दै  ज्यामीपत्नीको गरिवीलाई कथ्यभाव र प्रस्तुतिको समिश्रणमा रूपान्तरण गर्दै मिठासपूर्ण बिन्दुमा टुङ्ग्याइएको छ भनी **नेपाल समाचारपत्र**ले समाचार टिप्पणी प्रकाशित गरेको छ ।[43]

**ज्यामीपत्नीको घोषणा** कविता सङ्ग्रहको विमोचन समारोहमा अशेष मल्ल, डा. विष्णुविभु घिमिरे, गणेश रसिक, मणि लोहनी, प्रद्युम्न जोशी लगायतका साहित्यकारले जोशीको कृतिमाथि टिप्पणी गर्दै उनका कविताहरुमा आफन्तहरु परदेसिएका पीडा, पदमा पुगेकाबाट हुने निकृष्ट व्यवहार, अमानवीय घटनाको भोक्ता हुनुको यातना, अतीतको भावुक स्मृति, गरिवीको चरम अवस्था र मानवीय नियतिका विविध प्रसङ्गमाथि चर्चा गरेका थिए भनी **गोरखापत्र, पुनर्जागरण साप्ताहिक, अन्नपूर्ण पोष्ट, कान्तिपुर दैनिक, नागरिक दैनिक**, पत्रिकाले समाचार टिप्पणीहरु प्रकाशित गरेका छन् । [44]

हरि अधिकारीका विचारमा **ज्यामीपत्नीको घोषणा** सङ्ग्रहका कविताहरुमा अतीतमोह अलि बढी मात्रामा मुखरित भएको पाइन्छ । कवि काठमाडौंको बासिन्दा भएपनि उनको मन भने अहिले पनि माझकिरातँको सुरम्य प्रकृति, अरुण र तमोर नदी, ट्याम्केको लेक, पिखुवाको जँघार, त्यस भेगको मानवसमाज र त्यसको सांस्कृतिक चरित्र वरिपरि नै विचरण गरिरहन्छ ।

[42] हिमालय टाइम्स, २०६९, असार, २३, पृ.६।

[43] नेपाल समाचारपत्र, २०६९, असार २४, पृ.७ ।

[44]क) गोरखापत्र, २०६९, असार २४ ,पृ. १० ।
ख) पुनर्जागरण साप्ताहिक , २०६९, असार २६, पृ. ९ ।
ग) अन्नपूर्ण पोष्ट,२०६९, असार २६, पृ.१२ ।
घ) कान्तिपुर दैनिक, २०६९, असार २६ , पृ.१२ ।
ङ) नागरिक दैनिक , २०६९, असार ३०, पृ.१० ।

कविले किराँतहरुको मौलिक संस्कृतिलाई नजिकबाट बुझेका छन् । उनी त्यसबाट अभिभूत भएका छन् र बारम्बार आफ्ना कवितामा त्यसको सन्दर्भ ल्याइरहन्छन् । [४५]

**ज्यामीपत्नीको घोषणा** सङ्ग्रहका कवितामा अमूर्त नवस्वच्छन्दतावादी अभिव्यक्ति, भावुकताको उडान, व्यङ्ग्य, प्रेमाकर्षण, सम्भोग, अविश्वास, आशा निरासा, शुन्यता, नरसंहार, हत्या, द्वन्द्वमा फसेको समाज, ग्रामीण र सहरी जीवन, जीवनको भोगाइ, अन्धकारमय परिस्थिति, पूरा हुन नसकेका सपना, मानवीय इच्छा, असन्तोषजस्ता कुराको लेखाजोखा गरेको पाइन्छ भनी शशी थापा पण्डितले विश्लेषण प्रस्तुत गरेकी छिन् । [४६]

पूर्ण इन्फादाका अनुसार कृष्णजोशीको **ज्यामीपत्नीको घोषणा** भित्रका कविताहरुले वर्तमान समाजको नग्न प्रतिबिम्ब देखाएको छ, कविताले गाँउ र सहरबीचको वास्तविक समस्या उत्खनन गर्ने काम गरेको छ । नेपाली समाजको यन्त्रणापूर्ण जीवन भोगाइको यथार्थ चित्र जोशीका कवितामा देख्न पाइन्छ । [४७]

देवेन्द्रप्रसाद उप्रेतीका अनुसार कृष्णजोशी **ज्यामीपत्नीको घोषणा** कविता सङ्ग्रहमा दिनभरि ज्याला मजदुरी गरी खाने निम्नवर्गीय महिलाले वास्तविक पीडा बोध गर्न पुग्छन् । बिम्ब र प्रतीकयुक्त भाषाशैलीको प्रयोगबाट सामाजिक यथार्थ खोतल्दै डापस्पोरिक र उत्तरआधुनिक छापसमेत कवितामा भेट्न सकिन्छ । [४८]

यसरी कवि कृष्ण जोशीका कविताका विविध विषयमा विभिन्न व्यक्तिद्वारा छिटफुट टिप्पणी एवं व्यक्तिगत मन्तव्यबाहेक गहन एवं विस्तृत रूपमा अध्ययन भएको पाइँदैन तसर्थ यस शोधकार्यमा कवि कृष्ण जोशीका हालसम्म प्रकाशित चारवटा कविता सङ्ग्रहहरुको अध्ययन गरी नेपाली कविताका क्षेत्रमा यिनले पुऱ्याएको योगदानको मूल्याङ्कन गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता

[४५] नेपाल पाक्षिक, वर्ष १३, अङ्क २, २०६९ साउन २८, पृ.१५ ।
[४६] हिमालय टाइम्स, २०६९ भदौ ९, पृ. १२ ।
[४७] अन्नपूर्ण पोष्ट, २०६९ भदौ २३, शनिवारे परिशिष्टाङ्क ।
[४८] मधुपर्क, वर्ष ४५, अङ्क १०, पूर्णाङ्क ५२५, २०६९ फागुन, पृ.६२ ।

प्रस्तुत शोधपत्रमा कृष्ण जोशीको कविताको सविस्तार विश्लेषण गर्नाका साथै उनका कविताकृति तथा प्रवृत्तिको समेत विश्लेषण गरिएकोले कृष्ण जोशीका बारेमा जान्न चाहने अध्येताहरुलाई यसले ठूलो सहयोग पुऱ्याउने छ । त्यसैगरी उनका बारेमा यसभन्दा पूर्व जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन र फाटफुट चर्चाहरु भएतापनि कवित्वसम्बन्धी कतै चर्चा नभएकोले तथा पूर्वकार्यहरुमा शोधसमस्याको समाधान नभएकोले कृष्ण जोशीको काव्याकारिताको अध्ययन औचित्यपूर्ण रहेको देखिन्छ ।

नेपाली साहित्यको कविता सिर्जनामा महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेका सर्जक कृष्ण जोशीको काव्यकारिताको हालसम्म कसैबाट अध्ययन, विश्लेषण तथा मूल्याङ्कन नगरिएको हुँदा उनका काव्यकारिताको सम्बन्धमा नेपाली साहित्य तथा समालोचना जगत अधुरो र अपूरो अवस्थामा रहेको देखिन्छ । सो को जानकारी गराइ तथ्यहरु प्रकाशमा ल्याउनु नै यस शोधकार्यको औचित्य र उपयोगिता रहेको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्य कृष्ण जोशीका वि.सं. २०७० सालसम्म प्रकाशित पुस्तकाकार कविता कृतिहरुमा मात्र केन्द्रित रहेको छ । कवि कृष्ण जोशीले कविताका अतिरिक्त उपन्यास, गीत, कथा, निबन्धजस्ता विधामा कलम चलाएका छन् तर प्रस्तुत शोधकार्यमा उनको काव्यकारिताका आयामहरुको बारेमा मात्र अध्ययन एवं, विश्लेषण प्रस्तुत गरिएको छ ।

## १.९ सामग्री सङ्कलन विधि

यस शोधकार्यको लागि आवश्यक तथ्य र सम्बद्ध अन्य सामग्रीहरु सङ्कलन गर्दा प्राथमिक र द्वितीय दुवै प्रकारका स्रोत प्रयोग गरिएको छ । प्राथमिक स्रोतअर्न्तगत स्वयं व्यक्तिलाई भेटेर अन्तर्वार्ता लिइएको छ भने द्वितीय स्रोतको रूपमा विभिन्न पुस्तक, पत्रपत्रिका तथा पुस्तकालयको अध्ययन गरिएको छ ।

## १.१० सैद्धान्तिक ढाँचा र शोधविधि

यस शोधकार्यको सैद्धान्तिक ढाँचाका रूपमा वर्णनात्मक तथा विश्लेषणत्मक समालोचना पद्धति अनुसरण गरिएको छ । कविता विश्लेषणको मुख्य आधार काव्यका तत्त्वहरुलाई

मानिएको छ । यस शोधकार्यको अध्ययन विधिअर्न्तगत कृष्ण जोशीको काव्यकारितासँग सम्बन्धित महत्त्वपूर्ण घटनावली तथा विषयहरुको कालक्रमिक रूपमा टिपोट र आवश्यक व्याख्या गरिएको छ । उनको व्यक्तित्वका विभिन्न पक्षको खोजी र विश्लेषण गरिनुका साथै हालसम्म प्रकाशित कविता कृतिहरुको अध्ययन विश्लेषण गरिएको छ । अध्ययनको क्रममा प्राप्त तथ्य तथ्याङ्क सूचनालाई सङ्कलन वर्गीकरण, विश्लेषण र मूल्याङ्कन गरी प्रस्तुत गरिने वर्णनात्मक तथा विश्लेषणात्मक अध्ययन विधि प्रयोग गरिएको छ ।

## १.११ शोधपत्रको रूपरेखा

यस शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ ।

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : कृष्ण जोशीको जीवनी र व्यक्तित्व

तेस्रो परिच्छेद : कृष्ण जोशीको साहित्ययात्रा, काव्यप्रवृत्ति र मूल्याङ्कन

चौथो परिच्छेद : कविता विश्लेषणको सैद्धान्तिक आधार

पाँचौं परिच्छेद : कृष्ण जोशीका कविता सङ्ग्रहहरुको विश्लेषण

छैंटौं परिच्छेद : उपसंहार तथा निष्कर्ष

उपर्युक्त शीर्षकहरुलाई आवश्यकताअनुसार विभिन्न उपशीर्षकहरुमा विभक्त गरिएको छ ।

## दोस्रो परिच्छेद

## कृष्ण जोशीको जीवनी र व्यक्तित्व

### २.१ कृष्ण जोशीको परिचय

आधुनिक नेपाली कविताका क्षेत्रमा स्वच्छन्दवादी तथा प्रयोगवादी कविका रूपमा स्थापित कवि कृष्ण जोशीको जन्म पिता गुमानसिंह जोशी तथा माता गणेशकुमारी जोशीका कोखबाट कान्छा छोराका रूपमा वि.सं. १९९६ साल माघ २० गते बुधबारका दिन कोशी अञ्चलको भोजपुर जिल्लाअन्तर्गत भोजपुर बजारमा भएको हो ।[५९] मध्यम वर्गीय परिवारमा जन्मिएका कृष्ण जोशीको बाल्यकाल मातापिताका साथ रमाइलोसँग बितेको देखिन्छ । आफ्ना पिता सरकारी जागिरे भएको र उनको सरुवा कहिले ओखलढुङ्गा त कहिले भोजपुरमै हुने गरेकोले कृष्ण जोशीको बाल्यकाल पनि यिनै क्षेत्रको सेरोफेरोमा घुम्दैफिर्दै बितेको देखिन्छ । जागिरको सिलसिलामा पिता गुमानसिंह जोशीको ओखलढुङ्गा अदालतमा सरुवा भएपछि कृष्ण जोशीको धेरैजसो बाल्यकाल त्यही बितेको हो । घरमै अक्षरारम्भ भएपनि हातमा बाँसको कलम र मसी च्यापेर जोशी स्कुल भर्ना भए । पिताको जागिर पुनः भोजपुर सरुवा भएपछि आठ वर्षको उमेरमा जोशीलाई भोजपुर बजारको भञ्ज्याङ पाटीमा रहेको उदय मिडील स्कुलमा भर्ना गरियो । वि.सं. २००७ सालको क्रान्तिपश्चात् भोजपुर बजारको उदय मिडिल स्कुल र टक्सार बजारको विद्याधारी मिडिल स्कुलमा सम्मिलित गराइ भोजपुर र टक्सार बजारको बीचमा वि.सं. २००८ सालमा विद्योदय हाइस्कुलको स्थापना भयो । वि.सं. २००९ सालमा पिताको मृत्यु भएपछि आर्थिक समस्या भोगेका जोशीले जसोतसो आठकक्षा उत्तीर्ण गरेको देखिन्छ । आठ कक्षा उत्तीर्ण गरेपछि आर्थिक अवस्था कमजोर भएका कारण विद्यालय जान छोडेका जोशीलाई विद्योदय हाइस्कुलका तत्कालीन प्र.अ.शरदचन्द्र शर्मा भट्टराई र सेक्रेटरी इन्द्रप्रसाद श्रेष्ठले निःशुल्क अध्ययन गर्ने अवसर मिलाइदिएपछि उनको दश कक्षासम्मको अध्ययन सहज भएको देखिन्छ । खर्चको अभावमा हाइस्कुलको विद्यार्थी हुँदा वि.स. २०१०/११ सालतिर भोजपुर बजारको बिहान बेलुका खुल्ने श्रीराम पुस्तकालयमा मासिक रु २.५० पैसामा काम गरेका जोशीले त्यस समयमा भोजपुरमा एस.एल.सी. परीक्षा दिन पाउने व्यवस्था नभएकाले वि.सं.

---

[५९] कृष्ण जोशीबाट प्राप्त जानकारीअनुसार

२०१४ सालमा काठमाडौं गएर उनले एस.एल .सी. परीक्षा दिएर द्वितीय श्रेणीमा उत्तीर्ण गरे । [50]. यसरी हेर्दा जोशीको विद्यालय शिक्षा चुनौतीपूर्ण रहेको देखिन्छ ।

वि.सं. २०१४ सालमा एस.एल.सी. उत्तीर्ण गरेका जोशीले कृषि विभागअन्तर्गत कृषि स्कुल मीनभवनबाट २ वर्षे जे.टी.ए. तालिम लिए । त्यसरी नै वि.सं २०१८ सालमा नियमित विद्यार्थीको रूपमा प्रविणता प्रमाणपत्र तह पूरा गरे । वि.सं. २०२१ सालमा स्नातक उत्तीर्ण गरेका जोशीले स्नातकोत्तर तहमा नेपाली विषयको प्रथम वर्षको परीक्षामात्र दिए तर अर्को वर्ष इ.सं. १९७० मा एकैचोटि दुबै खण्डको परीक्षा दिइ त्रिभुवन विश्वविद्यालयबाट राजनीति शास्त्रमा स्नातकोत्तर गरे । एस.एल.सी.देखि स्नातकोत्तर तह सम्म द्वितीय श्रेणीमा उत्तीर्ण हुँदै आएका जोशीले सामान्य प्रशासन मन्त्रालयमा शाखा अधिकृत पदमा कार्यरत रहँदा वि.सं. २०३७ सालमा यु.एस. एड. कार्यक्रमअन्तर्गत अमेरिकन युनिभर्सिटी लेवनान वेरुतमा एम.पि.ए. सार्वजनिक प्रशासनमा स्नातकोत्तर ) अध्ययन गर्न छात्रवृत्ति पाइ अध्ययन गरेका हुन् । [51]

कृष्ण जोशीले पाँच कक्षा उत्तीर्ण गरेपश्चात् नै केही समय शिक्षण पेशा गर्न पुगेका विद्यालय समयभन्दा बाहेकका समयमा बिहान बेलुका मासिक रु २.५० पैसा तलबका जागिर खाँदै वि.सं. २०१७ सालदेखि पूर्ण रूपमा जागिरमा आवद्ध हुन पुगेका जोशीले जे.टी.ए.(रा.प. अनं द्वितीय श्रेणी) देखि उपसचिव (राजपत्राङ्कित द्वितीय श्रेणी) पदसम्म पुगेर वि.सं. २०४९ सालमा सेवानिवृत्त भएका जोशी हाल साहित्य साधनामा तल्लीन हुनुका साथै विभिन्न सङ्घसंस्थामा आबद्ध भइ समाज सेवामा सक्रिय देखिन्छन् । [52]

जागिरे जीवनको क्रममा सहायक पञ्चायत विकास अधिकारी भइ खाँदवारीमा कार्यरत रहँदा वि.सं. २०२३ सालमा २७ वर्षको उमेरमा चैनपुर निवासी टंकप्रसाद श्रेष्ठ र अम्बा श्रेष्ठकी माइली छोरी सरस्वती श्रेष्ठका साथ दाम्पत्य जीवन सुरु गरेका जोशीका चार जना छोराहरु जन्मेका छन् । सामान्य परिवारमा जन्मेका जोशीको आफू छुट्टिएर भिन्न हुँदा पुख्यौली सम्पत्तिको रूपमा रहेको भोजपुर बजारको घर र अन्य जायजेथा आफ्नो हक कायम नरहने गरी

---

[50] पूर्ववत्

[51] पूर्ववत्

[52] पूर्ववत्

माहिला दाजु हरिप्रसाद जोशीलाई हक छाडी दिएका जोशी पैतृक सम्पत्तिप्रति आशा नराखी बरु आफ्नै कमाइले दुःख गरेर जागिरबाट प्राप्त भएको पैसाले काठमाडौंको घट्टेकुलोमा तीनतले घर बनाएर स-परिवार स्थायीरूपमा बसोवास गर्दै आएका छन् । [53]

## २.१.१ पृष्ठभूमि, प्रेरणा र प्रभाव

कृष्ण जोशीको साहित्यिक जीवन निर्माण गर्ने पृष्ठभूमि र प्रभावको रूपमा उनको बाल्यकाल बितेको ओखलढुङ्गा र भोजपुरको प्राकृतिक वातावरण, त्यहाँका मानिसहरुका सहजता र परम्परागत जीवनशैलीको प्रत्यक्ष असर परेको देखिन्छ । वि.सं. २०११ सालतिर नै भोजपुरमा अवस्थित राम पुस्तकालयमा जागिरे हुँदा त्यहाँ भएका साहित्यिक, ऐतिहासिक, धार्मिक र सामाजिक तथा अन्य विधाका पुस्तकहरु चलाउँदा, खेलाउँदा र अध्ययन गर्दा जोशीमा साहित्यिक आकर्षण पैदा भएको पाइन्छ ।

जुनसुकै साहित्यकारहरुमा कुनै लेख रचना, कविता गीत आदि सृजना गर्दा कसैको प्रभाव र प्रेरणा रहेको वा परेको हुन्छ । यसका अतिरिक्त प्रसिद्ध साहित्यकारहरुका कृतिहरुको अध्ययन गरेर पनि कतिपय साहित्यकारले साहित्य सृजना गरेको पाइन्छ । कृष्ण जोशीको लेखनकार्यप्रतिको जागरुकता पनि यस्तै विभिन्न क्षेत्र एवं व्यक्तिबाट प्रेरणा र प्रभाव प्राप्त गरेर अघि बढेको पाइन्छ । विद्योदय हाइस्कुलका तत्कालीन प्र.अ. शरदचन्द्र भट्टराईको निर्देशन,प्रेरणा र सहयोगले पनि उनको साहित्यिक व्यक्तित्वले अगाडि बढ्ने मौका पाएको देखिन्छ । त्यस्तै त्यसबेला नौ दश कक्षाको पाठ्यपुस्तकमा समावेश गरिएका वर्डस्वर्थ, सेली, किट्स, वाइरलका कविताहरु नेहरुका लेटर तथा वन्डर बुक जस्ता पुस्तकहरुको अध्ययनबाट उनी साहित्य सिर्जनामा लाग्न आकर्षित भएका थिए र त्यसरी नै नेपाली साहित्यकारहरु विश्वेश्वरप्रसाद कोइराला, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, गोपालप्रसाद रिमाल आदिका रचनाहरु अध्ययन गरी त्यसैबाट प्राप्त प्रेरणा र प्रभावको आधारमा उनको साहित्य लेखन अगाडि बढेको देखिन्छ ।

[53] पूर्ववत्

तत्कालीन समयमा हस्तलिखित साहित्यिक पत्रिका निकाल्ने रुद्र प्रधान र गजेन्द्रमणि प्रधानलाई पनि साहित्यिक प्रेरणा दिने व्यक्तिको रूपमा स्वीकार गरेका छन् । [54]

## २.१.२ लेखनारम्भ र प्रकाशित कृतिहरु

कृष्ण जोशीको लेखनकार्यको सुरुवात विद्योदय हाइस्कुलमा कक्षा आठ पढदादेखि ( वि.सं.२०११/१२) नै भएको हो । जब प्रकृतिको रमणीय दृश्यावली र समाजका विविध घटनाहरुले सर्जकका मनमा प्रभाव पार्न थाल्छ तब ती अनुभूतिलाई व्यक्त गर्न लेखनलाई माध्यम बनाइ काव्य रचना गर्न थाल्दछ । त्यस्ता मानसिक अभिव्यञ्जनहरुलाई प्रथम पटक मूर्त रूप दिएको लेख वा रचना नै लेखकको लेखन कार्यको प्रारिम्भक बिन्दु मानिन्छ । विद्यार्थी जीवनदेखि साहित्य सिर्जनामा लागेका जोशीको अहिलेसम्मको प्राप्त तथ्याङ्कको आधारमा वि.सं. २०१९ साल पौष १४ गते गोरखापत्रमा प्रकाशित *मेरो पारो विनाको ऐना* पहिलो प्रकाशित कविता हो । [55]

विद्यार्थी जीवनदेखि नै साहित्य रचना गर्न थालेका जोशीले आफूले लेखेर सङ्कलन गरेजति प्रायः सबै रचना प्रकाशित गरिसकेका छन् । उनको प्रथम पुस्तकाकार रचना **मृत्यु दोहोरिन्छ म बाँचे भने** (२०३४) उपन्यास हो । [56] यसरी उपन्यास विधाको रचना प्रथम पटक प्रकाशित गरेपनि उनको लेखन कविता विधामा फस्टाएको देखिन्छ । वि.सं. २०११/१२ सालबाट लेखनलाई निरन्तरता दिन सुरु गरेका कृष्ण जोशीले नेपाली साहित्यको उपन्यास, कविता र गीत लेखनमा कलम चलाएका हुन् । कृष्ण जोशीका प्रकाशित कृतिहरु निम्न लिखित छन्: [57]

---

[54] पूर्ववत्

[55] पूर्ववत्

[56] पूर्ववत्

[57] पूर्ववत्

| क.सं. | प्रकाशित कृतिहरु | विधा | प्रकाशन वर्ष(वि.सं.) |
|---|---|---|---|
| १. | **मृत्यु दोहोरिन्छ म बाँचे भने** | उपन्यास | २०३४ |
| २. | **विसङ्गत स्वरहरु** | गीत सङ्ग्रह | २०४९ |
| ३. | **असम्मत सम्मत** | उपन्यास | २०५१ |
| ४. | **पोखरीभित्रको शताब्दी** | कविता सङ्ग्रह | २०५४ |
| ५. | **काठमाडौं वरिपरि** | उपन्यास | २०५६ |
| ६. | **आगो समुद्र पानी समुद्र** | कविता सङ्ग्रह | २०५८ |
| ७. | **चित्रदंश** | कविता सङग्रह | २०६१ |
| ८. | **ज्यामीपत्नीको घोषणा** | कविता सङ्ग्रह | २०६९ |

## २.२ कृष्ण जोशीको व्यक्तित्व

### २.२.१ कवि व्यक्तित्व

कृष्ण जोशीले वि.सं. २०११/१२ सालतिर विद्यार्थी हुँदादेखि नै कविता लेखनको प्रारम्भ गरेका भएतापनि अहिलेसम्म प्राप्त प्रमाणको आधारमा वि.सं. २०१९ साल पौष १४ गते गोरखापत्रमा प्रकाशित *मेरो पारोविनाको ऐना* शीर्षकको कविताको माध्यमबाट औपचारिक रूपमा नेपाली काव्य साहित्यमा प्रवेश गरेका हुन् । उनका कविताहरु विभिन्न समयमा *प्रगति, उजेली, हिमानी रूपरेखा, फूलपाती, सिंहनाद, मधुपर्क,कल्पना, गरिमा, मिर्मिरे,समष्टि बगर, अभिव्यक्ति, रत्नश्री, श्रीजा, कान्तिपुर* जस्ता पत्रपत्रिकाहरुमा प्रकाशित भएपनि सबै कविताहरुलाई जोशीले कविता सङ्ग्रहमा सङ्ग्रहित गरिसकेका छन् । उनका हालसम्म **पोखरीभित्रको शताव्दी** (२०५४) **आगो समुद्र पानी समुद्र** (२०५८,) **चित्रदंश** (२०६१) र **ज्यामीपत्नीको घोषणा** (२०६९) कविता सङ्ग्रहहरु प्रकाशित छन् ।

उनका कवितामा राजनैतिक विसङ्गति, सामाजिक विकृतिप्रति तीव्र असन्तोष, यथार्थवादी चेत, मानवतावादी चिन्तन, देशभक्तिको भावना, निराशता, कुण्ठा, व्यङ्ग्य, आञ्चालिकता, यौन, प्रकृतिचित्रणजस्ता कुराहरु अभिव्यञ्जित भएको पाइन्छ । पहिलो र दोस्रो

कविता सङ्ग्रह अध्ययन गर्दा लेखनको सरल बाटो समातेर जीवनका आशा र निराशाहरुलाई विषयवस्तु वनाएको देखिन्छ । [५८] उनका पछिल्ला सङ्ग्रहका कविताहरुमा नवीन बिम्ब र प्रतीकको प्रयोग पाइन्छ भने उनका कविताहरुले स्वैर कल्पनालाई समाउँदै समाजका सामाजिक,आर्थिक, राजनीतिक, समसामायिक विषयलाई कविताको विषयवस्तु बनाएका छन् । [५९] यसरी कृष्ण जोशीका सम्पूर्ण कविताहरुलाई हेर्दा उनका कवितामा कतै मानवजीवनको अस्तित्वको खोजी गरिएको छ भने कतै प्रकृतिचित्रण, मानवतावादी चिन्तन, विद्रोह, व्यङ्ग्य, निराशा पाइन्छ । कविले देखे भोगेका अनुभवजन्य कुराहरुलाई कविताको विषयवस्तु बनाइ कविता रचना गरेका छन् । समाजमा व्याप्त विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गर्दै शान्तिपूर्ण सहअस्तित्व र सामाजिक राजनैतिक तथा धार्मिक सुधारका आकाङ्क्षा पनि उनका कवितामा व्यक्त भएका छन् । उनका पछिल्ला कविता सङ्ग्रहहरुमा शैलीगत नवीनता जटिल र किल्ष्ट भाषा शैलीको प्रयोग तथा स्वैर कल्पनात्मक विषयवस्तुको प्रयोग भएको पाइन्छ ।

### २.२.२ उपन्यासकार व्यक्तित्व

कृष्ण जोशी आरम्भमा कविता र नाटकबाट साहित्यिक क्षेत्रमा प्रवेश गरेका हुन् । यिनले कविता, नाटक, गीत सँगसँगै उपन्यास बिधामा पनि कलम चलाएका छन् । उनको प्रथम उपन्यास **मृत्यु दोहोरिन्छ म बाँचे भने** (२०३४) हो । यो उपन्यास नेपाली समाजमा घटिरहेको यथार्थ घटना र त्यसबाट उत्पन्न समस्यासँग सम्बन्धित भएकाले **मृत्यु दोहोरिन्छ म बाँचे भने** उपन्यासलाई आदर्शोन्मुख यथार्थवादी सामाजिक उपन्यासका रूपमा लिन सकिन्छ । यिनको दोस्रो उपन्यास **असम्मत सम्मत** (२०५१) समकालीन नेपाली समाजको यथार्थ चित्रण प्रस्तुत गर्न सफल छ । यौन, प्रकृतिचित्रण, विद्रोह, विसङ्गति मानसिक अन्तरद्वन्द्व ग्रामीण समाजमा पाइने अन्धविश्वास गरिवी, अशिक्षा जस्ता विषयहरुलाई संस्मरणात्मक शैलीमा विचारोत्तेजक रूपमा चित्रण गर्नुका साथै नेपालको तत्कालीन प्रशासन व्यवस्थापनमा रहेका कमी कमजोरीप्रति व्यङ्ग्य गरेका छन् । तेस्रो उपन्यास **काठमाडौंवरिपरि** (२०५६) ले विविध विषयवस्तुलाई समेटेको छ । विश्व २० औं शताव्दीलाई बिदा दिएर २१ औ शताव्दीलाई स्वागत

---

[५८] कृष्ण जोशी, **पोखरीभित्रको शताव्दी**, ललितपुर, साझा प्रकाशन, २०५४ भूमिका ।
[५९] कृष्ण जोशी, **ज्यामीपत्नीको घोषणा,** वासुशशी स्मृति परिषद्, काठमाडौं २०६९ भूमिका ।

गरिरहेको बेला नेपाल लगायत तेस्रो मुलुकका राष्ट्रहरु विकृति, विसङ्गति, राजनीतिक अन्यौलजस्ता आफ्नै समस्यामा अल्झिरहेको हुँदा यस राष्ट्रहरुले २१ औं शताव्दीलाई के कसरी वरण गर्ने छन् ? भन्ने जिज्ञासा उठाएर उपन्यासलाई अन्तर्राष्ट्रिय स्तरतिर उन्मुख बनाइएको छ । उपन्यासमा धर्म,पाप, देवता र मानव बीच द्वन्द्व देखाएर अस्तित्वको खोजी गरिरहेको छ । यसका अतिरिक्त काठमाडौंको परिवेशमा आफ्नो परिचय नबोकेका केही उच्च वर्ग र अति न्यून वर्गका नारीहरुको दुःखपूर्ण चित्रण छ । उनको यो उपन्यासले वर्तमान समाज, त्यसभित्रका विसङ्गतिहरु र नारी मोहलाई व्यङ्ग्य गरेर त्यसभित्रका नराम्रा पक्षहरुलाई हटाउने सन्देश दिएको छ ।[60]

यसरी उपन्यासका क्षेत्रमा आफ्नो छुट्टै व्यक्तित्व कायम राख्न सफल जोशीले यौन, सामाजिक यथार्थ, प्रकृतिचित्रण, विद्रोह, विसङ्गति, द्वन्द्व, नुतन शैली, सहज लेखनशीलता अङ्गालेर समाज सुधारका सन्देश देखी नारी पुरुषको सन्देहात्मक पक्षलाई समेत सुधार गर्नुपर्ने कुरालाई आफ्ना समग्र उपन्यासका विषयवस्तु बनाएका छन् ।

### २.२.३ गीतकार व्यक्तित्व

कृष्ण जोशीले वि.सं. २०२२ सालदेखि गीत रचना गर्न थालेका हुन् । प्रकाश गुरुङ्गको सङ्गीतमा सुकमित गुरुङ्गले गाएको *शून्य छ रात यो* बोलको गीत नै उनको पहिलो गीत हो ।[61] जीवनका उकाली ओरालीहरुमा आइपर्ने घातप्रतिघातलाई विषयवस्तु बनाइ गीत रचना गर्ने जोशीका गीतहरु वि.सं. २०२४/२५ सालतिर इलामबाट निस्कने *सौगात,* मेची र झापाबाट निस्कने *पञ्चामृत* पत्रिकामा छापिएका पाइन्छन् । वि.सं.२०२२ सालदेखि गीत रचनामा लागेका जोशीका विभिन्न समयमा पत्रपत्रिकाहरुमा छापिएका र नछापिएका गीतहरु सङ्कलन गरी एउटा गीत सङ्ग्रह **विसङ्गत स्वरहरु** (२०४९) प्रकाशित भएको छ । उक्त गीत सङ्ग्रह भित्रका आधुनिक गीत हरु केहीलाई छोडेर अन्य गीतहरु स्तरीय नै छन् र तारा देवी सुकमित गुरुङ्ग आदि नेपाली गायन क्षेत्रमा स्थापित कलाकारहरुको सुरिलो कण्ठले गाइसकेका छन् ।

[60] सोम सानु, रविवार साप्ताहिक, काठमाडौं, वर्ष ३, अङ्क २३, २०५६ ।
[61] कैलाश भण्डारी, सुगन्ध मासिक,काठ-वर्ष १५ अङ्क १६९/७०,असोज कार्तिक २०५२, पृ.४४ ।

**विसङ्गत स्वरहरु** (२०४९) गीत सङ्ग्रह कृष्ण जोशीको साहित्यिक यात्राको दोस्रो कृति हो । यस सङ्ग्रहमा ७५ वटा गीतहरु सङ्कलित छन् । दुई अन्तरादेखि चार अन्तरासम्मका यस गीत सङ्ग्रहका गीतहरु हालका आधुनिक गीतसँग मेल खाएपनि कतिपय गीतहरुमा भाव अनुरूपका अनुप्रास समुचित रूपले हुन नसकेकोले पद्यात्मकभन्दा गद्यात्मक हुन पुगेका छन् । प्रस्तुत गीत सङ्ग्रहका कतिपय गीतहरुका प्रथम पङ्क्ति ज्यादै राम्रा छन्  तर तिनको दाँजोमा पछिल्ला पङ्क्तिहरुले अभिव्यक्तिको उचाइ छुन सकेका छैनन् ।[६२] प्रस्तुत गीत सङ्ग्रहका गीतहरुमा जोशीले जीवनका शास्वत पक्षहरु प्रेम, विरह, विसङ्गति, यौन आदिलाई सरल र सहज किसिमले परम्पराभन्दा भिन्न शैलीमा प्रस्तुत गरेका छन् । परिमार्जनको केही अभावको कारण उनका यस गीत सङ्ग्रहका धेरै गीतहरु रेकर्ड हुन सकेका छैनन् । प्रस्तुत गीत सङ्ग्रहका प्रायः सबै गीतका प्रथम पङ्क्ति र केही अन्य पङ्क्तिहरुलाई हेर्दा जोशीमा प्रभावशाली गीतकारको  सम्भावना रहेको देखिन्छ ।

## २.२.४. कथाकार व्यक्तित्व

कृष्ण जोशी विद्यार्थी अवस्थादेखि नै बालकथाहरु लेख्ने गर्दथे तर विद्यार्थी जीवनपछि उनको कलम कथा विधामा भन्दा बढी अरु विधामा चलेको पाइन्छ । त्यसैले सङ्ग्रहको रूपमा भने यिनका कथाहरु प्रकाशित भएका छैनन् । सामाजिक विषयवस्तु र नवीन भाव भूमिलाई अँगालेर लेखेका अनेकौं कथाहरु फुटकर रूपमा विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् ।[६३] नेपाली साहित्य समिति झापाबाट प्रकाशित **मुना** (२०२५) मा *अब म नाम राखिदिन्छु षष्टिका* शीर्षकको उनको एकमात्र कथा हालसम्म प्राप्त छ । रोमाञ्चक प्रेमभावको विषयवस्तु प्रयोग गरिएको यस कथामा बिम्ब, प्रतीक,प्रकृतिचित्रण, निम्न मध्यमवर्गीय पात्रको प्रयोग भएको छ । भाषा शैलीको प्रयोगमा सहजता, सरलता एवं संवादात्मकता र वर्णनात्मकता पाइन्छ ।

---

[६२] कृष्ण जोशी, **विसङ्गत स्वरहरु**, सरस्वती जोशी, प्रथम संस्कारण, २०४९, भूमिका खण्ड ।

[६३] विप्लव ढकाल, **भोजपुर साहित्यिक  रूपरेखा**, सरस्वती सुन्दास, प्र.सं. २०४९, पृ. ४० ।

## २.२.५ नाटककार व्यक्तित्व

कृष्ण जोशीले हाइस्कुलको विद्यार्थी हुँदादेखि नै नाटक, एकाङ्कीहरु मञ्चन गर्ने गरेको पाइन्छ । वि.सं. २०१८ सालमा यिनीद्वारा लिखित एवं निर्देशित नाटक *घायल* त्यसबेला निकै लोकप्रिय रहेको थियो । [६५]त्यस समयमा उनले धेरै हस्तलिखित नाटकहरु लेखेर आफ्नै निर्देशनमा आफू स्वयंले पनि अभिनय गरेका थिए । उनको पुस्तककार नाट्यकृति प्रकाशित भएको पाइँदैन । वि.सं. २०१८ सालमा लिखित *समाज* नामक हस्तलिखित सामाजिक नाटकबाहेक उनका अन्य कुनैपनि नाटक र एकाङ्कीहरु प्राप्त छैनन् ।

सामाजिक तथा राजनीतिक परिवेशलाई आधार बनाइ लेखिएको *समाज* नाटकमा ग्रामीण समाजमा हुने अन्याय, शोषण,  व्यङ्ग्य, प्रेम आदि विषयवस्तुहरु छन् । कोही धनी, कोही गरिब, कोही जाली आदि प्रवृत्ति समाजमा विद्यमान रहेको कुरालाई नाटकीय रूप दिइ लेखिएको यस नाटकमा परिमार्जनका कारण केही कमी कमजोरीहरु देखिन्छन् । पाण्डुलिपि अवस्थामा रहेको *समाज* नाटकले तत्कालीन समसामयिक समाज, सामाजिक व्यवस्था र संस्कारप्रति व्यङ्ग्य प्रहार गर्न सफलता प्राप्त गर्नुका साथै अधिकांश गरिब निमुखाहरुप्रति गरिएको अन्याय, अत्याचारको नाङ्गो रूपलाई पनि उजागर गरेको छ । यसरी कृष्ण जोशी नेपाली साहित्याकाशमा एक आभ्यासिक नाटककारका रूपमा समेत देखापर्छन् ।

## २.२.६. निबन्धकार व्यक्तित्व

कृष्ण जोशी निबन्धकार पनि हुन् । उनी विद्यार्थी हुँदा विद्यालयमा साहित्यिक गोष्ठी एवं कविता र निबन्ध प्रतियोगिताहरु बारम्बार हुने गर्थ्यो । यस्तै वातावरणले उनलाई कविता नाटक, निबन्ध लेखनमा प्रेरणा प्राप्त भएको पाइन्छ  तर साहित्यका अन्य विधाहरुमा भन्दा निबन्ध विधामा यिनको कलम कम चलेको पाइन्छ । विभिन्न पत्रपत्रिकाहरुमा यिनले निबन्धहरु लेखेर प्रकाशित गरेका तर सङ्ग्रहका रूपमा चाहिँ प्रकाशित गरेको पाइँदैन । हाल उनको

[६५] विप्लव ढकाल, पूर्ववत्, पृ. ५९ ।

हस्तलिखित *छाँगो* र सामयिक साहित्य सङ्कलन पत्रिकामा प्रकाशित *म चैनपुर जाँदा* यात्रा संस्मरणात्मक निबन्ध मात्र प्राप्त छ । [65]

## २.२.७. सम्पादक व्यक्तित्व

कृष्ण जोशीको व्यक्तित्वका विभिन्न पाटाहरुमध्ये सम्पादक व्यक्तित्व पनि एक हो । वि.सं.२०१३ सालमा बालबालिकाहरुको सक्रियतामा बालसाहित्य मण्डलबाट बी.बी. सुन्दास र कृष्ण जोशीको प्रधानसम्पादन तथा गजेन्द्रमणि प्रधान र डबल दुःखीको सम्पादनमा **बालसाहित्य** त्रैमासिक करिब ६ अङ्कसम्म निस्किएको थियो ।[66] त्यसै गरी वि.सं. २०१५ सालमा **पँधेरो** (त्रैमासिक) कृष्ण जोशीको सम्पादनमा, वि.सं. २०१९ सालमा **फूलबारी** (त्रैमासिक) कृष्ण जोशी र शैलेन्द्र साकारको सहसम्पादनमा, वि.सं. २०२० सालमा **कविता कुञ्ज** (द्वैमासिक) कृष्ण जोशी, परशु प्रधान र गणेश रसिकको सम्पादनमा, वि.सं. २०२१ सालमा गद्य विधातर्फ कृष्ण जोशी र पद्य विधातर्फ शैलेन्द्र साकारको सहसम्पादनमा **साहित्य सेमिनार** अङ्क, वि.सं. २०२१ सालमा **भोजपुरका कविता** कृष्ण जोशीको सम्पादनमा, वि.सं. २०५३ सालमा **२००७ सालको क्रान्ति र नारदमुनि थुलुङ्ग** परशुराम प्रधान र कृष्ण जोशी संयुक्त सम्पादक भइ कार्य गरिसकेका जोशीले वि.सं. २०५४ सालमा हरि मञ्जुश्रीको सहयोगमा स्वर्गीय श्रीविक्रम राणाको **घाउका फूलहरु** गीत सङ्ग्रहको पनि सम्पादन गरेका छन् । त्यसै गरी जोशीले वि.सं. २०५७ सालमा **बिर्सेका अनुहारहरु बिर्सन नसकिएका घटनाहरु**को प्रकाशन समितिमा रही कार्य सम्पादन र वि.सं. २०६० सालमा **कवितामा काठमाडौं** कविता सङ्ग्रहको पनि प्रधान सम्पादकको रूपमा काम गरेका छन् । [67]

यसरी कृष्ण जोशीले साहित्यिक पत्रिकादेखि साहित्येत्तर पत्रिका र पुस्तकसम्मको सम्पादक, सह सम्पादक भएर काम गर्दै आएको पाइन्छ । विभिन्न पत्रपत्रिकाहरुको सम्पादन तथा पुस्तकको सम्पादकीय लेखहरुबाट यिनको निर्भिक, तटस्थ र मूल्याङ्कन क्षयमतायुक्त व्यक्तित्व देखापर्छ ।

---

[65] शुभ सफूकुथिक पुस्तकालय (नयाँ बानेश्वरमा सुरक्षित) ।
[66] विप्लव ढकाल, पूर्ववत्, पृ. ४६ ।
[67] कृष्ण जोशीको बायोडाटाबाट प्राप्त जानकारीअनुसार

### २.२.८ विविध व्यक्तित्व

वि.सं. २०१७ सालदेखि वि.सं. २०४९ सालसम्म सरकारी सेवामा काम गर्दा जोशीले धेरै समय दुर्गम जिल्लाहरुमा बस्नु पऱ्यो । उनले जागिरको सिलसिलामा आफू सम्बद्ध भएको क्षेत्रको श्रीबृद्धिमा महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ । नोकरीको अधिकांश समय विकास प्रशासनसँग सम्बन्धित रहेको हुँदा स्थानीय योजना निर्माण, छनौट, सञ्चालन, निरीक्षण तथा जनसहभागिता जुटाउने कार्यमा उनले उल्लेखनीय भूमिका निभाएका छन् । उनी विकेन्द्रीकरणको मुख्य कार्य थलो जिल्ला पञ्चायत सचिवालय र जिल्ला विकास समितिको कार्यालयमा धेरै समय कार्यरत रहेकाले विकेन्द्रीकरणको अवधारणा अनुरूप पूर्वाधार खडा गर्ने, योजना कार्यान्वयन तथा व्यवस्थापनमा समेत उनको महत्त्वपूर्ण योगदान रहेको पाइन्छ जसले जोशीको जागिरे व्यक्तित्वलाई दर्शाउँछ ।

जोशी साहित्येतर लेखक व्यक्तित्वका रूपमा समेत चिनिएका छन् । उनको वि.सं. २०३६ सालमा प्रकाशित **सार्वजनिक प्रशासन आधुनिक अध्ययन** अनुसन्धानात्मक कृति नवौं संस्करण प्रकाशित भइसकेको छ । उक्त कृतिलाई त्रिभुवन विश्वविद्यालय अनुसन्धान महाशाखाले वि.सं. २०३७ सालमा 'क' श्रेणीको अनुसन्धानात्मक कृतिको रूपमा मूल्याङ्कन गरेको छ ।[६४] त्यसै गरी उनले समाज सुधारलाई पनि आफ्नो कार्यक्षेत्र बनाएका छन् । वि.सं. २०४४ सालदेखि  वि.सं. २०४६ सालसम्म युवाकवि सिद्धिचरण प्रतिष्ठानको साधारण सदस्य रहेका जोशीले वि.सं.२०४९ सालदेखि वि.सं. २०५२ सालसम्म नेपाल जन प्रशासन सङ्घको कार्यकारी सदस्य भएर काम गरे । वासु शशी स्मृति परिषद्को वि.सं. २०५० देखि हालसम्म सदस्य, वि.सं. २०५१ सालदेखि हालसम्म नारदमुनि थुलुङ्ग स्मृति परिषद्को महासचिव, वि.सं. २०५५ सालदेखि हालसम्म ईश्वर बराल प्रज्ञा निकेतनको सदस्यसचिव, वि.सं. २०५६ सालदेखि हालसम्म महानन्द साहित्य मन्दिरको सदस्य रही काम गर्दै आएका जोशी परिशीलन,वाणी प्रकाशनसँग समेत सम्बन्धित छन् । उनी सुगन्ध मासिक, जनप्रशासन सङ्घ र नेपाल

---

[६४] कृष्ण जोशी **सार्वजनिक प्रशासन आधुनिक अध्ययन**, रत्नपुस्तक भण्डार, आठौं संस्करण २०५३ प्रकाशकीय ।

रेडक्रसको आजीवन सदस्य रहेका छन् ।[६९] यसबाट जोशीको समाज सुधारक व्यक्तित्व झल्किन्छ ।

वि.सं. २०१८ सालमा कृष्ण जोशीद्वारा लिखित एवं निर्देशित पूर्णाङ्की नाटक *घायल* त्यस बेला निकै लोकप्रिय रहेको थियो ।  यस कथनबाट जोशीमा निर्देशक व्यक्तित्व पनि रहेको पाइन्छ । त्यस्तै त्यसबखत भोजपुरमा *मुकुन्द इन्दिरा , सहनशीला सुशीला, महाभारत* र अन्य हस्तलिखित नाटकहरु बारम्बार मञ्चन हुने गर्दथ्यो । कृष्ण जोशी स्कुल बिदा भएर साथीहरुसँग फर्किदा घरमा नै नपुगी टुँडिखेलमा नाटक मञ्चन गर्दथे । त्यस बखत स्त्री कलाकारको अभाव भएकाले स्त्री पात्रको भूमिकामा सधै जोशीले नै अभिनय गर्दथे र स्त्री पात्रको भूमिका उनलाई असाध्यै सुहाउँथ्यो । यसरी जोशीको कलाकार व्यक्तित्व पनि झल्किन्छ । कुनै पनि राजनीतिक दलसँग सम्बद्ध नभए पनि शासन व्यवस्था प्रजातान्त्रिक हुनुपर्दछ  भन्ने मान्यता राख्ने जोशी प्रत्यक्ष रूपमा नभएर अप्रत्यक्ष रूपमा राजनीतिमा रहेकाले राजनीतिक  राष्ट्रवादी व्यक्तित्व पनि उनमा पाइन्छ । यी सम्पूर्ण व्यक्तित्वहरुलाई हेर्दा कृष्ण जोशीलाई बहुव्यक्तित्वका धनी भन्न सकिन्छ ।

[६९] कृष्ण जोशीको व्यक्तिगत विवरण (बायोडाटा) बाट प्राप्त जानकारीअनुसार

# तेस्रो परिच्छेद

# कृष्ण जोशीको साहित्ययात्रा, काव्यप्रवृत्ति र मूल्याङ्कन

## ३.१ साहित्ययात्रा र चरण विभाजन

कृष्ण जोशीको ७५ वर्षीय जीवन अवधिलाई हेर्दा उनको जीवनचक्र विभिन्न परिवेश माभm गुज्रेको देखिन्छ । खासगरी विद्यार्थी अवस्थामा विद्यालयमा बारम्बार भइरहने गोष्ठी एवं कविता र निबन्ध प्रतियोगिता आदि विभिन्न साहित्यिक गतिविधि जस्ता पृष्ठभूमिले उनको मनमष्तिस्कमा उल्लेखनीय प्रभाव पारेको पाइन्छ । त्यसैकारण साहित्यतर्फ उन्मुख भएका कृष्ण जोशीले समाजमा भएका अन्याय अत्याचारलाई प्रत्यक्ष रूपमा देखेका, भोगेका र अनुभव गरेको हुनाले त्यसको विरोधमा उनले लेख्न सुरु गरेका हुन् भन्न सकिन्छ । उनका कविता, गीत, उपन्यास नाटकमा सामन्ती संस्कार विकृति विसङ्गति  आदिको विरोध गरिएको छ । यिनै जीवनका घातप्रतिघात चापप्रतिचाप तथा आन्तरिक र बाह्य वातावरणबाट उनको सामाजिक, भाषिक, सांस्कृतिक, सम्पादक व्यक्तित्व निर्माण भएको पाइन्छ  भने साहित्यिक व्यक्तित्वमा कवि, गीतकार उपन्यासकार, नाटककार, कथाकार, निबन्धकार आदिको निर्माण चाहिँ उनमा रहेको नैसर्गिक प्रतिभा, निरन्तर अध्ययन र क्रमिक लेखनको अभ्यासबाट भएको बुझिन्छ ।

कुनै पनि सर्जकको साहित्यिक यात्राको चरण विभाजनका निमित्त केही प्रमुख आधारहरु हुन्छन् । सिर्जनाका क्रममा देखिएका विभिन्न प्रवृत्तिगत परिवर्तन, सिर्जनात्मक परिणाम, शैलीशिल्प आदिको स्तरीयता, धारागत अर्न्तविकास र सिर्जनात्मक कृतिको आधारमा कुनै पनि सर्जकको साहित्यिक यात्रालाई चरणगत रूपमा विभाजन गर्न सकिन्छ । [७०]कृष्ण जोशीको साहित्यिक यात्राको चरण विभाजन लेखन प्राप्तिको आधारमा मुख्यतया तीन चरणमा निम्नानुसार गरिएको छ :

**क) प्रथम चरण (वि.सं. २०१९-२०३३)आभ्यासिक चरण**

**ख) दोस्रो चरण (वि.सं २०३४-२०५७) विकास चरण**

---

[७०] खगेन्द्रप्रसाद लुईंटेल, **क्षेत्रप्रताप अधिकारीको काव्य प्रकृति**, अप्रकाशित शोधपत्र, नेपाली केन्द्रीय विभाग २०४६, पृ. १०० ।

**ग) तेस्रो चरण (वि.सं. २०५८-हाल सम्म) उत्कर्ष चरण**

उपर्युक्त विभाजित चरणहरुको सङ्क्षिप्त परिचय तल प्रस्तुत गरिएको छ ।

## क) प्रथम चरण (वि.सं. २०१९-२०३३) : आभ्यासिक चरण

कृष्ण जोशीले बाल्यावस्थादेखि नै कविता नाटक कथा आदि लेख्न थाले पनि वि.सं. २०१९ सालदेखि मात्र फुटकर रूपमा कविता र कथाहरु पत्रपत्रिकामा प्रकाशन भएको पाइन्छ । सर्वप्रथम वि.सं. २०११ /१२ सालमा *ट्याम्के* शीर्षकको कविता लेखेको भएतापनि उक्त कविता हालसम्म प्राप्त हुने नसकेको र हालसम्म प्राप्त प्रमाण तथा प्रकाशनका दृष्टिले समेत वि.सं.२०१९ सालमा गोरखापत्रमा प्रकाशित *मेरो पारो विनाको ऐना* शीर्षकको कविताबाट उनको साहित्य लेखन सुरु भएको मानिन्छ । प्रारम्भिक अवस्थाबाटै गद्य लयमा कविता लेख्न मन पराउने जोशीले प्रथम चरण तथा द्वितीय चरण हुँदै तृतीय चरणसम्म पनि सोही लयलाई आत्मसाथ गरेको पाइन्छ । प्रथम चरणमा जोशीको कुनै पनि विधामा पुस्तकाकार कृति प्रकाशित नभए पनि फुटकर रूपमा कविता, गीत,कथा, निबन्ध आदि प्रकाशित भएका छन् । यस चरणमा उनका कविताहरु *मेरो पारो बिनाको ऐना* (**गोरखापत्र २०१९**) *बैसालु बैंस* ( **प्रकाशन** २०२०), *बिहान र मरण* (**हिमानी** २०२०), *विवश छु जिन्दगी एउटा कोरियाभित्र* ( **फूलपाती २०२१**), *डुल्न जाऊँ किनारतिर* (**भोजपुरका कविता २०२१**), *जीवन पाहुना हो एक दिनको* (**रचना २०२५**), *मुटुको व्यथा* ( **मेची २०२५**), *अस्तित्व स्वीकार गरेर पहिरोको* -**कल्पना २०२७**), *गीतहरु नलुक तिमी अझ आँखा लोभिन्छन्* तथा *नहेर कहीँ आँखा जुध्न सक्छन्* ( **सौगात २०२५**), *अब म नाम राखिदिन्छु षष्टिका* (**मुना २०२५**) र *म चैनपुर जाँदा* यात्रा संस्मरणात्मक निबन्ध (*छाँगो,* हस्तलिखित,२०२०) आदि प्रकाशित भएका देखिन्छन् । यिनै कविता, गीत कथा, निबन्धहरुमार्फत उनले देश र समाजका विकृति र विसङ्गतिलाई औंल्याउने काम गरेका छन् । यस अवधिका उनका रचनाहरुमा शृङ्गार र विद्रोहात्मक दुवै स्वर पाइन्छ । प्रथम चरण उनको आभ्यासिक चरणसमेत भएकोले यस चरणका उनका गीत, कथा र निबन्धहरुले काव्यात्मक उचाइ लिन सकेका छैनन् तर कविताहरु भने काव्यात्मक उचाइतर्फ उन्मुख रहेका देखिन्छन् ।

प्रथम चरणका जोशीका केही कविताहरु श्रृङ्गारिकतालाई अँगालेर लेखिएका छन् भने उनका कवितामा राष्ट्रियता देशप्रेमको भावना समेत पाइन्छ । बिम्ब र प्रतीकहरुको अधिक प्रयोग भएका उनका कविताले विश्वमा युद्ध हुन गएको कारणलाई व्यङ्ग्य गर्दै विश्वशान्तिको कामनासहित शान्तिको सन्देश दिएका छन् । कृष्ण जोशीको कविता यात्राको प्रथम चरण नैराश्यता,कुण्ठा, तत्कालीन सामाजिक राजनीतिक व्यवस्थाप्रतिको असहमति र त्यसले सिर्जना गरेका भावनात्मक संवेगहरुबाट सुरु भएको पाइन्छ । यसरी कृष्ण जोशीको साहित्य यात्राको प्रथम चरणमा केही श्रृङ्गारिकता, राष्ट्रियता, मानवता, व्यङ्ग्य, कुण्ठा, नैराश्य जस्ता विषयवस्तुहरु कवितामा प्रस्तुत भएका छन् । निष्कर्षतः यस चरणका उनका कवितामा केही नैराश्य भाव झल्केपनि जोशीलाई आशावादी कवि मान्न सकिन्छ ।

### ख) दोस्रो चरण (वि.सं. २०३४-२०५७) : विकास चरण

कृष्ण जोशीको साहित्य यात्राको दोस्रो चरण वि.सं. २०३४ सालमा उनको पहिलो पुस्तकाकार औपन्यासिक कृति **मृत्यु  दोहोरिन्छ म बाँचे भने** को प्रकाशन भएपछि सुरु भएको मानिन्छ । यसरी प्रथम चरणमा भन्दा भिन्न उपन्यास विधामा कलम चलाइ विकास चरणमा प्रवेश गरेका जोशीले यस चरणमा तीनवटा औपन्यासिक कृति, एउटा गीत सङ्ग्रह र एउटा कविता सङ्ग्रह प्रकाशन गर्न सफल भएका छन् । उनका विकास चरणका कृतिहरु यसप्रकार छन् :

**१) मृत्यु दोहोरिन्छ म बाँचे भने (उपन्यास) २०३४**

**२) विसङ्गत स्वरहरु (गीत सङ्ग्रह) २०४९**

**३) असम्मत-सम्मत (उपन्यास)  २०५१**

**४) पोखरीभित्रको शताब्दी (कविता सङ्ग्रह) २०५४**

**५) काठमाडौंवरिपरि (उपन्यास) २०५६**

यसरी आभ्यासिक चरणबाट विकास चरणतिर प्रवेश गर्ने क्रममा कृष्ण जोशीले साहित्य लेखनमा उत्सुकता देखाइ विभिन्न नूतन शैली अपनाएर नेपाली साहित्यलाई थुप्रै साहित्यिक कृतिहरु दिन सफल भएका छन् । देश र समाजका जल्दाबल्दा समस्यालाई विषयवस्तु बनाइ

साहित्य सिर्जना गर्ने जोशीले आफ्ना सिर्जनाहरुमार्फत समाजलाई सचेत गराउने काम गरेका छन् । यस कालमा जोशीको लेखनकला सापेक्षित रूपले बौद्धिक, परिष्कृत र परिमार्जित बन्दै गएको छ । कृतिहरुमा पाइने समाज सुधार, राष्ट्रियता, प्रकृति चित्रण, देशभक्तिको भावना, सामाजिक विसङ्गति, यौन मनोविज्ञान, यथार्थवादी चेत र मानवतावादी स्वर आदिको कारणले पनि यिनी नेपाली साहित्य जगतमा परिचित बनेको देखिन्छ ।

साहित्यकार कृष्ण जोशीको दोस्रो चरणमा सिर्जना भएका कृतिमध्ये प्रथम कृति **मृत्यु दोहोरिन्छ म बाँचे भने** उपन्यास हो । यस कृतिले पुरुषद्वारा नारीमाथि गरिने निकृष्ट प्रवृत्ति र नामर्दीपनलाई प्रस्तुत गरेको छ । एउटा पुरुषमा यस्तो प्रवृत्ति हुनु मर्नु बराबर हो, उसले बाँच्नुको कुनै औचित्य छैन । ऊ बाँच्नु भनेको एकपटक मरिसकेकी विणा जस्ता नारीको मृत्युलाई दोहोऱ्याउनु मात्र हो भन्ने कुराहरुलाई प्रेमको वासनात्मक आग्रहमा सामाजिक यथार्थपरक ढङ्गले यस उपन्यासले चित्रण गरेको छ । दोस्रो कृति **विसङ्गत स्वरहरु** गीत सङ्ग्रहले जोशीको मनभित्र रहेका प्रेमभाव र त्यसको अन्तरक्रियाबाट उत्पन्न हुने आशा निराशा एवं घातप्रतिघातलाई प्रस्तुत गरेको छ । जोशीका कतिपय गीतमा बोल र अन्तराबीचको सम्बन्ध आवश्यक रूपमा प्रगाढ हुन सकेको छैन साथै गीतका पङ्क्तिहरुमा समानता हुनु पर्नेमा त्यो हुन सकेको छैन साथै गीतको स्थायी मूलभावलाई अन्तराले स्पष्ट गर्नु पर्नेमा जोशीका गीतहरुमा अन्तराको प्रयोग त्यस रूपमा भएको पाइँदैन । यसरी परम्पराभन्दा भिन्न शैलीका गीत रचना गरेर प्रयोगवादी गीतकारका रूपमा जोशीले आफूलाई उभ्याउन खोजेका छन् ।

कृष्ण जोशीको यस विकास चरणको तेस्रो कृति **असम्मत-सम्मत** उपन्यास हो । यौनलाई मुख्य विषयवस्तु बनाएको यस उपन्यासले यौन समस्याबाट पीडित मानव नै आधुनिक समाजको प्रमुख समस्या रहेको कुरालाई चित्रण गरेको छ । त्यसरी नै कर्मचारीतन्त्रमा व्याप्त नातावाद, कृपावाद, चाकरी, चाप्लुसी जस्ता प्रवृत्तिलाई पनि उपन्यासमा स्पष्ट रूपमा प्रस्तुत गरिएको छ । यस उपन्यासमा लेखकले आफ्नो प्रशासनिक कार्यक्षेत्रमा देखे घुमेका ठाउँहरुलाई उपन्यासको परिवेश बनाएका छन् भने सरकारी र गैरसरकारी संस्थाको कार्यप्रतिको जिम्मेवारी बोधलाई प्रश्न उठाउँदै आजको मान्छेको संवेदन शून्यतालाई देखाउनु यस उपन्यासको मुख्य उद्देश्य रहेको देखिन्छ । जोशीको यसै चरणको चौथो कृति **पोखरीभित्रको शताब्दी** कविता

सङ्ग्रह हो ।यस कविता सङ्ग्रहमा विभिन्न पत्रपत्रिकामा प्रकाशित फुटकर कविताहरु सङ्कलित छन् । वि.सं. २०१९ सालदेखि वि.सं. २०५४ सालसम्मका जम्मा ४१ वटा चुनिएका कविताहरु सङ्ग्रहित यस सङ्ग्रहभित्रका कविताहरुमा श्रृङ्गार,विद्रोह, निराशावादी स्वर पाइन्छ । जोशीका पछिल्लो समयका कविताहरु प्रयोगधर्मी भएकाले केही जटिल छन् तापनि अन्य कविताहरुमा श्रृङ्गारिकताका साथै सामाजिक,राजनीतिक, सांस्कृतिक एवं धार्मिक विसङ्गति, प्रकृतिचित्रण, देशप्रेमका अत्तिरिक्त विद्रोहात्मक स्वर तथा राष्ट्रवादी र मानवतावादी भावना मुखरित भएको पाइन्छ । कृष्ण जोशीको साहित्य यात्राको विकास चरणको अन्तिम तथा पाँचौं कृति **काठमाडौंवरिपरि** उपन्यासले वर्तमान समाजको विकृति, विसङ्गति दुराग्रह र अन्तरविरोधलाई प्रस्तुत गरेको छ । संरचनाका दृष्टिले विश्रृङ्खलित यस उपन्यासले पात्रहरुमा रहेको हिनताबोध, अहम्बोध तथा यौनजन्य समस्याहरुलाई मनोविज्ञानशास्त्रीय मान्यताका आधारमा केलाउने प्रयास गरेको देखिन्छ । यसरी जोशीले यस उपन्यासमा समाजमा हुर्केका दुस्प्रवृत्ति र अन्तरविरोधलाई दर्शाउँदै २० औं शताब्दीमा विद्यमान उपर्युक्त कमी कमजोरीहरुमा आमूल सुधार नभएसम्म नेपाली समाजले २१ औं शताब्दीलाई वरण गर्न सहज हुने छैन भन्ने विचारलाई प्रस्तुत गरेका छन् ।

समग्रमा यस चरणका कृतिहरुमा समसामयिकताको ज्वलन्त प्रस्तुति भएको पाइन्छ । यस चरणका कृतिहरुमा तत्कालीन नेपालको सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक, प्राकृतिक, प्रशासनिक, शैक्षिक, न्यायिक आदि क्षेत्रमा देखिएका विकृति र विसङ्गति, कुरीति,र कुसंस्कारहरुलाई अभिव्यक्त गर्दै स्वच्छ र सवल समाज तथा समुन्नत राष्ट्र निर्माणमा जोड दिएको पाइन्छ । यसै गरी पाश्चात्य संस्कृति र सभ्यताको नक्कलमा रमाउने आजको युवा पिँढी माथि कटाक्ष गर्दै स्वदेशी संस्कृति, मूल्यमान्यता र परम्पराको संरक्षण गरेर मात्र राष्ट्रिय अस्तित्व कायम हुन सक्छ भन्ने भाव व्यक्त गरिएको पाइन्छ । यस चरणका कृतिहरुमा सामन्ती वर्गको अन्याय र अत्याचारले गरिब जनता माथि उठ्न नसकेको अवस्था दर्शाउँदै समतामूलक समाजको निर्माणमा जोड दिएको पाइन्छ । त्यसै गरी अर्काको मुख नताकीकन  आफ्नै पसिना र परिश्रमले बाँच्नु र बचाउनु मानव जीवनको आदर्श हो भन्दै नैतिकता र आदर्श अवलम्बन गरेर अगाडि बढाउनु पर्छ भन्ने भावना व्यक्त भएको पाइन्छ । सक्षम राज्यसत्ता, नेत्तृत्वदायी शासक भएमा मात्र देशको उन्नति, प्रगति हुन्छ भन्दै अयोग्य र असक्षमलाई च्यूत गराइ पारदर्शिता

अपनाउनु पर्छ भन्ने भाव समेत जोशीका कृतिहरुमा पाइन्छ । समग्रतः यस चरणका कृतिहरुद्वारा तत्कालीन युगीन यथार्थको प्रकटीकरण गरिएको छ भने मानवता, राष्ट्रप्रेम र विश्वबन्धुत्वको भावनालाई प्रबल रूपमा प्रस्तुत गरिएको छ ।

### ग) तेस्रो चरण : (२०५८ देखि हालसम्म) : उत्कर्ष चरण

वि.सं. २०५८ सालमा **आगो समुद्र पानी समुद्र** प्रकाशन भएपछिको अवधिलाई कृष्ण जोशीको साहित्यात्राको उत्कर्ष चरण मानिएको छ । वि.सं. २०५८ सालमा **आगो समुद्र पानी समुद्र** कविता सङ्ग्रहको प्रकाशन भएपछि जोशीको साहित्ययात्राको उत्कर्ष चरणको सुरुवात भएको हो । यस चरणमा कृष्ण जोशीले आफूमा अन्तर्निहित साहित्यिक व्यक्तित्वको प्रकटीकरण गरेको पाइन्छ । आभ्यासिक चरण र विकास चरणमा भन्दा यस चरणका रचनाहरूको संरचनामा पूर्णताको आभास पाइन्छ । यथार्थवादी तथा प्रयोगवादी कविका रूपमा स्थापित भइसकेका कवि जोशीका यस चरणमा तीनवटा कविता सङ्ग्रहहरू प्रकाशित भएका छन् । उनका उत्कर्ष चरणका कृतिहरू यसप्रकार छन्:

१. **आगो समुद्र पानी समुद्र (कविता सङ्ग्रह) २०५८**

२. **चित्रदंश (कविता सङ्ग्रह) २०६१**

३. **ज्यामीपत्नीको घोषणा (कविता सङ्ग्रह) २०६९**

कृष्ण जोशीको साहित्यिक यात्राका दृष्टिले सबैभन्दा उर्वर यस चरणमा जोशीको लेखनकलाले परिष्कृत र परिमार्जित शैली अनुसरण गरेको छ । समाज सुधार, सहरी परिवेशको चित्रण, राष्ट्रियता, अस्तित्वबोध युगीन चेतना, सामाजिक राजनीतिक विकृति विसङ्गति द्वन्द्वको पीडा जस्ता विषयवस्तुहरूलाई यथार्थवादी प्रयोगवादी आकार दिन कवि जोशी सफल देखिएका छन् ।

साहित्यकार कृष्ण जोशीको उत्कर्ष चरणमा सिर्जना भएका कृतिमध्ये प्रथम कृति **आगो समुद्र पानी समुद्र** हो । यस कविता सङ्ग्रहमा कविले मानवीय जीवनका घात, प्रतिघात, पीडा र जीवन भोगाइका अनुभवहरूलाई काव्यात्मक आवरणले बेरेर प्रस्तुत गरेका छन् । यस सङ्ग्रहका कविताहरूमा युद्ध, सन्त्रास, राजनीतिक विकृति विसङ्गतिप्रतिको व्यङ्ग्य,

समसामयिक युगीन चित्रण सहरको निस्सारता र अस्तित्त्वहीन जीवन, जीवनप्रतिको आशा प्रत्यासा, देशभक्तिपूर्ण भावनाको चित्रण आदि विविध विषयलाई समेटेको पाइन्छ । युग द्रष्टाका रूपमा उभिएका कविले राष्ट्रिय अस्मिताको जगेर्ना गर्न गरेको आवहानबाट उनमा बढेको बौद्धिक दुरदर्शिता तथा उच्च काव्यिक क्षमतालाई पुष्टि गरेको छ ।

कृष्ण जोशीको उत्कर्ष चरणको दोस्रो कृति **चित्रदंश** कविता सङ्ग्रहले वर्तमान युगीन जनजीवनका विसङ्गति, विकृति, निस्सारता, विवशता, बाध्यता, मानवीय मूल्यहीनता, संवेदनहीनता आदिका साथै नारीहरूका निरीह अवस्था एवम् तिनका विवशता, बाध्यता एकाकीपन, असुरक्षा, परनिर्भरता, मुस्कानरहित स्थिति आदिको मार्मिक र जीवन्त चित्रण प्रस्तुत गरेको छ । वर्तमानमा मानव जातिको अन्तिम आस्था  र विश्वासको केन्द्र मानिएका देवताहरू पनि निरीह, दीनहीन र विवश बन्नपुगेको भावाभिव्यक्ति पनि यस सङ्ग्रहका कवितामा पाइन्छ । युद्ध विभीषिकाको विपक्षमा आत्मधारणाहरू प्रस्तुत गरिएका जोशीका कवितामा नरसंहारक विध्वंशकारी हत्या, हिंसा, आतङ्क र अशान्तिप्रतिको हुङ्कार तथा जीवन र शान्तिप्रतिको अनुरक्ति मुखरित भएको छ । यस सङ्ग्रहका कविताहरू  बिम्ब प्रतीक अलङ्कार विधान तथा भाषाशैलीगत विन्यासका आधारमा उत्कृष्ट देखिन्छन् ।

कृष्ण जोशीको साहित्य यात्राको उत्कर्ष चरणको अन्तिम तथा तेस्रो कृति **ज्यामीपत्नीको घोषणा**  कविता सङ्ग्रह हो । यस कविता सङ्ग्रहमा कविले जीवनको चौरत्तर वर्षमा आइपुग्दा देखेका र सुनेकामात्र होइन आफैं सहभागी भएर अनुभव गरेका अनेकौं घटना र परिस्थितिलाई कविताको रूप दिएका छन् । जोशीका कविताहरूमा मानवीय जीवनका आशा-निराशा, विश्वास-अविश्वास, आलाप-विलाप साथै प्रेमाकर्षण, शृङ्गारिकता, सम्भोग, आशक्तिजन्य परिस्थिति, शून्यता, असन्तोष, आक्रोश, विषमता, कोरा काल्पनिकता, भावुकता आदिको स्वच्छन्द चित्रण पाइन्छ । कविले सङ्ग्रहभरि नेपाली भएर पनि उत्पीडित र सीमान्कृत बन्न पुगेका मानिसहरूको आवाज विहीनताको अवस्थालाई मार्मिक ढङ्गले प्रस्तुत गरेका छन् । युद्धको सन्त्रास, राजनीतिक तथा आर्थिक विसङ्गतिको कारणबाट युवावर्गमा देखिएको वितृष्णाले देश अद्योगतितिर लागिरहेको प्रसङ्ग पनि कवितामा अभिव्यक्त भएको छ । कविले स्वतन्त्रता, आत्मगौरव मानवीय अस्तित्व र आधारभूत आवश्यकताको  खोजी गर्दै यिनै

विषयमा केन्द्रित भएर कविताको रचना गरेका छन् । यस सङ्ग्रहभित्रका कविताहरूमार्फत कविले वर्तमान समयको नग्न प्रतिबिम्ब देखाएका छन् । द्वन्द्वमा फसेको समाजको कारुणिक चित्र पनि कवितामा भेट्न सकिन्छ ।

यस चरणका जोशीका कविता छोटा कवितादेखि लामा कविता सम्ममा संरचित छन् । प्रथम र द्वितीय चरणका तुलनामा यस चरणमा उनले लामा कविताको रचना गरेको देखिन्छ तर कविता लामा भए पनि संरचना भने सुसङ्गठित र व्यवस्थित रहेको देखिन्छ । यसरी सङ्गठित र व्यवस्थित रूपमा संरचनागत आयामको विस्तार गर्नु यस चरणको उनको प्रमुख उपलब्धि हो । शीर्षक र मूल भावका बीच सङ्गति प्रदान गर्ने प्रवृत्तिलाई यस चरणमा पनि उनले कायमै राखेको पाइन्छ । पहिलो र दोस्रो चरणका जस्तै उनका यस चरणका कवितामा पनि विषयवस्तुगत विविधता पाइन्छ । जोशीका कवितामा प्रयुक्त विषयवस्तुगत प्रवृत्तिलाई समष्टिमा हेर्दा विकास र शान्ति, मानवताको चाहना, राष्ट्रियता, देशप्रेम, शृङ्गारिकता, समसामयिक घटनाको यथार्थ प्रस्तुति, विश्वशान्ति र विश्वबन्धुत्वको भावना, विकासको चाहना, घटनाहरूको सार्वजनिक तथा मार्मिक प्रस्तुति, देशभक्ति, राष्ट्रिय सङ्कटको व्यङ्ग्यात्मक चित्रण, राजनीतिक आर्थिक विकृति विसङ्गतिप्रति कडा व्यङ्ग्य, निम्नवर्गीय उत्थान र वर्गीय चेतनाको अभिव्यक्ति पाइन्छ । पूर्ववर्ती चरणमा भन्दा विषयवस्तुगत प्रवृत्तिमा केही नवीनता रहेको र यथार्थवादी तथा प्रयोगवादी स्वर पनि अत्यन्तै तीव्र बनेको पाइन्छ ।

कृष्ण जोशीले यस चरणका कवितामा भाषिक प्रयोग र विषयका बीचमा अत्यन्त निकटताको सम्बन्ध स्थापना कायम गरेका छन् । उनले यस चरणमा प्राकृतिक सांस्कृतिक, सामाजिक, ऐतिहासिक, ग्रामीण, सहरीया जनजीवन र परिवेश आदि विभिन्न क्षेत्रका प्रचलित र नवीन बिम्ब-प्रतीक तथा अलङ्कारको प्रयोग गरेको पाइन्छ । यस चरणमा आएर कविको बिम्बप्रयोगको कौशल निकै बढेको पाइन्छ । साहित्यिक यात्राको उत्कर्ष चरणसम्म आइपुग्दा कवि जोशीका केही कविताको भाषाशैली क्लिष्ट र दुरुह देखिएपनि प्राय सबै कविताहरूको भाषाशैली स्पष्ट सुबोध्य र परिष्कृत देखिन्छ । उनले एकातिर तद्भव र झर्रा शब्द अत्यधिक सन्तुलित प्रयोग गर्ने पुरानै प्रवृत्तिलाई यस चरणमा पनि कायमै राखेका छन् भने अर्कातिर यस अवधिमा उनका कवितामा तद्भव र झर्रा शब्दको प्रयोग बढेको छ । तत्सम, तद्भव र झर्रा

नेपाली शब्दहरूको सन्तुलित प्रयोगले उनको अभिव्यक्तिलाई स्तरीयता प्रदान गरेको छ । पूर्ववर्ती चरणमा झैँ यस चरणमा पनि आफ्नो यथार्थवादी तथा प्रयोगवादी स्वरलाई कविले झन् तीव्रताका साथ अभिव्यञ्जित गरेका छन् ।

## ३.२. काव्य प्रवृत्ति

कृष्ण जोशी नेपाली कविताको फाँटमा वि.सं. २०१९ सालदेखि उदाएका हुन् । फुटकर कविता लेखेर साहित्यिक यात्रा प्रारम्भ गरेका जोशीले हालसम्म चारवटा कविता सङ्ग्रहको रचना गरेर नेपाली साहित्यको कविता फाँटलाई ठूलो योगदान दिएको देखिन्छ । कविताको रचनामा पाँच दशक निरन्तर कलम चलाएका जोशीका कविता प्रवृत्तिलाई निम्नानुसार उल्लेख गरिएको छ :

### (क) समसामयिक युगबोध अस्तित्वबोध

कृष्ण जोशीका अधिकांश कवितासङ्ग्रहका कविताहरूमा समसामयिक युगबोध अस्तित्वबोधको अभिव्यक्ति पाइन्छ । यसक्रममा **आगो समुद्र पानी समुद्र** कविता सङ्ग्रहका *आतङ्कका जीवित अवशेषहरू, जहाँ केवल मान्छेहरू हिँडिरहेका छन्, आफ्नो मानचित्र आफैलाई पढाउँदा, स्वरहरूभित्र गीता भएर, आफ्नो नयाँ शिखर, तिम्रो अनुहार हेर्दा, हात र खुट्टाहरू सगरमाथालाई, अर्को क्षण, नयाँ अक्षरहरू आऊ, झिसमिसे प्रातः भन्दा होचा हामीहरू, कसैको छाया मात्र हुँ* आदि कविताहरू, **चित्रदंश** कविता सङ्ग्रहका *संवेदनाहीन आत्महत्या, हिँड्नु धेरै अल्झिएर, वारिपारि नहुने किनार, म माथि रात पोखिँदा* आदि कविताहरू र **ज्यामीपत्नीको घोषणा** कविता सङ्ग्रहका *शब्द ट्याब्लेट, ऊ जस्तै भएँ कि म पनि* आदि कविताहरूमा कविले समसामयिक युगबोधलाई प्रतिबिम्बन गरेको पाइन्छ । उपर्युक्त कविताहरूमा कविले समसामयिक युगजीवनमा घटित विरह, वेदना, पीडा, बाध्यता, आशा र निराशा आदिको अभिव्यक्ति गरेको पाइन्छ । यसरी कृष्ण जोशीले समसामयिक युगबोध-अस्तित्वबोधको प्रतिबिम्बन आफ्ना कवितामा गरेको पाइन्छ ।

## (ख) वर्तमान विकृति विसङ्गतिविरुद्ध असन्तोष

कृष्ण जोशीका अधिकांश रचनाहरूमा वर्तमान समाजमा व्याप्त विकृति र विसङ्गतिहरू विरुद्ध तीब्र असन्तोष व्यक्त गर्दै क्रान्तिचेतको भावना व्यक्त गरेको पाइन्छ । यसरी हेर्दा **पोखरीभित्रको शताब्दी** कवितासङ्ग्रहका *काँचको पर्खालभित्र, तिमी आयौ तिमी गयौ, बिहान र मरण* आदि कविताहरू, **आगो समुद्र पानी समुद्र** कविता सङ्ग्रहका *सनाखतहीन मृत्यु असनमा, चारधाम यात्रा कालो डकार, पुर्नजन्म काठमाडौंको, दुर्घटनाको अर्को संस्करण, चार प्रसिद्ध कवि र* कविताहरू, **चित्रदंश** कविता सङ्ग्रहका *एकान्तवास विश्वकर्माको, हृदयघात भएर चराहरूलाई* कविताहरू र **ज्यामीपत्नीको घोषणा** कविता सङ्ग्रहका *एक्काइस किलोको फूलमाला, 'म यतिबेला आसनमा छु, कृष्ण प्रभुहरू, पदासीन नयाँ प्रभु, अस्वीकृत यात्री* आदि कविताहरूमा वर्तमान समाजका सामाजिक, आर्थिक, राजनैतिक, प्रशासनिक, सांस्कृतिक आदि क्षेत्रमा देखिएका कुरीति र कुसंस्कारको भन्डाफोर गरेको पाइन्छ । कविले आफ्ना कविताकृतिमा भ्रष्टाचार, अनाचार, नातावाद, कृपावादजस्ता विकृतिजन्य कुराहरूको अन्त्य गर्नुपर्छ भन्ने विचारलाई महत्त्व दिएर प्रस्तुत गरेका हुन् । वर्तमान विकृतिहरूको अन्त्य गर्दै समुन्नत राष्ट्र निर्माणको भावना सबैमा जागरुक गराउनुपर्छ भन्ने भाव पनि उपर्युक्त कविताहरूमा व्यक्त भएको पाइन्छ । यसरी कृष्ण जोशी वर्तमान विकृति र विसङ्गतिका विरुद्धमा क्रान्तिचेत व्यक्त गर्ने कवि हुन् ।

## (ग) सहरी परिवेशको चित्रण

कवि कृष्ण जोशीले सहरलाई विभिन्न सन्दर्भमा चित्रण गरेका छन् । सहरले सिर्जना गरेका अमानवीयता, वर्गीय विभेद, संशय, भय, त्रास र सहरको निस्सारता जोशीका कवितामा मुखरित भएर प्रस्तुत भएको छ । उनका **पोखरीभित्रको शताब्दी** कविता सङ्ग्रहका *स्वयम्भू आँखाले हेरिरहेछु, काठमाडौंका मान्छेहरू, टुँडिखेलबाट सालिकहरूको प्रस्थान* आदि कविताहरूा, **आगो समुद्र पानी समुद्र** कविता सङ्ग्रहका *पानी भोजपुरमा तिर्खा काठमाडौंमा, तृष्णा जुलुस, सहर यतिबेला सुतिरहेछ, ग्रीन काठमाडौं र सडकको घाउ, काठमाडौंमा गुराँस, रत्नपार्कमा परेको साँझ* आदि कविताहरूमा, **चित्रदंश** कविता सङ्ग्रहका *लीला, कवितासँग खेलेर, घुम्ने मेच माथी काठमाडौं* आदि कविताहरू र **ज्यामीपत्नीको घोषणा** कविता सङ्ग्रहरूका *त्यो मान्छे*

*,शवनम खातुन* आदि कविताहरूमा डाँडापाखाको जनजीवनदेखि सहरी जीवनको अनुभूतिलाई तुलना गरिएको छ । जोशीका अनुसार सहरमा एकातिर भौतिक सुविधाको चरमोत्कर्ष छ भने अर्कोतिर भोक, गरिबी, अभाव र चेतनाको कमीले जीवनमा विकृति र विसङ्गतिको थाक लागेको, पारिवारिक विश्रृङ्खलता बढेको हिंसा र असुरक्षाले भयावहपूर्ण जीवनसित दिनैपिच्छे जम्काभेट भएको, सहरमा आगोलाई चुपचाप पिउनु परेको, मान्छे मान्छेबीच दुरी बढेको, सहरी जीवन खेलौना सरह भएको जस्ता अनुभूतिहरूमाथि कवि जोशीले सुन्दर कविताहरू रचना गरेका छन् ।

### (घ) युद्ध तथा द्वन्द्वका पीडा र शान्तिको कामना

कवि कृष्ण जोशीले युद्धले पारेको प्रभाव र त्यसले मानवीय संवेदनामा पारेको प्रभावका बारेमा कविता रचना गरेका छन् । द्वन्द्वमा फसेको समाजको पीडा र मानिसले भोगेका तिरस्कार दुःख र यातनालाई पनि कविताको विषय बनाएका जोशीले आफ्ना कविताहरूमा शान्तिको कामना गरेका छन् । उनको **आगो समुद्र पानी समुद्र** कविता सङ्ग्रहका *हिउँमा जमेको घाम, हाँस परेवा र मान्छेहरू, पाइताला सिर्फ पाइताला जो बादलामा टेकेर गयो* आदि कविताहरू, **चित्रदंश** कविता सङ्ग्रहका *पराजित, अहिले पनि त्यता हेर्छु, युद्धवन्द, मृत्युबिनाको समाचार* आदि कविताहरूमा र **ज्यामीपत्नीको घोषणा** कविता सङ्ग्रहका *हिउँभैँ आयौ हिउँभैँ गयौ, सहरभित्र असहरियाहरू, खोलामा नुहाउन जाँदा, युद्ध सकिएपछि, अभिशप्त देवता, सुन्दर ती औंलाहरू* आदि कविताहरूमा युद्धअघि र युद्धपछिका मनोभावनाहरूलाई प्रस्तुत गर्दै कविले युद्ध वा द्वन्द्वको विपक्षमा आफ्नो धारणाहरू प्रस्तुत गर्दै सबै ठाउँमा शान्तिको कामना गरेका छन् । कृष्ण जोशीले शान्ति र न्याय दिनानुदिन अशान्ति र अन्यायमा रूपान्तरित भइरहेको वर्तमान युगीन कटु यथार्थलाई चित्रण गर्दै आफ्ना कविताहरूमा सबै प्रकारका युद्धको विरोध गर्दै युद्धको स्थान सद्भाव र प्रेमले लिनुपर्छ भन्ने धारणाहरू अभिव्यञ्जित गरेका छन् ।

### (ङ) व्यङ्ग्यात्मकता

कृष्ण जोशीले  आफ्ना कविता कृतिहरूका माध्यमद्वारा समाजमा व्याप्त विकृति, कुरीति र कुसंस्कारका विरुद्धमा तीब्र व्यङ्ग्य प्रहार गरेको पाइन्छ । यसै गरी समाजका राजनीतिक,

सांस्कृतिक, शैक्षिक तथा विविध क्षेत्रमा व्याप्त भ्रष्टाचार, नातावाद, कृपावाद, चाकरीप्रथाका विरुद्ध आक्रोश व्यक्त गरेका छन् । समाजका बेथितिहरू जरा गाडेर बसेमा समाज कहिल्यै पनि उन्नति र प्रगतितर्फ लाग्दैन भन्दै दीनदुःखीहरूमाथि अन्याय र अत्याचार गर्नेहरूमाथि तथा समाजका ठूलाबडाहरू, परसंस्कृतिको नक्कल गर्नेहरू र नक्कली चालढाल देखाएर ठूलो पदमा बहाल हुनेहरूप्रति उनका कवितामा तीव्र व्यङ्ग्य प्रहार गरिएको पाइन्छ । व्यङ्ग्य प्रबल भएका उनका कविताहरूलाई हेर्दा **पोखरीभित्रको शताब्दी** कविता सङ्ग्रहका *मृत्यु, सस्तो त मन मात्र छ, काँचको पर्खालभित्र, अनावरण नयाँ अवतारको* आदि कविताहरू **आगो समुद्र पानी समुद्र** कविता सङ्ग्रहका *आतङ्क जीवित अवशेषहरू, मेरो चिन्तनमा भोलि* आदि कविताहरू **चित्रदंश** कविता सङ्ग्रहका *वर्तमान अशक्त क्षण', निशब्द जुलुस* आदि कविताहरू र **ज्यामीपत्नीको घोषणा** कविता सङ्ग्रहका *घोड सवार, नयाँ सोम शर्मा, गोहीको मुखमा माछाको भुरा* आदि कविताहरूमा तीव्र व्यङ्ग्य प्रहार गरेको पाइन्छ । समाजमा व्याप्त विकृति र कुरीतिका विरुद्ध आक्रोश व्यक्त गर्दै समाजसुधारको अपेक्षा राख्ने जोशीलाई एक सफल व्यङ्ग्यकारका रूपमा लिन सकिन्छ ।

### (च) यथार्थवादी तथा प्रयोगवादी चिन्तन

कृष्ण जोशीले आफ्ना कवितामा मनमा आएका, देखे सुनेका, भोगेका यथार्थ भावलाई स्थान दिएका छन् । विचार वा यथार्थको स्वछन्द प्रवाह जोशीका कवितामा भेटिने विशेषता हो । कवि जोशीले आफ्ना विचारहरूलाई क्लिष्ट, दुरुह तथा दुर्बोध्य भाषाशैलीको प्रयोग गरेर अमूर्तताको संरचनामा लिपिवद्ध गरेका छन् । कविता अरूका लागि नभएर प्रयोगका लागि रचना गरेको अनुभूति जोशीका कवितामा पढेर हुन्छ । कविता लेखनको मूर्तता र अर्ध मूर्ततालाई छोडेर जोशी अमूर्ततातिर केन्द्रित भएका छन् । पाठकलाई बुझ्न कठिन हुने बिम्ब, प्रतीक तथा अलङ्कारहरू पनि जोशीका कवितामा भेट्न सकिन्छ । अत : जोशी यथार्थवादी चिन्तनलाई प्रयोगवादी ढाँचाबाट प्रस्तुत गर्ने कवि हुन् भन्न सकिन्छ ।

### (छ) विषयगत विविधता

कृष्ण जोशीका अधिकांश कविताकृतिहरू  विषयगत विविधताभित्र संरचित भएको पाइन्छ । सामाजिक, आर्थिक, राजनैतिक, ऐतिहासिक, प्राकृतिक,धार्मिक, शैक्षिक आदि विषयवस्तुगत आधारमा संरचित उपर्युक्त कविताकृतिहरूमा उक्त क्षेत्रहरूमा देखिएका  नराम्रा पक्षहरूको उद्घाटन गर्दै सबल र सक्षम ढङ्गले समाज अगाडि बढ्नुपर्ने भाव व्यक्त भएको पाइन्छ । यसरी कृष्ण जोशी विषयगत विविधताभित्र कविता रचना गर्ने कवि हुन् ।

यसरी कृष्ण जोशीका कविता प्रवृत्तिहरूलाई हेर्दा उनी प्रवृत्तिगत विविधता भएका कवि हुन् । माथि चर्चा गरिएका प्रवृत्तिका अतिरिक्त उनका कविता कृतिहरूमा गौण रूपमा नवस्वच्छन्दतावादी पुट, परिवर्तनप्रतिको मोह, जनशक्ति विस्थापनको चित्रण, प्रेम र यौवनका प्रतिछायाहरू  पनि झल्केको पाइन्छ । यसरी हेर्दा सङ्ख्यात्मक र गुणात्मक रूपमा प्रशस्तै कविताकृति लेखेर जोशीले नेपाली साहित्यको कविता फाँटमा महत्वपूर्ण योगदान दिएको देखिन्छ ।

## ३.३ नेपाली कविताको विकासक्रममा कृष्ण जोशीको योगदान तथा मूल्याङ्कन

### ३.३.१. नेपाली कविताको विकासक्रम

नेपाली भाषाको लिखित प्रयोग एघारौँ शताव्दीवाट भएपनि अभिलेख काल र वाङ्मय लेखनकालमा नै धेरै समय नेपाली साहित्य अल्झन पुगेको देखिन्छ । सुवानन्द दासको पृथ्वीनारायण शाह (वि.सं.१८३०) कविता नै प्राथमिक नेपाली साहित्यको प्रारम्भ विन्दु हो । नेपाली कविताको विकासक्रमलाई हेर्दा निम्नलिखित तीन कालमा विभाजन गर्न सकिन्छ ।

क. प्राथमिक काल : (वि.सं. १८७१-१९४०)

ख. माध्यमिक काल : (वि.सं. १९४१-१९७४)

ग. आधुनिक काल : (वि.सं. १९७५- हालसम्म)

## क. प्राथमिक काल (वि.सं.१८७१-१९४०) :

नेपाली साहित्यको प्रारम्भ नै पद्यविधावाट भएको हो । नेपाली पद्य जगतमा सुवानन्द दासको पृथ्वीनारायण शाह कविता नै पहिलो नेपाली कविता हुन पुगेको छ । नेपालको एकीकरण अभियानसँगै सुरु गरिएको यस कालमा पूर्णतः राज्य एकीकरणको अभियान चलिरहेकोले युद्धकालीन यस समयमा योद्धाहरुको साहस, वलिदान र त्यागको गाथा गाउँदै वीर रसले भरिएका कविता यस बेलाका कविहरुले सिर्जना गरेको पाइन्छ । विस्तारै अङ्ग्रेज नेपाल युद्ध र सुगौली सन्धीले नेपाली समाजमा नराम्रो धक्का पुऱ्याएपछि अर्ति र उपदेशवादी कविताहरु लेखनकार्यको प्रारम्भ भएको हो । यसरी प्राथमिक नेपाली साहित्यको प्राथमिक काल वीर र भक्ति गरी दुई धारामा वर्गीकृत हुन पुगेको देखिन्छ ।

प्राथमिक नेपाली कविताको भक्ति काल यस चरणकै उर्वरकाल हो । सामाजिक जीवनमा धार्मिक, नैतिक, औपदेशिक भावनाको विकास हुन थाले पछि वीरकालीन कविताको स्वरुपमा परिवर्तन भइ भक्ति भावनाले भरिएको आध्यात्मिक चेतनामा कवितामा प्रस्तुत भएको पाइन्छ । भक्ति धारा पनि स्पष्ट रूपमा तीन किसिमले अघि बढेको देखिन्छ ।

१. कृष्ण भक्ति धारा

२. राम भक्ति धारा

३. निगुर्ण भक्ति धारा

भगवान श्रीकृष्णलाई पूज्य व्यक्ति मानेर लेखिएका कविताहरु कृष्ण भक्ति धारामा पर्दछन् । यस धाराका कवि र कविताहरुमा इन्दिरसको गोपिका स्तुति, गोपी रक्षा, वसन्त शर्माका श्रीकृष्ण चरित्र, समुद्र लहरी, वीरशाली पन्तको श्रीकृष्ण चरित्र जस्ता काव्य रचनाहरु यस धारामा परेका छन् ।[७१]

भगवान रामलाई आस्थाका केन्द्र मानेर लेखिएका कविताहरु राम भक्ति धारामा पर्दछन् । प्राथमिक कालकै उत्कृष्ट धारा बन्न पुगेको यस धारामा रामको आदर्श, वीरता, अनुशासन, सत्यता आदिको महिमा गाइएको पाइन्छ । यस धाराका प्रसिद्ध कवि भानुभक्त आचार्य हुन् ।

७१ कृष्णविलास पौड्याल, **नेपाली साहित्यको ऐतिहासिक परिचय र समालोचना,** नवीन प्रकाशन, काठमाडौं २०५९ । पृ. ८२

उनका रामायण, वधुशिक्षा, रामगीता आदि काव्य कृति अत्यन्तै चर्चित भएका छन् । रामलाई आदर्श देवताका रूपमा सम्मान दिदैं सङ्ख्यात्मक र गुणात्मक दुवै स्तरका कृति दिन आचार्य सफल देखिएका छन् ।

यस कालको तेस्रो धारा निगुर्ण भक्ति धारा हो । कृष्ण र राम दुवैलाई पुज्य देव नमानी सांसारिक मोह त्यागेर वैराग्यलाई वरण गर्ने सन्तहरुद्वारा निगुर्ण भक्तिभावका कविताहरु लेखिएका छन् । यस धाराका कविहरुले कर्मकाण्ड, वलि प्रथा, जातीय वर्गभेद, दुराचार आदिको तीव्र विरोध गरेका छन् । यस धाराका प्रमुख कवि र कविताहरुमा शशीधरको वैराग्वरण, अखण्ड दिलदासको पाँच निगुर्ण भजन, ज्ञान दिलदासको उदयलहरी आदि कृतिहरु पर्दछन् । यसरी नेपाली साहित्यको प्राथमिक काल वीर भक्ति धारा,कृष्ण भक्ति धारा, निर्गुण भक्ति धारा हुँदै अगाडि वढेको देखिन्छ । नेपाल एकीकरणसँगै वृद्धि भएको उत्साह र जोशले भरिएको वीरतापूर्ण भाव वीरकालीन कवितामा पाइन्छ भने सुगौली सन्धि जस्ता घटनाको प्रभावले वीरतापूर्ण भावमा ह्रास आइ भक्ति मार्गमा लागेका राम, कृष्ण र निर्गुण भक्तिका उपसनाका कविताहरु भक्तिकालीन कवितामा पाइन्छ ।

## ख. माध्यमिक काल : (वि.सं. १९४१-१९७४)

नेपाली साहित्यमा वि.सं. १९४० देखि मोतीराम भट्टको प्रवेशसँगै माध्यमिक कालको थालनी भएको हो । भट्टले विस्मृतिको पर्दाभित्र पुगिसकेका कवि भानुभक्त आचार्यका विभिन्न रचनाहरु खोज्ने र जीवन चरित्रसहित भानुभक्तको जीवनी प्रकाशन गर्ने काम गरे । त्यसरी नै साहित्यकारहरुको मण्डली (मोती मण्डली) तयार गरी साहित्यिक छलफल, विचारको आदानप्रदान, गोष्ठी गरी थप सक्रियता देखाए । मोतीरामसँग देखापरेका यस कालका उल्लेखनीय कविहरुमा गोपीनाथ लोहनी, लक्ष्मीदत्त पन्त, कृष्णप्रसाद रेग्मी, कुञ्जविलास गौतम, केदारनाथ खतिवडा, कालिदास पराजुली आदि पर्दछन् । मोतीराम भट्टका पिकदूत, गजेन्द्र मोक्ष, तीजको कथा, प्रल्हाद् भक्तिकथा, केदारनाथ खतिवडाका शुभ विवाह, श्रृङ्गार दर्पण यस चरणका प्रमुख रचनाहरु हुन् ।[७२] माध्यमिककालीन कवितामा श्रृङ्गारिक भावका  फुटकर

७२ खगेन्द्रप्रसाद लुइटेल, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं, २०६० पृ. १९० ।

कविता र गजलहरुको रचना भएको देखिन्छ । मुख्यतः अनुवाद रूपान्तरण गर्ने श्रृङ्गारिक परम्परा र भक्ति एवं वर्णनात्मकता जस्ता विशेषता यस कालका मुख्य उपलब्धि हुन् ।

**ग. आधुनिक काल : (वि.सं. १९७५- हाल सम्म)**

शृङ्गारिकतालाई चरमोत्कर्ष प्रदान गर्ने सूक्ति सिन्धु (१९७४)को प्रकाशन पछिको समयलाई नेपाली कविताको आधुनिक काल मानिएको छ । माध्यमिककालीन कविताका मूलभूत प्रवृत्तिहरुलाई छोड्दै आधुनिक कालको सुरुवात गर्ने विभिन्न धारा र चरणहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

**अ. परिष्कारवादी धारा**

आधुनिक नेपाली कवितामा परिष्कारवादी धाराको थालनी लेखनाथ पौड्यालवाट भएको हो । उनका ऋतुविचार, बुद्धिविनोद, सत्यकलि संवाद, तरुणतपसी आदि कृतिहरुले यस धारालाई विकसित गराएका छन् । यिनीपछि सोमनाथ सिग्देलको आदर्श राघव, बालकृष्ण समको आगो र पानीजस्ता कृतिहरुले यस धारालाई उन्नत तुल्याएका छन् ।

लेख्य नेपाली व्याकरणको अनुसरण गर्ने, संस्कृत काव्य नियम पछ्याउने र बंगाली हिन्दी शास्त्रीय साहित्यिक धाराको प्रभाव ग्रहण गर्ने मूल प्रवृत्ति यस धाराका कवितामा विकसित भएको पाइन्छ ।यस धाराका कवितामा देखिएका भाषाशैलीगत र संरचनात्मक कमी कमजोरीहरुलाई हटाउँदै मानवीय चारित्रिक, नैतिक, आध्यत्मिक चेतनाको परिष्कार यस धाराका कविताको मुलभूत विशेषता रहेको पाइन्छ ।[७३]

**आ. स्वच्छन्दतावादी - प्रगतिवादी धारा :**

वि. सं. १९९१ मा थालिएको यस धाराले पूर्ववर्ती शास्त्रीयतावादी वा परिष्कारवादी धाराको विरुद्धमा कविता प्रस्तुत गरेको छ । आधुनिक नेपाली कवितामा स्वच्छन्दतावादी प्रगतिवादी धाराको थालनी लक्ष्मीप्रसाद देवकोटाबाट भएको हो । देवकोटाका कवितामा वढी भावुकता राष्ट्रवादी विचार प्रकृतिप्रेम विद्रोह मानवता आदि विशेषता पाइन्छन् । यसपछि सिद्धिचरण श्रेष्ठ, युद्धप्रसाद मिश्र, माधवप्रसाद घिमिरे, भवानी भिक्षु, केदारमान व्यथित,

७३. कृष्णविलास पौड्याल,पूर्ववत् । पृ. १५७

गोपालप्रसाद रिमाल, म.वि.वि. शाह, विजय मल्ल जस्ता कविहरु यस धारामा सम्मिलित देखिन्छन् । राष्ट्रिय जागरणका स्वरहरु यतिवेला प्रजातान्त्रिक एवं मानवतावादी मूल्यमा रूपान्तरित भइ स्वच्छन्दतावादी सेरोफेरोमा क्रान्ति चेतना प्रस्तुत गर्न पुगेका छन् । सहज र स्वच्छ अभिव्यक्ति, रमरम वौद्धिकता र प्रतिभा कल्पनाको सहायतामा स्वतःस्फूर्त लालित्यछटा यस धाराका कवितामा पाइन्छ ।

यसरी स्वच्छन्दतावादी प्रगतिवादी आधुनिक नेपाली कविता धारामा सामाजिक, आर्थिक, न्यायिक, विभिन्न आन्दोलन र राष्ट्रिय जागरणका स्वरहरु, मानवातावादी चेतनाको आवाज, काव्य सौन्दर्यको सफल प्रयोग जस्ता विशेषताहरु पाइन्छन् ।[७४]

**इ. प्रयोगवादी धारा**

प्रयोग भनेको नयाँ परीक्षण र वाद भनेको विचार वा दर्शन हो । पाश्चात्य साहित्यमा देखापरेका नवीन प्रवृत्तिका साथ काठमाडौंमा रूपरेखा (२०१७) पत्रिकाको प्रकाशन भएपश्चात आधुनिक नेपाली कवितामा प्रयोगवादी धाराको थालनी भएको हो । प्रयोगवादी कविता आधुनिक भौतिकवादी विचारक नित्सेको ईश्वरको मृत्युको घोषणा, डार्विनको विकासवाद, मार्क्सको द्वन्द्वात्मक भौतिकवाद, फ्रायडको यौनमनोविज्ञान, आधुनिक जीववैज्ञानिक चिन्तन, विसङ्गति र दर्शन विज्ञानले सिर्जना गरेका अनेकौं वैज्ञानिक षड्यन्त्रवाट प्रभावित भएको छ । आजको विसङ्गतिवादी युगले मान्छेका जीवनमा जुन निस्सारता हिनता, व्यर्थता र जटिलता थपेको छ त्यसैको अभिव्यक्ति दिने नाममा अमूर्त लेखन, अवचेतना, लेखन, दूर्वोध्य जस्ता प्रयोगधर्मी नवीन प्रवृत्तिहरु यस धारामा रहेका छन् । यस धारामा कविताको कथावस्तुको मूलश्रोत लोकगाथा सामाजिक, ऐतिहासिक, पौराणिक राष्ट्रिय आदि विषयवस्तुको श्रोत नभई अवचेतन मनका अमूर्त अनुभुतिनै यस धाराका कथावस्तुका मुल श्रोत हुन् ।

यस धाराको नेतृत्व गर्ने कवि मोहन कोइराला हुन् । रूपरेखामा कोइरालाको 'घाइते युग' कविता प्रकाशन भएपछि यस धाराको प्रारम्भ भएको हो । यिनीसँगै मोहनहिमांशु थापा, मदन रेग्मी, वासु शशी, जगदीश शमशेर राणा, द्वारिका श्रेष्ठ, तुलसी दिवस आदि प्रयोगवादी कविहरुले विभिन्न कविताहरु रचना गरेका छन् । प्रयोगवादी नेपाली कवितालाई आयमेली

७४ कृष्णविलास पौड्याल,पूर्ववत् । पृ. १६०/१६१

आन्दोलनले पनि साथ दिएको छ । तेस्रो आयमवाट जीवनको गहिराइको खोजी गर्दै ईश्वरवल्लभ, वैरागी काँइला आदिले नयाँ प्रयोगधर्मी कविताहरु यसै चरणमा प्रकाशन गरेका छन् । यसका साथै पूर्ववर्ती चरणमा ख्याति कमाइ सकेका परिष्कारवादी, स्वच्छन्दवादी र प्रकृतिवादी कवि र यिनका कविताहरु पनि यस चरणमा देखापरेको पाइन्छ ।[७५]

**ई. समसामयिक धारा**

प्रयोगवादी जटिलता र सम्प्रेषण विहीनताबाट मुक्त हुने क्रममा वि.सं. २०३० को दशकपछि नेपाली कविताको विकासमा समसामयिक धाराको सुरुवात भएको हो । समसामयिक धाराको सुरुवातमा कविहरु विभिन्न साहित्यिक आन्दोलनवाट प्रस्तुत भएका छन् । यस धाराको प्रारम्भमा नै सडक कविता क्रान्ति थालनी भएको छ । युवा कविहरुले राल्फा, अस्वीकृत जमात, भोको पिँढी, योङ्ग राइट्र्स फ्रन्टस् आदिका माध्यमबाट कवि र पाठक बीचको सम्वन्ध पुनर्स्थापना गर्ने जमर्को गरेका छन् । मुक्तकस्तरका कविताहरु पनि लेखिन थालिएको यस चरणमा थुप्रै कवि प्रतिभाहरु देखापरेका छन् । यस धारामा देखिएका कविहरुमा तोया गुरुङ्ग, कृष्ण भुषण वल, शैलेन्द्र साकार, विश्वमोहन श्रेष्ठ, हरि अधिकारी, मञ्जु काँचुली, हरिभक्त कटुवाल, दिनेश अधिकारी, नेत्र एटम आदि धेरै स्रष्टाहरु पर्दछन् । समसामयिक आधुनिक नेपाली कविताले नेपाली समाजमा देखा परेका सामाजिक, राजनैतिक, आर्थिक विसङ्गति र मानवीय मूल्यको ह्रासप्रति तिखो व्यङ्ग्य प्रहार गरेका छन् ।

यसरी आधुनिक नेपाली कवितामा देखिएका यी मुख्य चार धारा र त्यस भित्रका नवीन प्रयोगहरुले नै नेपाली कवितालाई विकसित तुल्याएको पाइन्छ । यति बेलाका कवितामा तार्किकता र वैज्ञानिकताको प्रयोग, परम्पराको विरोध गरी विद्रोहात्मक स्वरको अभिव्यक्ति, युगीन मूल्य मान्यताको स्थापना, गद्यकवितातर्फको आकर्षण, विभिन्न बिम्ब प्रतीकयुक्त नवीन भाषाशैलीको प्रयोग जस्ता विशेषता भेटिन्छन् ।[७६]

---

७५ कृष्णविलास पौड्याल,पूर्ववत् । पृ.१६५

७६ कृष्णविलास पौड्याल,पूर्ववत् । पृ. १६७

### ३.३.२. नेपाली कविताको विकासक्रममा कवि कृष्ण जोशीको उपस्थिति

नेपाली कविता साहित्यको परम्परा वीरधाराबाट उठान भइ रामभक्ति धारा, कृष्ण भक्ति धारा र निर्गुण भक्ति धाराजस्ता चरणहरु पार गर्दै माध्यमिक कालमा शृङ्गारिक कवितालेखनमा अभ्यस्त बनेको देखिन्छ । यसैगरी लेखनाथ पौड्यालले परिष्कारवादी कविता लेखेर नेपाली कविता परम्परालाई आधुनिकतातिर धकेल्न सफल भए । आधुनिकताको प्रवेशपछि पाश्चात्य साहित्यमा देखा परेका विविध वाद र प्रणालीमा आवद्ध भएर कविता सिर्जना गर्ने नेपाली स्रष्टाहरु प्रशस्त देखा पर्दै गए । फलस्वरूप नेपाली कवितामा स्वच्छन्दतावाद, प्रगतिवाद, अस्तित्ववाद, प्रयोगवाद, जस्ता विभिन्न वाद र प्रणालीहरु स्थापित भइसकेका छन् । वर्तमान समयमा उत्तर आधुनिकवादसम्म साहित्य हिंडिसकेको छ । वर्तमान समयका नयाँ स्रष्टाहरु अझ नयाँ - नयाँ लेखनतर्फ अग्रसर भइरहेका पनि पाइन्छन् । समाजमा आफूले देखेका भोगेका, अनुभव गरेका विषयवस्तुहरुको केस्रा-केस्रा केलाउँदै कविता लेख्ने कृष्ण जोशीलाई यथार्थवादी प्रयोगवादी कविका रूपमा लिन सकिन्छ ।

समाजमा विद्यमान सामाजिक, आर्थिक, राजनैतिक तथा सांस्कृतिक विसङ्गति विरुद्ध नवजागरणका स्वरहरु घन्काउँदै भाव र भाषामा परिष्कार गरी लेखिएका कविताहरु हामी कृष्ण जोशीका कविताहरुमा पाउन सक्छौं । भावुकता, प्रकृतिप्रेम, राष्ट्रवादी विचार, विद्रोह, मानवता आदिलाई विशेषरूपमा अंगालेर लेखिएका कविताहरु पनि पाइन्छ । राष्ट्रिय जागरणका स्वरहरु, सहज स्वच्छन्द अभिव्यक्ति कृष्ण जोशीका कवितामा पाइन्छ । उनलाई हामी आधुनिक नेपाली इतिहासमा यथार्थवादी प्रयोगवादी धारामा राख्न सक्छौं ।

### ३.३.३. योगदान तथा मूल्याङ्कन

कृष्ण जोशीले ५२ वर्षे साहित्ययात्रामा नेपाली साहित्यको कविताफाँटमा महत्त्वपूर्ण योगदान दिएको पाइन्छ । ऐतिहासिक तथा प्रवृत्तिगत योगदान दिन नसकेका जोशीले हालसम्म चारवटा मौलिक कविता कृतिको रचना गरेर नेपाली कविताफाँटमा उल्लेखनीय योगदान दिएको पाइन्छ । यस कार्यबाट नेपाली साहित्यमा कविता विधाको भण्डार धनी हुन पुगेको देखिन्छ । यसरी हेर्दा विभिन्न सङ्ग्रहमा सङ्कलित २०० प्रति फुटकर कविताको रचना गरेका कृष्ण जोशीले नेपाली कविता विधामा प्रयोगवादी कविताको भण्डार वृद्धि गरेको पाइन्छ । यहाँदेखि

उता पनि उनको लेखनकार्य जारी रहेकाले भविष्यमा यस विधाले अझ समृद्ध हुँदै जान पाउने सम्भावना पनि जीवितै रहेको पाइन्छ । यसरी कृष्ण जोशीले नेपाली कविताको क्षेत्रमा अन्य पूववर्ती कविताहरूका तुलनामा गुणात्मक तथा  सङ्ख्यात्मक दुबै दृष्टिले योगदान दिएको देखिन्छ ।

वास्तवमा कृष्ण जोशीको मूल्याङ्कन भन्नु नै उनले साहित्यक्षेत्रमा पारेको प्रभाव, प्रेरणा र दिएको योगदान हो । उनका यिनै प्रकाशित ४ ओटा कविता कृतिहरूका आधारमा उनको काव्यकारिताको मूल्याङ्कन गर्न सकिन्छ । नेपाली साहत्यको कविताविधालाई हेर्दा प्राथमिक कालमा भानुभक्त आचार्यले ऐतिहासिक, माध्यमिक कालमा मोतीराम भट्टले शृङ्गारिकता तथा माध्यामिक कालको प्रारम्भ र लेखनाथ पौड्याल र लक्ष्मीप्रसाद देवकोटाले आधुनिक कालको सुरुवात तथा मोहन कोइराला, गोपाल प्रसाद रिमाल, भूपि शेरचन जस्ता व्यक्तिले नेपाली साहित्यमा जे जस्तो साहित्यिक बादको प्रवर्तन तथा सहप्रवर्तन गरेर योगदान दिए, त्यसप्रकारको योगदान कृष्ण जोशीले दिएको पाईँदैन । उनले त्यस्तो ऐतिहासिक र साहित्यिक नवआयामको प्रवर्तन वा सहप्रवर्तन गर्न सकेको देखिँदैन यसरी हेर्दा नेपाली कविताका क्षेत्रमा कृष्ण जोशीले दिएको योगदान गुणात्मक तथा सङ्ख्यात्मक योगदान नै रहेको पाइन्छ । विषयवस्तुगत विविधताभित्र राष्ट्रिय, अन्तर्राष्ट्रिय रूपमा रहेका सामाजिक, राजनीतिक,आर्थिक आदि विभिन्न सवल पक्षलाई व्यङ्ग्यात्मक शैलीद्वारा कवितात्मक उचाइ  दिनु उनले नेपाली साहित्यलाई दिएको योगदान हो ।

# चौथो परिच्छेद

# कविता विश्लेषणको सैद्धान्तिक आधार

## ४.१ कविताको व्युत्पत्ति र परम्परा

काव्य साहित्यको एक विधा हो । पूर्वीय तथा पाश्चात्य साहित्यमा छुट्टाछुट्टै रूपले यसलाई चिनाउने काम भएको छ । कवितालाई चिनाउन यहाँ काव्यको व्युत्पत्तिमूलक अर्थ र परम्पराको सङ्क्षिप्त रूपमा चर्चा गरिएको छ ।

### ४.१.१ काव्य सम्बन्धी पूर्वीय र पाश्चात्य मान्यता

प्राचीन समयमा पूर्वीय साहित्यमा काव्यलाई साहित्यको पर्यायवाची शब्दको रूपमा लिइन्थ्यो । यसै क्रममा काव्य र कवि शब्दलाई पूर्वीय आचार्यहरुले एकैसाथ चर्चा गरेका छन् ।

प्राचीनकालमा साहित्यको समुच्यलाई वाङ्मय भनिन्थ्यो र त्यसले काव्यात्मक शब्दले युक्त साहित्य भन्ने बुझाउँथ्यो । समाजकल्याणको भावनाले भरिएको भाव वा लिखित रचनालाई साहित्यका रूपमा परिभाषित गरिएको पाइन्छ । यस परिप्रेक्ष्यमा कविता लयात्मक भाषिक अभिव्यक्तिको वाङ्मय हो र भाषिक क्षेत्रको लयात्मक सौन्दर्यको उपज पनि हो ।[77] त्यसैले साहित्यमा शब्द र अर्थ दुबैको सहयोगले कुनै पनि भाव व्यक्त गरिएको हुन्छ ।

कवि शब्दमा व्यत् प्रत्यय लागेर काव्य शब्द बनेको हो । कवि 'कव' धातुमा 'इन' प्रत्यय लागेर बनेको हो जहाँ 'कव' धातुले सर्वज्ञता र वर्णन कौशलमा निपूर्ण व्यक्ति भन्ने बुझाउँछ ।[78]

यस दृष्टिले कवि भन्नाले सर्वज्ञ एवम् वर्णन कौशलमा निपूर्ण व्यक्ति भन्ने बुझिन्छ । पूर्वीय साहित्यमा काव्य र कविता समानार्थी शब्दका रूपमा प्रयोग भएका छन् । कविको कर्म काव्य र कविद्वारा सिर्जना गरिएको रचनालाई कविता भनिएबाट काव्य वा कविता भन्नाले दर्शनले सम्पन्न स्रष्टा भन्ने बुझिन्छ अर्थात् दिव्य दृष्टिचेतना र स्वतःस्फूर्त संवेदनीयताका

[77] वासुदेव त्रिपाठी र अन्य, **साझा कविता**, काठमाडौं साझा प्रकाशन, २०४६, पृ.९५ ।
[78] शिवराम आप्टे, **संस्कृत हिन्दी कोश**. वाराणसी, मोतीलाल बनारसीदार इ. १९६६, पृ. २७६ ।

आधारमा आफ्नो परिवेशबाट उपलब्ध अनुभूतिलाई काव्य र त्यसको अभिव्यक्ति गर्नेलाई कवि भनिन्छ ।

### ४.१.२ काव्यको परिभाषा

पूर्वीय एवम् पाश्चात्य साहित्यमा प्राचीन समयदेखि नै ‘काव्य’ शब्द प्रयोग भएको पाइन्छ । प्राचीनकालमा समुच्चय साहित्यलाई वाङ्मय भनिन्थ्यो । वाङ्मय भनेको शब्दहरुले भरिएको रचना हो ।[79] । कालान्तरमा वाङ्मय शब्दले शास्त्र र साहित्य दुबैको प्रतिनिधित्व गरे तापनि साहित्यलाई भिन्नै ढङ्गले परिभाषित गर्न थालियो ।

समाजको हित गर्ने भाव रहेको साहित्यको एउटा शाखा काव्य हो । काव्य वाङ्मय र साहित्यभन्दा भिन्न विधा हो । साहित्यअन्तर्गत काव्य, नाटक, आख्यान र निबन्ध जस्ता विधा पदर्छन् । प्राचीन कालमा यी विविध विधामध्ये फष्टाएको विधा काव्य हो । त्यसकारण प्राचीन समयमा साहित्य भन्नाले काव्य भन्ने बुझिन्थ्यो तर आधुनिक साहित्यमा आएर काव्यको अर्थ फेरिएको छ । अहिले काव्य भन्नाले गद्यात्मक र पद्यात्मक कृतिहरुलाई मात्र बुझिन्छ ।

पूर्वीय साहित्यमा संरचनागत आयामका दृष्टिले कवितालाई लघुतम, लघु, मझौला, वृहत्  वृहत्तर रूपमा विभाजन गरिएको पाइन्छ । लघुतममा मुक्तक, लघुमा फुटकर कविता, मध्यममा खण्डकाव्य र बृहत् र बृहत्तरमा महाकाव्य पर्दछन् ।[80] पाश्चात्य साहित्यमा भने कवितालाई फुटकर र वृहत् मात्र भनिएको छ ।

साहित्य गतिशील र परिवर्तनशील विधा भएकाले यसको कुनै ठोस परिभाषा दिन कठीन छ । पूर्वीय र पाश्चात्य काव्य चिन्तकहरुले प्राचीन कालदेखि नै काव्यका बारेमा विचार विमर्श गर्दै आएका छन् तर पनि आजसम्म कुनै सर्वमान्य परिभाषा स्थापित हुन सकेको देखिदैन । कविताको सैद्धान्तिक चिनारीका क्रममा पूर्वीय र पाश्चात्य दुबै साहित्य शास्त्रीहरुका मान्यताहरुलाई तुलनात्मक रूपमा हेर्न उपयुक्त हुने हुँदा यहाँ काव्यसम्बन्धी  मुख्य मुख्य परिभाषा क्रमशः प्रस्तुत गरिएको छ :

---

[79] पूर्ववत् ।

[80] वासुदेव त्रिपाठी र अन्य (सम्पा) **नेपाली कविता भाग ४**, द्वितीय संस्करण, काठमाडौं साझा प्रकाशन २०५३, पृ.१२ ।

क) **पूर्वीय साहित्यशास्त्रीहरुका काव्यसम्बन्धी परिभाषाहरु**

भरत-"कोमल र ललित शब्दयुक्त, गूढ शब्द र अर्थ नभएको, सबैले सजिलै बुझ्न सक्ने, नृत्यमा सजिलै प्रयोग गर्न सकिने अनेक रसहरु भएको, सन्धियुक्त काव्य नै श्रेष्ठ काव्य हो ।"[81]

भामह- "शब्द र अर्थको सहभाव काव्य हो, गद्य र पद्य गरी यो दुई प्रकारको हुन्छ ।"[82]

दण्डी- "अभीष्ट अर्थले भरिएको पदावली काव्य हो ।"[83]

वामन-"रीतिआत्मा हुने गुण र अलङ्कारद्वारा सुसज्जित शब्द र अर्थ नै काव्य हो ।"[84]

अग्निपुराण- "अलङ्कार र गुणले युक्त दोषमुक्त भएको र सङ्क्षेपमा व्यक्त गरिएको पदावली काव्य हो "[८५] ।

मम्मट-"अलङ्कार नभए पनि दोषरहित गुणयुक्त शब्द र अर्थ नै काव्य हो ।"[86]

आनन्दवर्द्धन- "शब्दार्थ शरीर भएको ध्वनि आत्मा हुने रचना नै काव्य हो ।"[87]

विश्वनाथ-"रसिलो वाक्य नै काव्य हो ।"[88]

जगन्नाथ-"सुरम्य अर्थ पस्किदिने शब्द नै काव्य हो ।"[89]

---

[81] टंकप्रसाद न्यौपाने, **साहित्यको रूपरेखा**, काठमाडौं साझा प्रकाशन, २०३८ पृ.६१।

[82] भानुभक्त पोखरेल, **साहित्य र सिद्धान्त**, विराटनगर, श्याम पुस्तक भण्डार, २०४०, पृ. ११३ ।

[83] भोलानाथ तिवारी (सम्पा), **बृहत् पर्यायबाची शब्दकोश**, दोस्रो संस्करण, वराणसीः हिन्दी किताव मण्डल, इ.१९६२, पृ.४८ ।

[84] पूर्ववत् पृ. १२४ ।

[85] मोहन हिमांशु थापा, **साहित्य परिचय**, चौथो संस्करण, काठमाडौं साझा प्रकाशन, २०५० पृ.३५ ।

[८६] हेमाङ्गराज अधिकारी, **पूर्वीय समालोचना सिद्धान्त**, चौथो संस्करण, काठमाडौं साझा प्रकाशन, २०५०)
, पृ ६

[87] केशवप्रसाद उपाध्याय, **पूर्वीय साहित्य सिद्धान्त**, दोस्रो संस्करण, काठमाडौं, साझा प्रकाशन २०४०, पृ. १०)

[88] भानुभक्त पोखरेल, पूर्ववत्, पृ.११३ ।

[89] पूर्ववत् पृ.११३ ।

**ख) पाश्चात्य साहित्यशास्त्रीहरुको काव्यसम्बन्धी परिभाषा**

होमर-“कवि हुनका लागि दैवी प्रेरणा आवश्यक हुन्छ । ”[९०]

अरिस्टोटल-“काव्य-कविता भनेको भाषाद्वारा अभिव्यक्त हुने अनुकरणात्मक कला हो” ।[९१]

स्यामुयल जोनसन- “कविताको सारतत्त्व आविष्कार हो  यो यस्तो अप्रत्याशित आविष्कार हो, जसले विस्मात र आनन्दित बनाउँछ ।”[९२]

फ्रान्सिस् बेकन- “कविता भनेको वास्तविक संसारभन्दा राम्रो संस्कारको सृजना गर्नु हो ।”[९३]

वर्डस्वर्थ- “कविता शक्तिशाली अनुभूतिहरुको उच्छलन हो । यसको उत्पत्ति शान्त समयमा सम्झना गरिएका आवेगहरुबाट हुन्छ । ”[९४]

हड्सन- “कल्पना र भावनाद्वारा गरिएको जीवनको व्याख्या नै कविता हो ।”[९५]

**ग) नेपाली विद्वान्हरुको काव्यसम्बन्धी परिभाषा**

लक्ष्मीप्रसाद देवकोटा- “कला भनेको सिर्जनात्मक कल्पनाद्वारा सत्यको सुन्दर प्रकाशन हो । सत्य तीन प्रकारका हुन्छन्- व्यावहारिक, दार्शनिक र काल्पनिक । म काल्पनिक सत्यलाई ज्यादा रुचाउँछु ।”[९६]

बालकृष्ण सम- “कविता भावनाको बौद्धिक कोमलता हो । ”[९७]

---

[९०] टेकलुई रवट्र्स सम्पा, **न्यू साइक्लोपिडिया अफ प्राक्टिकल कोटेसन**, तेस्रो संस्करण, न्यूकोर्क पङ्क एण्ड बागनल्स कम्पनी,१९४०, पृ ६०३ ।

[९१] भानुभक्त पोखरेल,पूर्ववत् पृ. १२५ ।

[९२] टेकलुई रबटर्स, पूर्ववत्  ।

[९३] बर्टन स्टेभेन्स सम्पा, **द होम बुक अफ कोटेसन**, नवौं संस्करण, न्यूर्योक फङ्क एण्ड वागनल्स कम्पनी, १९४०, पृ ६०३ ।

[९४] पूर्ववत्।

[९५] विलियम हेनरी हड्सन, **एन इन्ट्रडक्सन टु द स्टडी अफ लिटरेचर**, नवौं संस्करण (न्यू दिल्ली) कल्याणी पव्लिसर्स १९०९), पृ ४५ ।

[९६] लक्ष्मीप्रसाद देवकोटा *कला र जीवन* **लक्ष्मी निवन्ध सङ्ग्रह**, काठमाडौं, साझा प्रकाशन, २०४९ पृ. ८६-८७ ।

[९७] बालकृष्ण सम, *मेरो भन्नु*, **आगो र पानी**, दोस्रो संस्करण, काठमाडौं, साझा प्रकाशन, २०४९ ।

रामकृष्ण शर्मा- “कविलाई म मानव हृदयभित्र सुषुप्त रहेको दैवी अंशको स्वेच्छालाई भाषामा प्रकट गर्ने माउथपिस सम्झन्छु । ”[98]

वासुदेव त्रिपाठी- “कविता जीवन जगतका मूल्यवान् अनुभवको काल्पनिक कलात्मक अथवा मुक्त लयात्मक भाषिक सङ्कलन हो । ”[99]

मोहनराज शर्मा - “कविता भावनात्मक वा बौद्धिक कथ्यको पद्य लयात्मक संरचना हो । ”[100]

काव्य सम्बन्धी उपर्युक्त परिभाषालाई हेर्दा विद्वान्हरुको काव्यसम्बन्धी धारणामा मतऐक्यता पाइन्न । पूर्व र पश्चिमका विभिन्न विद्वान्हरुले आ-आफ्नै प्रकारले कवितालाई परिभाषित गरेको पाइन्छ । माथि उल्लेखित सम्पूर्ण परिभाषाबाट आवश्यक कुराहरु समेटी यहाँ काव्यको परिभाषा निम्न प्रकारले गर्ने प्रयास गरिएको छ : “कविता भाषाका माध्यमद्वारा प्रस्तुत गरिने कविको अनुभूतिका कोमल, कलात्मक र रसात्मक अभिव्यक्ति हो” यही परिभाषाका आधारमा यस शोधपत्रमा कृष्ण जोशीका कविताहरुको विश्लेषण गरिएको छ ।

## ४.२ कविता विश्लेषणका सिद्धान्तहरु

### ४.२.१ काव्यका अङ्गहरु

साहित्यका विविध विधाहरुमध्ये कविता एक प्रमुख विधा हो । यस विधाका केही निजी उपकरण वा तत्त्वहरु हुन्छन् । कवितामा कल्पना, भाव र बुद्धिजस्ता आन्तरिक तत्त्व र रीति, गुण, औचित्य र अलङ्कार जस्ता बाह्य तत्त्वहरु रहेका हुन्छन् ।[101] भावपक्ष र कलापक्ष काव्यका

---

[98] रामकृष्ण शर्मा, **कवि दस गोर्खा**, दोस्रो संस्करण, काठमाडौं, साझा प्रकाशन, २०४९ ।
[99] वासुदेव त्रिपाठी र अन्य सम्पा, **नेपाली कविता, भाग-२**, काठमाडौं, साझा प्रकाशन, २०४८ पृ. २६४ ।
[100] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** दोस्रो संस्करण, काठमाडौं, साझा प्रकाशन, २०४०, पृ.२१ ।
[101] धिरेन्द्र बर्मा र अन्य (सम्पा), **हिन्दी विश्वकोश**, खण्ड २, वाराणसी : नागरी प्रचारिणी सभा, २०१९ पृ ५०४

तत्वहरु हुन् भने कल्पना तत्त्व, बुद्धितत्त्व र शैली काव्यका अन्य आवश्यक तत्त्व हुन् ।[102] यी विभिन्न धारणाहरुलाई हेर्दा काव्य निर्माणका लागि शीर्षक, संरचना, विषयवस्तु, लयविधान, भावविधान, बिम्ब, प्रतीक अलङ्कार र भाषाशैली जस्ता घटकहरु आवश्यक पर्छन् ।

## ४.२.१.१ कविताको शीर्षक

शीर्षक कविताको नामकरण मात्र नभएर कृतिका सारभूत भावविचारको सूचक सङ्केत वा उद्घाटकसमेत हो । त्यसैले शीर्षकलाई कविताको महत्त्वपूर्ण तत्त्व मानिन्छ । कृतिमा वर्णन भएको विषय र शीर्षकबीच अन्तः सङ्गति रहनुपर्छ । शीर्षक अभिधात्मक वा प्रतीकात्मक हुन सक्छ । शीर्षक विशेषीकृत भएमा यसले कृतिका अन्तर्बाह्य संरचना वा भाषाशैलीले बहन गरेका समग्र विषयवस्तुको केन्द्रीय भावलाई जाहेर गर्दछ ।[103] शीर्षक र केन्द्रीय कथ्यका बीचमा बाहिरी वा आन्तरिक सङ्गति भने हुनैपर्छ ।

## ४.२.१.२ कविताको संरचना

संरचना कुनै पनि वस्तुको मुख्य स्वरूप हो । संरचनाविना कुनै पनि वस्तु पूर्ण हुन सक्दैन । कृतिको संरचना भनेको पनि कृतिको सिङ्गो वा पूर्ण रूप हो । कविता अवयवयुक्त वस्तु भएकाले यसको संरचना भन्नाले कविताका सबै तत्त्वहरुको कुल योग भन्ने बुझिन्छ , जसबाट कविताको निर्माण भएको हुन्छ ।[104] प्राचीन काव्य रचनामा रस, छन्द, अलङ्कार, सर्ग र ढाँचालाई काव्यको संरचना मानिन्थ्यो भने आधुनिक कवितामा सर्ग, अनुच्छेद, पाउ, हरफ आदिलाई संरचना तत्त्व मानिन्छ । कवितामा सामान्यतः तीन प्रकारका संरचना पाइन्छ ।

**क) आख्यानात्मकता**

आख्यानात्मक कविता भनेको त्यो कविता हो जसमा कथाकथन हुन्छ । कविताको आख्यानात्मक संरचनामा कथावस्तुको आदि, मध्य र अन्त्यलाई योजनाबद्ध रूपमा विन्यास गरिएको हुन्छ । कविताको आख्यानात्मक संरचना त्यो हो जसमा हलुका पाराको कथाकथन

---

[102] बाबु गुलाव राय, **सिद्धान्त और साहित्य**,दिल्ली, रामलालपुरी, इ. १९५७, पृ. ४४ ।

[103] वासुदेव त्रिपाठी र अन्य (सम्पा), **नेपाली कविता, भाग-४**, द्वितीय संस्करण, काठमाडौं साझा प्रकाशन, २०५३, पृ. ३०

[104] मोहनराज शर्मा, **शैलीविज्ञान**, काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४८ पृ.३३ ।

हुन्छ । यसमा प्रयोग भएको कथावस्तुको आदि, मध्य र अन्त्यलाई सजिलै पहिल्याउन सकिन्छ ।[105]

**ख) नाटकीयता**

कवितामा दुई विरोधी पात्र वा भावका बीचमा द्वन्द्व, संवादतत्त्व, कथाकथनको उतारचढाव र घटनाका विभिन्न आकस्मिक भीडहरु आदि नाटकीय प्रभाव उत्पन्न गर्ने तत्त्वहरु भएको कवितालाई नाटकीय संरचना भएको कविता भनिन्छ ।

नाटकीय संरचना भएको कवितामा द्वन्द्व र तर्कवितर्क हुन्छ , जो एकालाप वा वार्तालाप पनि हुनसक्छ । वस्तुतः आकस्मिक मोडहरु नै नाटकीय संरचना भएको कविताका खास खास पहिचान हुन् । [106]

**ग) प्रगीतात्मक संरचना**

एउटा मूल वा केन्द्रीय भाव भएको कवितालाई प्रगीतात्मक संरचना भएको कविता भनिन्छ । यो प्रायः एकालाप ढाँचामा प्रस्तुत हुन्छ । यसमा व्यक्तिगत वा सामाजिक अनुभूति रहन्छ ।

प्रगीतात्मक संरचना भएका कविता प्रायः छोटा आकारका हुन्छन् । यसमा एउटै केन्द्रीय भाव वा विचार हुन्छ । जसको विस्तार सम्पूर्ण कवितामा भएको हुन्छ । [107]

### ४.२.१.३ कविताको विषयवस्तु

सर्जकले कुनै पनि कृतिको सिर्जना गर्दा कुनै एउटा विषयको चयन गरेको हुन्छ । विषयको चयनविना कृतिको निर्माण हुन सक्दैन । कविता सिर्जनाको क्रममा पनि सर्जकले कुनै एउटा विषयको चयन गरेको हुन्छ । विषयवस्तु रचनाका लागि छनौट गरिएको भावभूमि हो । कविले आफ्नो वरिपरिका धर्म, संस्कृति, रहनसहन, स्वभाव, प्रकृति, छटपटी, निस्सारता,

---

[105] पूर्ववत्, पृ. ३५
[106] पूर्ववत्, पृ. ३७
[107] पूर्ववत्, पृ. ३८

विवशता आदि जस्ता विभिन्न विषयको चयन गर्न सक्छ । जीवन भोगाइका क्रममा कविलाई उत्प्रेरित गर्ने वस्तु नै विषय बन्न सक्ने भएकाले विषय छनौटमा कवि स्वतन्त्र हुन्छ ।

## ४.३.१ काव्यका तत्त्वहरु

### ४.३.१.१ भावविधान

कविता भाषिक संरचना भएकाले यही भाषिक संरचनाभित्र भाव अभिव्यक्त भएको हुन्छ । भाव भन्नाले कविताका शब्दमा अन्तर्निहित शक्ति भन्ने बुझिन्छ । पूर्वीय साहित्यमा वस्तु, नेता र रस काव्यका अङ्ग मानिन्छन् । वस्तुमा भाव निहित रहने भएकाले कवितामा भाव अति आवश्यक हुन्छ ।

'भू' धातुमा 'धञ' प्रत्यय लागेर बनेको भाव शब्दको अर्थ अस्तित्ववान् वस्तुलाई नियमबद्ध गर्नु भन्ने हुन्छ । [108] भावले शब्द-शब्दको र समग्रमा रचनाको अर्थ प्रकट गर्छ । कविले विविध विषयलाई समेटेर काव्यरचना गर्ने भएकाले आफूले अनुभव गरेको ज्ञान तत्त्व नै कवितामा अभिव्यक्त हुन्छ । कविताको संरचना, कथनपद्धति, भाषाशौली र अन्य रूपात्मक तत्त्वका माध्यमबाट कवितामा भाव प्रकट हुन्छ । आख्यानीकृत र नाटकीकृत जुन रूपमा जीवनजगतको कथन गरिए पनि त्यसको केन्द्रीय तत्त्व भाव नै हुन्छ । [109] कविको क्षणविशेषको अभिव्यक्ति कवितामा निहित भएकाले कविको जीवनको क्षणिक वा समग्रताको प्रकटीकरण पनि कवितामा हुन्छ । कविताबाट पाठकहरुलाई प्राप्त हुने मूल वस्तु नै भाव भएकाले यसलाई कविताको अनिवार्य तत्त्वका रूपमा लिइन्छ ।

### ४.३.१.२ लयविधान

'लय' शब्द सङ्गीतका क्षेत्रबाट आएको शब्द हो । सङ्गीतका क्षेत्रबाट आएको लय शब्दले गायन, बादन, नर्तक आदिलाई परस्पर सूत्रबद्ध गर्ने काम गर्दछ । [११०] साहित्यमा प्रयोग हुने भाषालाई सामान्यतः गद्य र पद्य गरी छुट्याउने गरिन्छ । साहित्यका कथा, उपन्यास, नाटक

---

[108] शिवराम आप्टे, पूर्ववत्, पृ. ७३७ ।

[109] पूर्ववत्, पृ. ७३७

[110] वासुदेव त्रिपाठी र अन्य पूर्ववत, पृ.३१

निबन्ध आदि विधामा गद्य भाषा प्रयोग हुन्छ भने महाकाव्य, खण्डकाव्य, फुटकार कविता र मुक्तकमा पद्य भाषाको प्रयोग भएको हुन्छ , तर विचार पुऱ्याउनु पर्ने कुरा के छ भने पद्य हुँदैमा कविता हुने र गद्य हुँदैमा कविता नहुने कुराचाहिँ हुँदैन । गद्यमा पनि उत्कृष्ट कविताहरुको रचना हुन सक्छ , तर त्यस गद्यभित्र कलात्मकता र लयात्मकता हुनु अनिवार्य हुन्छ । पद्य वा छन्दमा लेख्दैमा कविता हुन्छ भन्न पनि सकिँदैन । कवितालाई चाहिने सम्पूर्ण तत्वहरु भएनन् भने कविताको स्तरमा ह्रास आउँछ । उदाहरणका लागि प्राचीन आयुर्वेद, ज्योतिषशास्त्र, धर्मशास्त्र, अर्थशास्त्र आदि ग्रन्थहरु छन्दमा लेखिए पनि कविता होइनन् तर सम, देवकोटा र रिमालका गद्यमा लेखिएका ‘चिसोचूल्हो’ ‘प्रमिथस’ र ‘आमाको सपना’ उत्कृष्ट कविता बन्न सफल भएका छन् । त्यसैले कविता गद्य वा पद्य जे भए पनि लयात्मक नै हुन्छ । कवितालाई अन्य विधाबाट अलग देखाउने तत्त्व नै लय भएकाले लयविधान कविताको महत्त्वपूर्ण पक्ष हो ।

### ४.३.१.३ भाषाशैली

विचार विनिमयको सशक्त साधन भाषा हो । भाषाकै माध्यमबाट कविता सम्प्रेषित हुन्छ । सामान्य जनभाषा कच्चा भाषा हो भने साहित्यमा प्रयोग हुने भाषा परिष्कृत भाषा हो । कविता विशिष्ट भाषामा नै लेखिएको हुन्छ । [111] भाषाशैली भनेको चाहिँ भाव प्रकाशनका लागि चाहिने अभिव्यक्ति कौशल हो । भाषाशैलीले कवितालाई लयात्मक बनाउँछ । मुक्त लयमा लेखिएका कवितामा आन्तरिक संरचना नै लयात्मक हुन्छ भने बद्धलयमा लेखिएका कवितामा बाह्‍य आन्तरिक संरचना नै लयात्मक हुन्छ । विविध भाषिक विकल्पमध्येबाट बढी ललित र रागात्मक व्यञ्जक र लयात्मक हुने वर्ण, पद, पदावली, वाक्यखण्ड, वाक्य र अनुच्छेदविधान सिर्जना गर्नुलाई नै रचनाकारको विशिष्ट भाषाशैली मानिन्छ । [112]

कवितामा प्रयोग गरिने सङ्कथनगत पद्धतिलाई शैली भनिन्छ । शैली व्यक्तिपिच्छे फरकफरक हुने गर्छ । सरल आलङ्कारिक, नाटकीय, वर्णनात्मक आदि शैली कवितामा प्रयुक्त हुन्छन् । भावाभिव्यक्तिका लागि कवितामा अति आवश्यक तत्त्व भाषशैली हो । कवितालाई

---

[111] भागीरथ मिश्र, **पाश्चात्य काव्यशास्त्र : इतिहास सिद्धान्त और वाद**, (वाराणसी : विश्वविद्यालय प्रकाशन चौक इ. १९८८) पृ.१११ ।

[112] वासुदेव त्रिपाठी र अन्य (सम्पा, पूर्ववत् पृ. २० ।

काव्यात्मक उचाइ थप्ने र सर्जकको निजी पहिचान दिने काम भाषाशैलीले नै गर्दछ । भाषाशैली भित्र निम्नकुराहरू पर्दछन्:

### ४.३.१.३.१ बिम्बविधान

'बी' धातुमा 'बन्' प्रत्यय लागेर बिम्ब शब्द निर्माण भएको हो ।[113] बिम्बले लाक्षणिक अर्थ वहन गर्दछ । व्यापक अर्थमा भाषामा प्रयुक्त शब्द बिम्बात्मक हुन्छन् । बिम्ब प्रयोगबाट सुन्दर आलङ्कारिक र व्यञ्जनधर्मी बन्छ । बिम्बले लाक्षणिक अर्थ बहन गर्ने भएकाले यो कलात्मक वा सौन्दर्य तत्त्व हो । कवितालाई अर्थ र भाव गम्भीर बनाउने काम बिम्बले नै गर्दछ । कवितामा विम्ब विधानको स्वरुप कवि पिच्छे फरक हुन सक्छ । विम्बको शाब्दिक अर्थ प्रतिभा, छाया, प्रतिबिम्ब, प्रतिकृति, प्रतिरूप समानता आदि हुन्छ । बिम्बहरुको सामुहिक रूप वा समुहलाई बिम्ब विधान भनिन्छ । बिम्ब एकल शब्द, पदावली, वाक्य वा कतिपय सन्दर्भमा छोटो पूर्ण कवितामा पनि पाउन सकिन्छ । बिम्बले कवि र कवितालाई परिचित तुल्याउन र कवितालाई शक्ति प्रदान गर्न मद्दत गर्दछ ।

[113] शिवराम आप्टे, पृ. ७१७ ।

#### ४.३.१.३.२ प्रतीकविधान

प्रतीक शव्द संस्कृतबाट नेपालीमा आएको तत्सम शव्द हो । यसलाई अङ्ग्रेजी साहित्यमा सिम्बोल भनिन्छ । यसको अर्थ सङ्केत चिन्ह भन्ने हुन्छ । कुनै चिजलाई सङ्केत गर्न सजीव वा निर्जीव वस्तुलाई नै प्रतीक भनिन्छ । भाषाको शाब्दिक एकाइका माध्यमबाट व्यक्त हुने प्रतीक कवितात्मक वैशिष्ट्यका लागि आवश्यक तत्त्व मानिन्छ ।

कवितामा अभिधात्मक भाषाको प्रयोगभन्दा प्रतीक बढी महत्त्वपूर्ण र कलात्मक हुन्छ । प्रतीकमय भाषाले मानवीय संवेग र संवेदनालाई व्यञ्जनात्मक रूपमा प्रस्तुत गर्दछ , शब्द र अर्थको नवीन सन्दर्भलाई व्यक्त गर्दछ ।[114] प्रतीक व्यङ्ग्यमा भर पर्छ अर्थात व्यङ्ग्य समान हुन्छ । कवितामा प्रतीकले भाव तथा मानसिक चित्रलाई सजीवताका साथ उतारी विस्तृत अनुभूतिलाई समेटेको हुन्छ ।

#### ४.३.१.३.३ अलङ्कारविधान

काव्य सौन्दर्य सिर्जनाको मूल कारक तत्त्व नै अलङ्कार हो । भावलाई गहन र प्रभावमूलक बनाउन कवितामा शब्दालङ्कार र अर्थालङ्कारको प्रयोग गरिएको हुन्छ । पूर्वीय अलङ्कारवादी आचार्य भामहले अलङ्कारलाई व्यापक तात्पर्यमा स्विकार्दै काव्य-सौन्दर्य नै अलङ्कार भएकाले यो नै काव्यको आत्मा वा सर्वोच्च तत्त्व भएको घोषणा गरेका छन् ।[115] अलङ्कारले काव्यको शोभा बढाउनमा आभूषण अर्थात गहनाले झैं काम गर्दछ ।

### ४.३.१.४ उद्देश्य

साहित्यको उद्देश्य र प्रयोजनले एउटै कुरालाई जनाउँछ । यसले अपेक्षित परिणाम तथा वैयत्तिक प्रयोजनका लागि हुने सहभागिता समेतलाई वुझाउँछ । हरेक विधाका साहित्यिक कृतिको सिर्जना उद्देश्यमुलक ढगंले गरिने हुँदा साहित्य सिर्जनाका पछाडि प्रत्यक्ष वा परोक्ष रुपमा कुनै न कुनै प्रकारको उद्देश्य अन्तरनिहीत हुन्छ । विना उद्देश्य कुनै पनि साहित्यिक

[114] रमेश भट्टराई, **प्रतीकयोजना र केही नेपाली गद्य कविता** प्रज्ञा,पृ. २२

[115] ईश्वरकुमार श्रेष्ठ, **पूर्वीय एवं पाश्चात्य साहित्य समालोचना, प्रमुख मान्यता, वाद र प्रणाली**, काठमाडौं, साझा प्रकाशन, २०५१, पृ. १११ ।

कृतिको रचना गरिदैन र हरेक कृति कुनै न कुनै प्रयोजन पूर्तिका लागि रचिन्छन् । आधुनिक कविता लेखनको उद्देश्य मनोरञ्जन शिक्षा, आनन्द, लोककल्याण, यर्थाथको प्रकटीकरण आदि देखिन्छ ।

### ४.३.१.५ दृष्टिबिन्दु

कविको भावना, अनुभूति, चिन्तन, संवेग आदिलाई अभिव्यक्ति गर्ने सूक्ष्म प्रक्रियालाई दृष्टिबिन्दु भनिन्छ । कवितामा प्रयुक्त पात्रका माध्यमवाट दृष्टिबिन्दु प्रस्टिन्छ । दृष्टिबिन्दु दुई प्रकारको हुन्छ : प्रथम पुरुष दृष्टिबिन्दु, तृतीय पुरुष दृष्टिबिन्दु । प्रथम पुरुष दृष्टिबिन्दुलाई आन्तरिक दृष्टिबिन्दु पनि भनिन्छ। यसमा कविले प्रथम पुरुषात्मक शैलीमा वा म पात्रको प्रयोग गरी वैयक्तिक भाव, मानसिकता,संवेग आदिको माध्यमबाट आफ्नो अनुभूतिलाई प्रस्तुत गरेको हुन्छ । तृतीय पुरुष दृष्टिबिन्दुलाई बाह्य दृष्टिबिन्दु पनि भन्ने गरिन्छ । यसमा कविले सर्वज्ञ भएर कुनै व्यक्तिको नाम वा तृतीय पुरुष पात्रका घटना/विचार वा अनभूति व्यक्त गर्दछ।

# पाँचौं परिच्छेद

# कृष्ण जोशीका कविता सङ्ग्रहहरूको विश्लेषण

## ५.१ पोखरीभित्रको शताब्दी कविता सङ्ग्रहको विश्लेषण

प्रस्तुत कृति कवि कृष्ण जोशीको पहिलो कविता कृति हो । यस कविता सङ्ग्रहमा कविले देखेका एवम् अनुभव गरेका समकालीन समाजका अन्याय, अत्याचार, कुरीति, युद्ध तथा आर्थिक, सामाजिक, राजनीतिक, धार्मिक र सांस्कृतिक पर्यावरणमा मौलाएका विकृति र तिनीहरूप्रतिको असन्तोष, निराशा, कुण्ठा, व्यङ्ग्य आदि अभिव्यक्त भएका छन् । वि.सं. २०१९ सालदेखि वि.सं. २०५४ सालसम्म रचना भई विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भइसकेका कविताहरूका अतिरिक्त अन्य कविताहरूसमेत जम्मा ४१ वटा फुटकर कविताहरू यस कवितासङग्रहमा सङ्कलित छन् ।

### ५.१.१ शीर्षक

शीर्षक र समग्रकृतिले सङ्गति बहन गर्न सकेको छ, छैन भन्ने विषयलाई ध्यान दिनु कृतिको अध्ययनमा अनिवार्य हुन्छ । यस कवितासङ्ग्रहरूको शीर्षक सङ्कलित कविताहरूबाट नभई सबै कविताहरूलाई समेटेर सम्पूर्ण कविताको प्रतिनिधित्व गर्ने गरी छुट्टै शीर्षक राखिएको छ । **पोखरीभित्रको शताब्दी** शीर्षक प्रतीकात्मक र साङ्केतिक छ । आज २१ औं शताब्दीको पूर्वसन्ध्यामा पनि हामी नेपालीहरूको मनस्थिति बाह्रौं - तेह्रौ शताब्दीको चिसो पोखरीमा पौडिरहेको छ, यस्तो मनस्थिति बोकेर बसेका नेपालीले २१ औं शताब्दीलाई कसरी वरण गर्लान् ? भन्ने प्रश्न नै प्रतीकात्मक र साङ्केतिक रूपमा **पोखरीभित्रको शताब्दी** शीर्षक रहेको छ । आन्तरिक शीर्षकहरू पनि प्राय : यस्तै प्रतीकात्मक रूपमा राखी यसै विषयलाई समेटेको हुँदा कविता र मूलशीर्षकको भावसंयोजन भएको देखिन्छ । यसरी प्रस्तुत कवितासङ्ग्रह शीर्षक चयनमा परम्पराभन्दा नौलो प्रयोगसमेत बन्न पुगेको छ ।

### ५.१.२ संरचना

संरचना भन्नाले साहित्यिक कृतिको बनोट भन्ने बुझिन्छ । कुनै पनि रचना वा कृतिको आन्तरिक र बाह्य संरचना हुन्छ । यस कविता सङ्ग्रहलाई हेर्दा यसको बाह्य संरचना पद, पदावली, खण्ड, परिच्छेद, अनुच्छेद, विश्राम आदिलाई आत्मसात गर्दै गद्यलयका ४१ वटा छोटा तथा मझौला कविताहरू रही १०० पृष्ठमा संरचित  छ । आन्तरिक संरचनामा कविताभित्र रहेका पङ्क्ति, अनुच्छेदहरूको लयगत विस्तार, तुकबन्दी आदिलाई हेरिने हुनाले त्यसलाई प्रष्ट्याउने प्रयास गरिएको छ ।

### ५.१.३ विषयवस्तु

कविले देखेका, भोगेका र अनुभव गरेका जीवनजगतका यावत विषयवस्तुलाई टिपेर त्यसैको केन्द्रीयतामा कविता रचना गरेको हुन्छ । कविले  कुनै विषयलाई लिएर त्यसको भावस्पर्शले आफ्नो मनोलोकमा उब्जिएका तत्क्षणिक अनुभव र  अनुभूतिलाई शब्दालवलीले अर्थ्याउन खोज्छ । यसरी आफ्ना भावनात्मक तरङ्गहरूको लयात्मक अभिव्यक्ति प्रस्तुत गर्दा कविता सिर्जना हुन जान्छ ।

कवि कृष्ण जोशीका कवितामा पनि विषयवस्तुगत विविधता पाइन्छ । यस कविता सङ्ग्रहमा कविले जीवन र जगतका मूर्त तथा अमूर्त विविध विषयवस्तुमाथि प्रकाश पार्ने उद्देश्यले त्यस्तै विषयको चयन गरी कविता सिर्जना गरेका छन् । यस सङ्ग्रहका कविताहरूले प्रकृतिप्रेम, राष्ट्रियता, समसामयिक युगीन चित्रण, सामाजिक, धार्मिक, राजनैतिक चेतना, व्यङ्ग्यात्मकता, युद्ध,आक्रोश, निराशा, उन्माद मान्छेका अकर्मण्यता, अन्याय अत्याचारका साथै गरिब निमुखा जनताको आर्थिक स्थितिको चित्रण आदि  विविध विषयलाई समेटेको पाइन्छ । मानवीय अनुभवको मनोदशा जीवनको समग्रतालाई देखाउने आत्मगत अभिव्यक्तिले सृजित रूप नै कविताको केन्द्रीय भाव विचार हो । समाजमा विद्यमान अन्याय, अत्याचार शोषण, दमन, युद्धको सन्त्रास, धार्मिक आडम्बर र निरीह जनताप्रति सत्ताधारी र ठूलाठालुले गरेको अन्याय आफ्ना आँखाले देख्नुपरेको, भोग्नुपरेकोमा कविको हृदय कहिले उत्तेजित, कहिले संवेदनशील र कहिले निराश, कुण्ठित, अनि कतै स्वच्छन्द भएर पनि कवितामा पोखिएको छ ।

कविले प्रस्तुत कविता सङ्ग्रहमा विभिन्न ढङ्गले आफ्ना भावनात्मक अनुभूतिहरू व्यक्त गरेका छन् । नेपालको भौगोलिक वातावरण, देशभित्रका तमाम विसङ्गत स्थितिहरू तथा नाजुक आर्थिक स्थितिका कारण अर्काको गुलाम बन्नुपर्ने अवस्थाका गरिब नेपालीहरूको दयनीय अवस्थाको यथार्थचित्र उनका कविताहरूमा सफलरूपमा उत्रेको छ । यिनै तमाम विसङ्गति र मानवमूल्यको क्षीणतालाई देखेर आरम्भमा कविमा निराशा, पलायन, विसङ्गति र अस्तित्ववादी चिन्तन तथा केही अस्पष्टताको आभास पाइन्छ तर उत्तरार्द्धतिर आइपुग्दा उनी यसबाट टाढिँदै अस्तित्वको खोज, व्यङग्यात्मकता, राष्ट्रियता, प्रकृतिचित्रण, स्वच्छन्दता र श्रृङ्गारिकतातर्फ अभिमुख हुँदै गएका छन् । विविध विषयवस्तु र भावविचारलाई अँगाल्दै लेखिएको प्रस्तुत कवितासङ्ग्रहको अध्ययन प्रस्तुत गरिन्छ ।

**(क) राष्ट्रियता**

यस कविता सङ्ग्रहका कवितामा कविको राष्ट्रियता झल्केको पाइन्छ । उनी नेपाली हुनुमा गौरव गर्दछन् । नेपाललाई हिमालको देश, सगरमाथाको देश, यस देशका बासिन्दा वीर साहसी नेपाली जाति पर्यटकहरूका आँखामा मात्र नभएर संसारका जुनसुकै कुनामा पुगेर आफ्नो साहस र वीरता देखाउन सक्ने अरू कोही होलान् र ? भन्ने भावमा कवि लेख्छन् :-

सेता सेता हिमाल टल्किएर

पर्यटकहरूका आँखाभरि, क्यामराभरि

\+ \+

हामीजस्तै वीर, साहसी नायक,

अभिनय गर्न सक्छन् कि ।

(लासहरूको मञ्चनमा, पृ. ७२)

त्यसरी नै कवि आफ्नो देश छाडेर चाँडै पैसा कमाउने सपना बोकेर विदेशी राष्ट्रहरूमा काम गर्न गएका युवाहरूलाई विदेशमा प्राप्त हुने क्षणिक लाभमा नअल्मलिई स्वदेशमा आई देशको सेवा गर्न आमन्त्रण गर्दै लेख्छन्: -

तिमी विदेश बाँच

हामीलाई हाम्रै घर बाँच्नदेऊ

आजको बिलमा कुनै टिप होइन

देश फर्कने आमन्त्रण मात्र लेखिदेऊ ।

(आमन्त्रण मात्र लेखिदेऊ, पृ. २९)

**(ख) सामाजिकता**

कवि जोशीले समाजमा विद्यमान विसङ्गति, शोषण, अन्याय अत्याचार, आर्थिक समस्या आदिलाई आफ्ना कवितामा यथार्थपरक ढङ्गले प्रस्तुत गरेका छन् । कवि नेपाली ग्रामीण समाजको सजीव चित्रण गर्दै लेख्छन् :-

छोराछोरीहरू पाठशाला होइन मधेस झर्नुपर्ने भयो

किताब र कलम होइन

नुन र गुन्युचोलो बोक्नुपर्ने भयो

सुन्तला  र आलु बोकेर

वर्षदिनलाई पुग्ने भोटो, पटुका र तेल बोकेर

फिर्न सक्ने भयो ।

\+ +

पुल बाटो र

बेलिब्रिज बनिने दिन कहिल्यै नआउने रहेछ

साहिँलो मगरले भन्दै थियो

चिराचिरा खाडल हाम्रो टाउकामा पर्ने

भयले हिंड्नुपर्ने

पुल कहिले कहिले बन्ने हो ।

(पुल कहिले बन्ने हो, पृ. ७५)

**(ग) राजनीतिक पक्ष**

प्रस्तुत कवितासङ्ग्रहका कविताहरूमा कविले तत्कालीन राजनीतिले सिर्जना गरेको विद्रुप परिस्थितिको चित्रण गर्दै त्यसप्रति तीखो व्यङ्ग्य प्रहार समेत गरेका छन् :

एक फेर हेर त,

सिनेमा गिद्ध झम्टिए झैं

वगरमा फ्याँकिएका लासले नपुरेर

स्याल चिहान खोतल्न तम्सेझैं

\+ +

एक टुक्रा खाजाको निम्ति

तँछाड, मछाड

दौडधुप, वादविवाद

नातावाद, चाकरीवाद-राजनीति ।

(बिहान र मरण, पृ. ९४)

त्यसरी नै प्रजातन्त्र पुनर्स्थापना हुँदा नेपाली जनताले ठूलो आशा गरेका थिए तर राजनीतिभित्र भएको खिचातानीले गर्दा जनताले कल्पित सुविधा पाउन सकेनन् । यही कुरालाई

सङ्केत गर्दै कवि प्रजातन्त्र त पुस्तकका पानाहरूमा, अक्षरहरूमा मात्र सीमित रहेछ भन्दै लेख्छन् :-

तिमीलाई हेर्ने मेरो रहर पुगेन

तिमीलाई छुने मेरो रहर पुगेन

\+ +

हिजोसाँझ लोडसेडिङ्ग थिएन

तिमीलाई मेरा किताबहरूमा खोजें

तिमी त मात्र अक्षरहरूमा रहेछौँ

तिमी त मात्र दराजभित्र किताबका पानाहरूमा रहेछौँ ।

(तिमी आयौ तिमी गयौ, पृ. ५६)

### (घ) प्रकृतिचित्रण

**पोखरीभित्रको शताब्दी** कवितासङ्ग्रहरूका कविताहरूमा प्रकृतिपरक विषयवस्तुसमेत समावेश गरेको पाइन्छ । प्रकृतिचित्रणका माध्यमबाट विद्रूपतालाई प्रस्तुत गरेर प्रकृतिचित्रणमा समेत प्रयोगवादी प्रवृत्तिलाई भित्र्याएका छन् । प्रकृतिचित्रण गर्ने क्रममा उनका कतिपय कविताहरूमा आञ्चलिकता समेत झल्किन पुगेको छ :

दन्यकथाले मेरो देशजस्तो उदाङ्गो

खोलाले बग्न बिर्सिएको बगरजस्तो उदाङ्गो

अनि चाहन्छौ हेर्न तिमी

फाँडिएको जङ्गलजस्तो

\+ +

गईसकेको छ दुर्घटनाको हवाइजहाजसँगै बतासेतिर

अनि टुक्रिइसकेको छ टिस्टुङ र सातघुम्तितिर ट्रकसँगै ।

(अस्तित्व ............ पृ. ८४)

बगर मान्छेहरू सपना उमारिरहेछन्

लालीगुराँसका रुखहरू आँखाभरि लेक ल्याएर ।

(स्वम्भयू आँखाले ............. पृ. ४५)

यसका अतिरिक्त उनले स्वच्छन्द रूपमा पनि प्रकृतिको चित्रण गरेका छन् । उनी आफ्नो प्रेय (तिमी शब्दद्वारा लक्षित) लाई भन्छन् :-

तिमी भने

मुटुको भित्तामा सम्पूर्ण रगतको प्रभावमयभन्दा ठूलो

सुखद रूपसे झर्ना हाँसेकी हुन्छौ

सम्पूर्ण ऋतुहरूको तिमी

एउटै हँसिलो मौसम हाँसेकी हुन्छौं ।

(छलाङ लिएर मृग, पृ. ६)

**(ङ) धार्मिक पक्ष**

कविले यस कवितासङ्ग्रहका कवितामा धर्मप्रतिको आफ्नो दृष्टिकोण राख्दै वर्तमान धार्मिक अन्धविश्वासप्रति व्यङ्ग्य गरेका छन् । उनी देवमूर्ति मान्दैनन् र सृष्टिको लागि ईश्वरलाई गाली पनि गर्दैनन्:

जुन रूपमा देख्छौं हामी

त्यो रूप ईश्वरको हुँदै होइन

जुन विश्वासले हेर्छौं हामी

ईश्वर त्यो विश्वासको हुँदै होइन

\+ +

तिमी जेसुकै भन

मान्छेको निर्माता मान्छे बाहेक ईश्वर होइन

मान्छेलाई बिगार्ने

तिमी जेसुकै भन मान्छे बाहेक ईश्वर होइन ।

(मान्छे र ईश्वर, पृ. २४)

**(च) सामन्तप्रति व्यङ्ग्य**

प्रस्तुत कवितासङ्ग्रहका कवितामा कविले देशका धनी र सामन्त वर्गको ऐस आरामको जीवनपद्धतिप्रति व्यङ्ग्य गरेका छन् :

जहाँ अलिकति ओत लाग्ने न्यानो होस्

मुस्ताङ क्षेत्रबाट यात्राको आरम्भ गरेर

न त पजेरोभरि घाम अटाएर

नयाँ सडकभरि उज्यालो हिँड्न सकिन्छ ।

(काँचको पर्खालभित्र, पृ. ८)

उपर्युक्त कवितांशले नेपालको राजनीतिमा भित्रिएको पजेरो संस्कृतिलाई समेत व्यङ्ग्य गर्न पुगेको छ, जुन प्रजातन्त्र पुनःस्थापनापछि राजनीतिक वृत्तमा छाएको विचलित संस्कारमध्ये एक मानिन्छ ।

कवि जोशीले प्रस्तुत **पोखरीभित्रको शताब्दी** कवितासङग्रहमा राष्ट्र र अन्तर्राष्ट्रिय क्षेत्रमा भईरहेको विनाशकारी समरहरू, युद्धपोतहरू, गाउँबस्तीमा बस्नेहरूको जीवनभोगाई, शहरी क्षेत्रमा व्याप्त विकृति, विसङ्गति, राजनीतिका नाममा भोकानाङ्गा निमुखा जनताको कारुणिक क्रन्दन, धर्मका नाममा हुने असहिष्णुता र प्रकृतिको तन्मय र मन्मय चित्रणसमेत विषयवस्तुका रूपमा व्यक्त गरेका छन् ।

## ५.१.४ भावविधान

कवि कृष्ण जोशीले **पोखरीभित्रको शताब्दी** कविता सङ्ग्रहमा जीवनले अनुभूत गर्ने क्षेत्र जन्मदेखि मृत्युसम्मको विभिन्न सोच अनुभूति तथा भावनाहरूलाई पोखरी र शताब्दीको माध्यमबाट व्यक्त गर्न खोजेका छन् । पोखरीले पानीसहितको स्थान र शताब्दीले एउटा पूरा जीवनको समयलाई इंगित गरेर जोशीले जीवनको सम्पूर्णतालाई सङ्ग्रहमा समेट्ने काम गरेका छन् । जीवनलाई नजिकबाट अनुभव गरिएका जोशीका कविताहरूमा परिवर्तनको एउटा नयाँ तथा बेग्लै आग्रह अरूका लागि टाउको र काँध थाप्ने अभिशप्त मान्छेको नियति, सर्वाङ्ग रुझेर पनि मनभित्र अतृप्तिबोध भइरहने अवस्था, आजको कोलाहल र उकुसमुकुसभित्र मनले खोज्ने शान्तिक्षेत्र, परम्परागत विचारहरूको विरुद्ध नयाँ विचारहरूको स्थापना तथा मानवीय भावनाहरूको सुन्दर चित्रण पाइन्छ । *चुँडिएर फालिएको आवाजहीन बूढो भ्वाइलन, आफ्नो रानीको खोजमा हिँड्ने प्रताप मल्लहरू, सगरमाथालाई होच्याएर अग्लिएका मान्छेहरू, सहरका अग्ला घरहरूले थिचिएका हाम्रा गीत र कविता, अन्तहीन प्रारम्भ मान्छे*जस्ता प्रतीकात्मक वाक्यांशका माध्यमले जीवनको नैराश्य, दयनीयपन र मानवीय नियतिहरूलाई कविले यस सङ्ग्रहमा प्रस्तुत गरेका छन् । *पुल कहिले बन्ने हो (पृ. ६०), लासहरूको मञ्चनमा (पृ.६८), अर्को धरहरा ढलेर (पृ. १), विषवृक्ष क्याक्टस र सर्पफूलहरू (पृ. १५), छलाङ लिएर मृग (पृ. ४), टुँडिखेलबाट सालिकहरूको प्रस्थान (पृ. ७६), मनहरू भेटिए मनहरू भेटिएनन् (पृ. ६३), बिनामूल्य चुम्बन बाँडिरहेछ (पृ. ५९), सर्वाङ्ग रुझेर तिर्खा बाँचिरहेछु (पृ. ५०)* आदि कविताहरूमा कविले मानवीय जीवनका संवेदनशीलता र सूक्ष्म अनुभूतिहरूलाई जीवन्त ढङ्गबाट प्रस्तुत गरेका छन् । वर्तमान जीवनमा मान्छेले भोग्नुपरेको अनेकौँ कष्टहरूलाई, विसङ्गतिहरूलाई कविले अधिकांश कवितामा समेट्ने प्रयास गरेका छन् । *सस्तो पाउन सक्ने*

*त मन मात्र छ ................ सस्तो बिक्रीमा त मन मात्र छ (पृ. ८२),* पङ्क्तिले हामीले भोगिरहेको यथार्थलाई अङ्कित गरेको छ । कविले मान्छेको मनभित्र अस्तित्वको खोजी गरेका छन् । *मान्छेको निर्माता मान्छेबाहेक ईश्वर होइन* (पृ. २५) भन्दै कविले नित्सेको अनिश्वरवादी दर्शनलाई व्यक्त गरेका छन् । समग्रतामा जोशीको यस कविता सङ्ग्रहका कवितामा युगजन्य पीडाका स्वरहरूको भावाव्यक्ति पाइन्छ ।

## ५.१.५ लयविधान

साहित्यका अन्य विधाबाट कवितालाई छुट्याउने मूल तत्त्व छन्द वा लयविधान हो । कविता छन्दमा रचियोस् या गद्यमा लय रहन्छ नै यसै कारण कविता सहज, सरल र श्रुतिमधुर हुन्छ । लयले कवितालाई साङ्गीतिक र गेयात्मक बनाउँछ । लयविधानका दृष्टिले कवि कृष्ण जोशीका कविताहरू गद्यलयका छोटा (१० पङ्क्तिसम्म) र लामा (१०४ पङ्क्तिसम्मका) हरफहरूले निर्मित छन् । सामाजिक भ्रष्टाचार र विसङ्गतिप्रति असन्तोष, निराशा र तीव्र व्यङ्ग्य प्रहार गर्दै रचिएका गद्य कवितामा भावगत सौन्दर्य र साङ्गीतिक प्रयोगले यिनका सम्पूर्ण कविता सङ्गीतमय बनेका छन् । यस कवितासङ्ग्रहका समग्र कवितालाई हेर्दा वाक्यगत समानता, वर्णगत समानता, अनुप्रासियता र शब्दको पुनरावृत्ति भएको पाइन्छ । अन्तर्अनुप्रास र अन्त्यानुप्रास प्रयोग भएका कविताहरूलाई यहाँ उद्धृत गरेर हेर्न सकिन्छः

(क) अटुट साँझको मुख बाएर

अटुट रातको मुख बाएर

(एक्लो जीवित नायक, पृ. ३०)

(ख) तिमी धेरै घरको ब्ल्याकआउट पनि आएथ्यौ

तिमी धेरै धेरै घरको अपहरण पनि आएथ्यौ

तिमी धेरै धेरै घरमा उज्यालो पनि आएथ्यौं

(तिमी आयौ ................ पृ. ५६)

(ग) सस्तो पाइने केही मान्छे पसल घुमिरहेछ

महँगी र अभाव भुल्न मोलतोल गरिरहेछ

कुन पसलमा मान्छे के किन्न दौडिरहेछ

थाहा छैन उसलाई सस्तो त आफै भइरहेछ ।

(मूल्य, पृ. ८३)

प्रस्तुत उदाहरण 'क' मा शब्दगत र वाक्यगत समानताका साथै अन्तर्अनुप्रास र अन्त्यानुप्रास मिलेकाले सफल लयात्मक प्रस्तुति पाइन्छ । उदाहरण 'ख' मा शब्दगत तथा वाक्यगत पुनरावृत्ति र अन्त्यानुप्रास भई लयात्मक बनेको छ । त्यसैगरी 'ग' मा शब्दगत अत्यानुप्रासले साङ्गीतिक लयको सिर्जना भएको छ । कठिन शब्द र प्रयोगधर्मिताका कारण कविता ठाउँ ठाउँमा दुर्बोध्य पनि भएका छन् । यसरी लयविधानका दृष्टिले उनका कवितामा भावाभव्यक्तिलाई रोचक ढङ्गले प्रस्तुत गर्न गद्यलयको प्रयोग गरेको पाइन्छ ।

### ५.१.६ बिम्ब प्रतीक र अलङ्कारविधान

समान गुणका आधारमा दृश्य वा अदृश्य कुनैपनि वस्तुको कल्पना गरी प्रतिबिम्बका रूपमा राखिएको कुनैपनि वस्तु वा चिन्हलाई प्रतीक भनिन्छ । त्यसरी नै कविता अथवा कृतिमा प्रस्तुत गरेको मुख्य कथ्य विषय, अर्थको सहचर प्रतिच्छायाका रूपमा आउने अर्को सहप्रस्तुत वा सहवर्ती अर्थ बिम्ब हो ।

कवितालाई सशक्त र भाव प्रवल बनाउन बिम्बको प्रयोग गरिन्छ । विम्ब र प्रतीकको उचित प्रयोगले कविका अन्तर्हृदयका भावाभिव्यञ्जनालई स्थूल र मूर्त रूप दिने गर्छ र भावना अमूर्त हुन्छ अन्तर्हृदयका भावलाई प्रकटीकरण गर्न कुनै न कुनै साधनको आवश्यकता पर्छ । बिम्ब र प्रतीक तिनै भावहरूलाई सफल रूपमा प्रकटीकरण गर्ने तत्त्व हुन् । मानिसले देखेका भोगेका जीवन जगत्का विभिन्न क्षेत्रमा नवीन एवम् पुरातन विविध बिम्ब तथा प्रतीकहरूलाई नयाँ शैलीमा प्रयोग गरेर भावाभिव्यक्ति दिएमा कवितामा बढी गम्भीर, बढी रोचकता र स्तरीयता आउँछ । प्रस्तुत **पोखरीभित्रको शताब्दी** कवितासङ्ग्रहमा कवि जोशीले राजनीतिक

सामाजिक विसङ्गति र प्रकृतिका विविध प्रतीक र बिम्बहरू नवीन ढङ्गले प्रयोग गरेका छन् । केही उदाहरणहरू :

फूलका गुच्छा गुच्छाजस्तै

आँखा आँखामा

मुटुमुटुमा उज्यालो र सुगन्ध फुलेपनि

बैशाखमा

अङ्गअङ्गभरि शीतलता निर्झर भएपनि

न त आगोका रङ्गहरुले

न त औंलाहरुले

स्पर्श गर्न सक्छौं

(आगोको रङ्ग, पृ.३४)

यो रात कस्तो डरलाग्दो

मन सखाप पार्ने

भीषण कालो ज्वाला दन्किए जस्ता

बैंस तिम्रो

विषालु रक्सी पोखिए जस्तो

उन्मत्त आवेश जस्तो ।

(विषालु बैंस, पृ.९७)

कृष्ण जोशीले कवितामा उत्प्रेक्षा, अतिशयोक्ति विषम, समासोक्ति, सैंश्लिष्ट तुल्ययोगिता, अर्थान्तरन्यास आदि अलङ्कारहरूको पनि सुन्दर प्रयोग गरेका छन् । त्यस्तै कतिपय स्थानमा प्रकृतिको मानवीकरण गरेर समेत अर्थालङ्कारको प्रयोग ~~त् अर्थालङ्कार उनका~~ कविताहरूमा भएको छ । यसरी कृष्ण जोशीका **पोखरीभित्रको शताब्दी** भित्रका कविताहरू अर्थालंङ्कार तथा शब्दालंङ्कारको

- Formatted: Font: 16 pt, Font color: Black
- Formatted: Font color: Black
- Formatted: Font: 16 pt, Font color: Black
- Formatted: Font color: Black
- Formatted: Font color: Black
- Formatted: Font color: Black
- Formatted: Font: 16 pt, Font color: Black
- Formatted: Font color: Black
- Formatted: Font: 16 pt, Font color: Black
- Formatted: Font color: Black

प्रयोगको दृष्टिले पनि सफल देखिन्छन् । कतिपय अलङ्कारहरूलाई बिम्बका रूपमा प्रयोग गर्ने कामसमेत जोशीले यहाँका कवितामा गरेका छन्।

Formatted: Font color: Black

## ५.१.७ भाषाशैली

भाषा भाव, विचार र अभिव्यक्तिको माध्यम हो भने अभिव्यक्तिको तरिका चाँहि शैली हो । यो कविताको बाह्य पक्षसँग सम्बन्धित हुन्छ । भाषाशैलीले रचनालाई सरल-जटिल, सरस-निरस, क्लिष्ट र सुबोध्य बनाउन भाषाशैलीको विशेष भूमिका रहन्छ ।

कृष्ण जोशीका कवितामा पछिल्लो चरणका केही कविताबाहेक सरलता, सरसता, सुबोधता पाइन्छ । उनका पछिल्लो चरणमा लेखिएका केही कविताहरू भने प्रयोगधर्मी भएकाले केही जटिल र क्लिष्ट बनेका छन् । साधारण बोलीचालीका भाषाका साथै झर्रा नेपाली शब्दको प्रयोग गरेका छन् । कविका मनमा उठेका भावना, विद्रोहको ज्याला र कुण्ठा, निराशाभाव अभिव्यक्त गर्ने क्रममा तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग छिटफुट रूपमा गरेका छन् । अनुप्रासियता, वर्णानात्मकता, व्यङ्ग्यात्मकता र आलङ्कारिक भाषा प्रयोगले उनका कविताहरू सरल र गेयात्मक बन्न पुगेका छन् ।

**(क) वर्णनात्मक**

भोजपुर र चैनपुरका सुन्तलाहरू

धरानतिर आउन पाएनन्

सुनिन्छ त्यतातिर पैँचो मागेर

नुन खानु पऱ्यो रे

(पुल कहिले ………… पृ. ७३)

**(ख) व्यङ्ग्यात्मकता**

सस्तो पाइने के हो मान्छे पसल घुमिरहेछ

महँगी र अभाव भुल्न मोलतोल गरिरहेछ

कुन पसलमा मान्छे के किन्न दौडिरहेछ

थाहा छैन उसलाई सस्तो त आफैँ भइरहेछ ।

(मूल्य, पृ. ८३)

### ५.१.८ निष्कर्ष

कवि कृष्ण जोशीले देखेका, भोगेका अनुभवहरूलाई कविताको मूल विषय बनाई प्रयोगवादी ढङ्गमा प्रस्तुत गरेका छन् । कविताका प्रतिपाद्य विषयका रूपमा राष्ट्रियता, देशप्रेम, प्रकृति चित्रण साथै सामाजिक, धार्मिक, राजनीतिक विसङ्गतिलाई चित्रण गर्दै अन्यायको विरुद्ध हृदयको आक्रोश मानवतावादी स्वर, कुण्ठा, निराशा आदि व्यक्त भएको छ । श्रृङ्गारलाई समेत कविताको प्रतिपाद्य विषय बनाई लघु र मझौला आयामका कविता रचना गर्ने जोशी यथार्थवादी प्रयोगवादी कवि हुन् । अलङ्कार रस र लयको समुचित प्रयोगका साथै नवीन र पुरातन बिम्ब - प्रतीकको प्रयोगले भावपक्ष सबल भएको छ । यिनले यथार्थवादी - प्रयोगवादी भाव धाराभित्र मानवता, यथार्थ र व्यङ्ग्य समेटी गद्यलयको अनुशासनमा समायोजन गरेका छन् । यसरी कविमा केही कुण्ठा, निराशाभाव देखिए पनि विभिन्न विसङ्गतिप्रति व्यङग्य, विद्रोह गर्दै शान्तिपूर्ण सहअस्तित्त्व र सामाजिक, राजनीतिक तथा धार्मिक सुधारको अपेक्षाभाव पोखिएका कविताहरूको सङ्ग्रह **पोखरीभित्रको शताब्दी** कवि कृष्ण जोशीको उल्लेखनीय उपलब्धि हो भन्न सकिन्छ ।

## ५.२ आगो समुद्र पानी समुद्र कविता सङ्ग्रहको विश्लेषण

**आगो समुद्र पानी समुद्र** वि.सं. २०५८ सालमा प्रकाशित कृष्ण जोशीको दोस्रो कविता सङ्ग्रह हो । यस कविता  सङ्ग्रहमा कविभित्र घोलिएका समकालीन मान्छेहरूका प्रतिच्छविहरूका अभिव्यक्तिहरू प्रकट भएका छन् भने यस सङ्ग्रहका कविताहरूमा मूर्त बिम्बहरूको प्रयोग गर्न खोज्दा खोज्दै पनि अमूर्तझैँ प्रकट हुन पुगेका प्रतिबिम्बहरूमार्फत मानवीय अन्तस्करणको मात्र होइन विश्रृङखलित रूपमा स्थापनोन्मुख चेतनाहरूको

विनिर्माणप्रति सचेतनाको प्रक्षेपणका रूपमा व्यक्त भएको छ । कवि जोशीको यो कविता सङ्ग्रह विशेषगरी काठमाडौंको सेरोफेरोमा केन्द्रित छ । काठमाडौंका गल्ली, यहाँका चोक र मोडहरूलाई समाएर कविले वर्तमान अन्योलग्रस्त स्थितिलाई खुलाएका छन् । वि.सं. २०१९ सालदेखि वि.सं २०५८ सालसम्म रचना भई विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भइसकेका कविताहरूका अतिरिक्त अन्य कविताहरू समेत जम्मा ४६ वटा फुटकर कविताहरू यस सङ्ग्रहमा सङ्कलित छन् ।

## ५.२.१ शीर्षक

**आगो समुद्र पानी समुद्र** कविता सङ्ग्रहको शीर्षक सङ्ग्रहभित्रका कविताहरूबाट नराखी जोशीको कविता लेखनका क्रममा उर्लिएको भावनात्मक ज्वार वा तरङ्गलाई उदाङ्गो पार्दै राखिएको छ । सङ्ग्रहमा **आगो समुद्र पानी समुद्र** शीर्षकको कविता छैन । *सहर यतिबेला सुतिरहेछ* शीर्षकको कविताका पङ्क्तिबाट उनले किताबको नामकरण गरेका छन् । ४६ वटा कवितामध्ये धेरैको शीर्षकमा काठमाडौं जोडिएर आएको छ । आगो र पानीको समुद्रबाट अहिलेको युग डढिरहेको र डुबिरहेको सन्दर्भमा सबै कवितालाई प्रतिनिधित्व गर्ने गरी कवि जोशीले कविता सङ्ग्रहको शीर्षक छनौट गरेका छन् ।

## ५.२.२ संरचना

संरचना कुनै पनि वस्तुको मुख्य स्वरूप हो । संरचनाले कुनैपनि कृतिको गाम्भिरर्यता, सौन्दर्यता र गेयतालाई प्रस्ट पार्दछ । कृष्ण जोशीको **आगो समुद्र पानी समुद्र** कविता सङ्ग्रहमा सङ्ग्रहित कविताहरूको संरचना एकै किसिमको पाइँदैन । यस सङ्ग्रहको सबैभन्दा छोटो कविता *कसैको छायामात्र हुँ* हो भने लामा कविताहरूमा *पाइताला सिर्फ पाइताला जो बादल टेकेर गयो, ईश्वर हाँस्न रुन सक्दैन, दुर्घटनाको अर्को संस्करण र हात र खुट्टा सगरमाथालाई* पर्दछन् । जम्मा १०३ पृष्ठ रहेको यस कविता सङ्ग्रहमा रहेका कविताहरूको पङ्क्ति र अनुच्छेदमा पनि एकरूपता पाइँदैन । थोरैमा तीन *पङ्क्तिको कसैको छायामात्र हुँ* हो भने ८० हरफको *दुर्घटनाको अर्को संस्करण* सबै भन्दा लामो कविता हो । हरफहरूको शब्द संयोजनमा पनि एकरूपता पाइदैन । कम्तीमा दुई शब्द देखि ९ शब्द सम्मका हरफहरू रहेका छन् । प्राय : सबै हरफहरू अपूर्ण छन् । शब्द संयोजनमा विचलन आएको हुनाले कविताको संरचनामा

एकरूपता छैन । कविले आफ्नो जीवनको निस्सारता र शून्यतालाई प्रस्तुत गरेको हुनाले कविताको ढाँचा प्रति प्रतीकात्मक रहेको छ ।

### ५.२.३ विषयवस्तु

यस कविता सङ्ग्रहका कविताहरूमा विषयवस्तुगत विविधता पाइन्छ । यस कविता सङ्ग्रहमा कविले मानवीय जीवनका घात प्रतिघात, पीडा र भोगाइका झिल्का र छालहरूलाई काव्यात्मक आवरणले बेरेर प्रस्तुत गरेका छन् । यस सङ्ग्रहका कविताहरूमा युद्ध, सन्त्रास, राजनीतिक विकृति, विसङ्गतिप्रतिको व्यङ्ग्य, समसामयिक युगीन चित्रण, सहरको निस्सार र अस्तित्वहीन जीवन, जीवनप्रतिको आशा प्रत्यासा, देशभक्तिको चित्रण आदि विविध विषयलाई समेटेको पाइन्छ । समाज र राष्ट्रिय परिवेश आगोको समुद्रभित्र सल्किरहेको र समग्र युग नै पानीको समुद्रभित्र डुबिरहेको छ भन्ने कुराको चित्रण गर्नु नै प्रस्तुत कविता सङ्ग्रहको केन्द्रीय भावविचार रहेको छ । समाजमा विद्यमान नातावाद, कृपावाद, धार्मिक विकृति, विसङ्गति, यौन मनोभावना, अस्तित्व सङ्कटमा पर्दै गएको मानवीय जीवन, अस्तित्वबोधको भावना जस्ता कुराहरू पनि कवितामा अभिव्यक्त भएका छन् ।

कविले प्रस्तुत सङ्ग्रहमा कुनै घटना विशेषबाट प्रभावित भएर भन्दा समसामयिक स्थितिबाट भोगेका अनुभूतिहरूलाई समेटेर कविता रचना गरेका छन् । उनका कविताहरूमा अनुभूति र भोगाइहरूका यथार्थ विचार र कुरूप वर्तमान प्रतिको लेखकीय आग्रह भने यत्रतत्र भेटिन्छ । कवि जोशीले मानवीय भावना र संवेदनालाई बारम्बार व्यक्त गर्दै आफ्ना कविताहरूमा सुखद भविष्य र जीवनको सहजताका लागि आफ्ना तर्कहरू प्रस्तुत गरेका छन् । विविध विषयवस्तु र भावविचारलाई निम्न लिखित ठाउँमा प्रस्तुत गरिएको छ ।

#### (क) सहरी परिवेशको चित्रण

कवि कृष्ण जोशीले *पानी भोजपुरमा तिर्खा काठमाडौंमा, पुनर्मृत्यु काठमाडौंको, अनुहारको गर्भाधान, सनाखतहीन मृत्यु असनमा, ग्रीन काठमाडौं र सडकको घाउ, काठमाडौंमा गुँरास, रत्नपार्कमा परेको साँझ,यहाँका मान्छेहरू र म, सहर यति बेला सुतिरहेछ र तृष्णा जुलुस* लगायतका कविताहरूमा सहरलाई विभिन्न सन्दर्भमा चित्रण गरेका छन् । काठमाडौंमा

पानीको समस्यामात्र होइन संवेदना र हार्दिकताको पनि उत्तिकै अभाव छ । सहर सबैको आकर्षण र गन्तव्यको केन्द्र हो । त्यसैले सबैको ध्यानाकर्षण वा लक्ष्यपूर्ति यसैमा निहित हुनु स्वभाविकै हो भन्ने कविको विचार रहेको छ । काठमाडौंमा जीवनको खोजी गर्न भौँतारिनेहरूको कमी छैन । केवल बाँच्नका लागि बाँच्नेहरूको हुल भएको शहरको वातावरणप्रति कवि आक्रोशित रूपमा प्रस्तुत भएका छन् :

गुराँसका बोटहरू गुराँस फूलका रङ्गहरू

अस्वीकार गर काठमाडौंलाई

(काठमाडौमा गुराँस, पृ. ६५)

प्रत्यक्ष राजधानीको साक्षी हो सहर

न त यसले बयान दिनुपर्छ

अदालतहरूमा उभिएर

पुस माघ भरि हिँउ सुत्ने अनिँदा रातहरूको

प्लास्टिकको छाता ओत लागेर

सार्वभौमिकताको जीर्ण टोपी लगाउनेहरूको

न त यसले एक थोपा आँसु झार्नुपर्छ

एम्बुस विस्फोटमा मर्ने आफन्तहरूको ।

(अनुहारहरूको गर्भाधान, पृ. २४)

यतिबेला सहर

बलात्कृत रातको निस्तेज बिहान निदाइरहेछ

सहर त आगो समुद्र बल्नुपर्थ्यो

पानी समुद्र बग्नुपर्थ्यो

(सहर यतिबेला सुतिरहेछ, पृ. ४५)

माथि उल्लेख गरिएका कविताहरूमा कवि जोशीले शहरको चित्रणसँगै अहिले मुलुकमा व्याप्त उत्साहहीनता, आतङ्क, नकच्चरोपन, आपसी द्वन्द्व, नग्नता, मूल्यहीनता र अतिक्रमणमाथि प्रहार गरेका छन् । निस्तेज बिहान, सुनसान बगर, निर्वाङ्ग चौर, नकचरो निद्रा, निलज्य रमिता, विरामी शरीर आदि प्रतीकमार्फत अहिलेको दयनीय र क्रुर स्थितिको चिरफारमा समेत कवि केन्द्रित भएको देखिन्छ ।

**(ख) राजनीतिक - सामाजिक विकृति, विसङ्गतिप्रति व्यङ्ग्य**

कवि कृष्ण जोशीले देशको राजनीतिक सङ्कट, अशान्ति, अराजकता, दूराचार, भ्रष्टाचार र यसले निम्त्याएका विकृति विसङ्गति लगायत सामाजिक जीवनका विविध विषयवस्तुलाई कविताको विषयवस्तु बनाएका छन् । यस कविता सङ्ग्रहका आतङ्कका *जीवित अवशेषहरू, कालभैरव आँखा र हाम्रो अनुहार, दुर्घटनाको अर्को संस्करण* लगायतका कविताहरूमा राजनीतिक तथा सामाजिक तथा सामाजिक विकृति विसङ्गतिले निम्त्याएका परिणामप्रति कविले तिखो व्यङ्ग्य प्रहार गरेका छन् :

निर्मम पाइला  र पञ्जाहरूको

निल डाम शरीरभरि

घाउ कति दुख्दो रहेछ

हामीले भोगेका

तिनै दुखाइ र चोटहरू

तिम्रो आङभरि लगाइदिऊँ कि ।

(आतङ्कका जीवित अवशेषशहरू, पृ. २२)

बागमती स्नानमा बिटुलिएको
दुर्बल देववंशजस्तो पनि छ
सुटकेश र ब्रिफकेशमा थुनिएपछि
देशभित्र पनि परदेशी हुने
देशबाहिर पनि परदेशी हुने
नागरिकताको पुरानो फोटोजस्तो पनि छ हाम्रो अनुहार ।

(काल भैरव आँखा र हाम्रो अनुहार, पृ. ५५)

आजभोलि
छयाप्छयाप्ती पानी होइन
रित्तो बाइस धारा आङ - आङमा छापिएको छ
आँखा-आँखामा
तिमीले दिएको
आउँदै नआउने
नग्न भविष्य कोलाहल नृत्य नाचिरहेछ ।

(दुर्घटनाको अर्को संस्करण, पृ. ७४)

## (ग) निराशावादी चेत, अस्तित्वबोध तथा अस्तित्व सङ्कट

कवि कृष्ण जोशीले जीवनमा भोगेका असफलता, निराशा साथै जीवनमा भोगेका विभिन्न विकृति विसङ्गतिलाई आफ्ना कविताको विषयवस्तु बनाएका छन् । अस्तित्वबोध र अस्तित्वको सङ्कटप्रति चिन्ता व्यक्त गर्दै लेखिएका कविताहरूमा *जहाँ केवल मान्छेहरू हिँडिरहेका छन्, आफ्नो मानचित्र आफैलाई पढाउँदा, स्वरहरूभरि गीता भएर, आफ्नो नयाँ*

*शिखर, तिम्रो अनुहार हेर्दा, हात र खुट्टाहरू सगरमाथालाई, अर्को क्षण, नयाँ अक्षरहरू आऊ, भिसमिसे प्रातः भन्दा होचा हामीहरू, कसैको छायामात्र हुँ हुन् । जहाँ केवल मान्छेहरू हिँडिरहेका छन्* शीर्षकको कवितामा मानिसले आफ्नो सामाजिक कर्तव्य बिर्सेर हिँडिरहेकोले आफ्नो मातृभूमिलाई चिन्न छाडेको वस्तुगत तथ्यलाई कविले उजागर गरेका छन्, जस्तै :

एक चपरी निर्माण जसले

विनिर्मित आफ्नै आँगनमा थप्न सकेन

आफू बाँच्ने धरतीलाई जसले चिन्न पनि सकेन र पनि

निर्माणहरू भत्काउँदै हिँड्छ

फूलहरूको हुलमा लाखेको आतुरता हिँड्छ

रित्तो मुठी आफ्नै क्रुर छातीमा बजार्दै

(जहाँ केवल मान्छेहरू हिँडिरहेका छन्, पृ. २९)

आफ्नो स्वाभिमान, वैयक्तिकता र आफ्नोपनलाई अस्तित्त्वको खोजीका क्रममा तिलाञ्जली दिनुपर्ने बाध्यताले गर्दा आफ्नो साहित्यिक परिचय नै सङ्कटमा परेको पीडालाई कविले *आफ्नो मानचित्र आफैँलाई पढाउँदा* शीर्षक कवितामा व्यक्त गरेका छन् :

अक्षर निफनेर
पुस्तकहरूको हुलबाट जब-जब
आफूमा मिसाइदिन्छु
अर्थहीन बहिरङ्गे एउटा आवेदन लेखिन्छ
जसको पुग्नुपर्ने ठाउँ हुँदैन
न्याय मागेको या अन्याय खोजेको
कुनै पनि अर्थ
अक्षरहरू बोल्दैनन् ।

(आफ्नो मानचित्र आफैँलाई पढाउँदा, पृ. ३१)

अस्तित्वको खोजीको क्रममा कवि आफ्नो उचाइ बढिरहेको महसुस गर्छन् । अरूका सपनाहरूलाई आफ्ना सपना बनाइरहेका कविले आफ्नो नयाँ शिखरलाई यसरी व्यक्त गरेका छन् :

आफ्नो अग्लाइ उठिरहेछु
म त्यो अग्लाइ बिर्सिएर बाँच - तिम्रो हुन सक्दैन
म आफ्नै स्वर बजिरहेछु
तिमीहरू निशब्द बाँच-म तिम्रा स्वरहरू बाँचिरहेछु
हत्या नसम्झ आफ्ना सपनाहरूको
म तिम्रै सपनाहरू बाँचिरहेछु
मेरो आफ्नो नयाँ शिखर निर्माण गरेर ।

(आफ्नो नयाँ शिखर, पृ. ३६)

आफ्नो परिचयको दायरालाई फराकिलो बनाउन लागिपरेका कविले जीवनको अस्तित्वबोध गर्दै आफूलाई बन्धनरहित स्वतन्त्रताको बाटोबाट अगाडि बढाउन चाहेका छन्: :

अब हामीलाई

फिँजिन देऊ लप्का लप्का

समुद्रले हिर्काएर

ज्वारभाटा आक्रोशले झापट हानेर

अब झाङ्गिन पनि देऊ

हामीहरूलाई उर्वर भूमिमा

सदा सर्वदा हरियाली बाँच्न सक्ने

रुख भएर ।

(भिसमिसे प्रात : भन्दा होचा हामीहरू, पृ. ९५)

## (घ) देशभक्ति तथा राष्ट्रियता

कवि कृष्ण जोशीले आफ्ना कविताहरूमा राष्ट्रियता प्रति गहिरो चिन्ता व्यक्त गरेका छन् । यस किसिमले देशभक्तिको भावना समेटिएका तथा राष्ट्रियताप्रति चिन्ता व्यक्त गरिएका कविताहरू *देशलाई अवतार दिन पाए, गोसाइँकुण्ड यात्रा हिँड्न सक्तैनौ* हुन् । देशको सुन्दरता र राष्ट्रियताप्रतिको गहिरो प्रेमलाई कविले यसरी व्यक्त गरेका छन् :

मेरो देश तिमी

रहरलाग्दो

एउटा शिखर उठिदिन्छौ

जहाँ उभिएर हेर्दा पनि

आँखाभरि तिमी आउँछौ

बलात् टेक्ता पनि

अतिक्रमण पाइला हिँड्दा पनि

तिमी नजिक - नजिक आउँछौ ।

(देशलाई अवतार दिन पाए, पृ. ३९)

देशको राष्ट्रिय स्वाधीनतालाई कसैल ेपनि हस्तक्षेप नगरोस, देशको प्राकृतिक सम्पदालाई कसैले पनि गिद्धे आँखा नलगाओस भन्ने देशभक्तिपूर्ण भावनालाई यसरी व्यक्त गरेका छन् :

आफ्नो नदी र माटोको पारितिर

कुनै हाँगा र पातहरूमा

बिराना अनुहारहरू नटासियुन् भन्थ्यौ तिमी

आफ्नो पानी र

आफ्नो माटोमा

कुनै बुट र सुटको

गिद्ध आँखा पनि नपरोस् भन्थ्यौं तिमी ।

(गोसाइँकुण्ड यात्रा हिँड्न सक्तैनौ पृ. ५१)

**(ङ) धार्मिक विकृति - विसङ्गति**

धार्मिक स्थलहरूको दुरूपयोग तथा धर्मका नाममा भइरहेको ब्रम्हलुट र धर्मभीरुहरूको ज्यादतिलाई कविताका माध्यमले व्यङ्ग्यात्मक पारामा कविले व्यक्त गरेका छन् । यसरी धार्मिक विषयलाई आधार बनाई रचना गरिएका कविताहरू *चारधाम यात्रा कालो डकार, पुराण र कुरानलाई कोर्रा हिर्काएर, ईश्वर हाँस्न रुन सक्तैन* हुन् । धर्मको आड लिएर मानिस झन् आपराधिक गतिविधिमा संलग्न भएको कुरालाई कविले कविता यसरी व्यक्त गरेका छन् :

चारधामको यात्रा सकेर

पूर्वपाप काटिएको स्वाङ  टाँसेर अनुहारभरि

अझ गम्भीर अपराध गरिरहेछौँ

आलु-सालु मिसाएर

अझ धेरै ढाँटेर घिउ बेचिरहेछौँ

(चारधाम यात्रा कालो डकार, पृ. २०)

धार्मिक उपदेश र प्रवचनहरूले सामाजिक न्याय कायम गर्न नसकेको कुरामा कवि निकै आक्रोशित देखिएका छन् । धर्मको नाममा बढिरहेको सामाजिक तथा सांस्कृतिक विकृति विसङ्गतिप्रति कविको धारणा कवितामा यसरी मुखरित भएको पाइन्छ :

निर्मम सिउँडी काँडा अल्झाएर

समयको कोर्राले

कुरान र पुराणलाई थिलथिलो हिर्काउँदा

गण्डकीको कालो शालीग्राम हामी

सुनवालुवाका आगो शालीग्राम हामी

हाम्रा आङहरू चहराउँदैन

उपदेशका लहरा र वेदका ऋचाहरू

घाँटीभरि नेलकडी सर्प बेरिँदा

नयाँ सडकभरि ढलेको बुढो पीपलको रुख हामी

अलिकति चलमलाउन  सक्तैनौँ ।

(पुराण र कुरानलाई कोर्रा हिर्काएर पृ. ६९)

**(च) युद्ध सन्त्रास**

कवि कृष्ण जोशीले युद्धले पारेको प्रभाव र त्यसले मानवीय संवेदनामा पुऱ्याएको असरका बारेमा कविता रचना गरेका छन् । युद्धका खबरले मानिसको मन सन्त्रासले भरिएको कुरालाई कविले यसरी व्यक्त गरेका छन् :

चुपचाप छन् मृत्युहरू

समाचारमा हिजोआज सलवलाएका छैनन्

निःशब्द छन् बाटो र सहरका रेलिङहरू

चराहरू उडेपछिको एकान्त गुँडजस्तो छ सहर पनि ।

(हिउँमा जमेको घाम, पृ. १३)

\+ \+ \+ \+

भयो, छुसी बन्द नगर

ट्रिगरबाट हात नहटाऊ, चल्न देऊ

बन्द गर्ने अधिकार तिमीलाई छैन

तिमी प्रकृतिकी साम्राज्ञी होइनौ

उल्लेख्य छैन कुनै पनि अध्याय पढ

यु.एन.ओ. चार्ट पल्टाएर

एटना र लावा, हो निस्कन देऊ

भयो बुजो नलगाऊ

(पाइताला सिर्फ पाइताला जो बादलामा टेकेर गयो, पृ. ९२)

**(छ) प्रेम र यौवन**

कवि कृष्ण जोशीले आफ्ना कविताहरूमा जवानीमा देखिएको प्रेममय भावनाहरूलाई उजागर गरेका छन् । प्रेमको रागात्मक गहिराइमा हराएका कविलाई निम्न हरफहरूमा भेट्न सकिन्छ :

तिम्रो उमेरलाई

सन्तोष र सुखभोगको

लक्ष्मणरेखा आँखाभरि कोरेर हेरेँ मैले

तिम्रो सर्वाङ्गलाई

उमेरको भोकभन्दा पृथक

महासुखको साक्षात् रूप उभ्याएर पनि हेरेँ ।

(पाप नगर्ने धर्मको विरोधमा, पृ. ५६)

यो बत्ती, यो जुन र कोठाका मौनताहरू

तकियामा लेखिएको तिम्रो नाम र

भित्ताका निर्जीव तस्विरहरू

आफैँ मात्र बज्ने रेडियोका गीतहरू

सबै बिर्सिदेऊ

हतार नगर

निभाऊ बत्ती अनि थुन हाम्रा आरिसे

झ्याल ढोकाहरू ।

(प्रतीक्षाको मीठो वरदान, पृ. ९७)

## ५.२.४ भावविधान

**आगो समुन्द्र पानी समुद्र** कविता सङ्ग्रहका कवितामा कवि कृष्ण जोशीले समसामयिक विषयवस्तुका साथै मानवीय जीवनका विभिन्न मूल्यहरूलाई खोजी गरेका छन् । कविद्वारा मानवनिर्मित अव्यवस्थित तथा अनियमित परिपाटीप्रति प्रहार गर्न र मानव सुलभ प्रवृत्तिप्रति सकारात्मक दृष्टि पुऱ्याउने काम कलात्मक रूपमा भएको छ । उनको कवित्वको केन्द्रीय भाव यही मानवीय क्रियाकलापबाट सिर्जित राम्रा नराम्रा पक्षहरूको उद्घाटन गर्नु, मानवतावादी तथा देशभक्तिपूर्ण स्वर यथार्थिक तथा प्रतीकात्मक रूपमा व्यङ्ग्यात्मक ढाँचामा प्रस्तुत गर्नु हो । कवि जोशीका कवितामा युद्धको सन्त्रास र त्यसको प्रभावलाई पृष्ठभूमि बनाई लेखिएका कवितामा *हिँउमा जमेको घाम (पृ. १३), पाइताला सिर्फ पाइताला जो बादलमा टेकेर गयो* (पृ.

९२) पर्दछन् भने भ्रष्टाचार, अनाचार र दुराचार साथै नातावाद, कृपावाद, छल र कपटको संयोजनबाट बनेको नेता चरित्रप्रतिको घोर आपत्ति *कसरी त्यहाँ पुग्यौँ (पृ. १५), आतङ्कका जीवित अवशेषहरू (पृ. २२), चार प्रसिद्ध कविहरू (पृ. ८९), मेरो चिन्तनमा भोलि (पृ. १००)* जस्ता कवितामा व्यक्त भएको छ । देशको राजनीतिक सङ्कट, अशान्ति, अराजकता, दुराचार भ्रष्टाचार मात्र होइन सामाजिक जीवनका विविध विषयवस्तु समेत कविका काव्यका विषय बनेका देखिन्छन् । समाजमा व्याप्त गरिबी, अशिक्षा र त्यसले जन्माएका विसङ्गतिहरूलाई व्यङ्ग्यपरक ढङ्गबाट चित्रण गरी लेखिएका कविताहरूमा *सनाखतहीन मृत्यु असनमा* (पृ. १६), *पुर्नमृत्यु काठमाडौंको* (पृ. २६), *दोस्रो मान्छे* (पृ. ४१), *कालभैरव आँखा र हाम्रो अनुहार* (पृ. ५४), *ओभरकोट* (पृ. ४१), *दुर्घटनाको अर्को अर्थ संस्करण* (पृ. ७४) पर्दछन् । मानव अस्तित्त्वको गिर्दो अवस्थाको चित्रण गर्ने क्रममा कवि सशक्त रूपमा प्रस्तुत भएका छन् । आफ्नोपन गुमाएर पराधीन बन्दै गएका मान्छेहरूको अस्तित्त्वलाई केन्द्र बनाई लेखिएका कविताहरूमा *आफ्नो मानचित्र आफैलाई पढाउँदा* (पृ. ३१), *जहाँ केवल मान्छेहरू हिँडिरहेका छन्* (पृ. २९), *स्वरभरि गीता भएर* (पृ. ३३), *आफ्नो नयाँ शिखर* (पृ. ३५), *तिम्रो अनुहार हेर्दा* ( पृ.४९), *हात र खुट्टाहरू सगरमाथालाई* (पृ.३५), *अर्को क्षण* (पृ. ७७), *नयाँ अक्षरहरू आऊ* (पृ. ८७), *झिसमिसे प्रात : भन्दा होचा हामीहरू* (पृ. ९५), *कसैको छाया मात्र हुँ* (पृ. ९९) जस्ता कविताहरूले स्थान लिएका छन् । कवि जोशीले *पानी भोजपुरमा तिर्खा काठमाडौंमा* (पृ. १८), *पुनजन्म काठमाडौंको* (पृ. २६), *अनुहारहरूको गर्भाधान* (पृ. २४), *सनाखतहीन मृत्यु असनमा* ( पृ. १६), *ग्रीन काठमाडौं र सडकका घाउ* (पृ. ६२), *काठमाडौंमा गुराँस* (पृ. ६४), *रत्नपार्कमा परेको साँझ* (पृ. ६६) लगायतका कविताहरूमा सहरलाई विभिन्न सर्न्दमा चित्रण गरेका छन् । यी कविताहरूमा कविको सहरप्रतिको विद्रोह अभिव्यक्त भएको पाइन्छ ।

समग्रमा यस **आगो समुद्र पानी समुद्र** कविता सङ्ग्रहका कविताहरूमा कवि जोशीले स्वच्छन्दतावादी भावमा प्रयोगवादी स्वर मिसाएर आफ्ना कवितामा सामाजिक प्रश्न, विकृति र विसङ्गतिप्रति आक्रोश पोखेका छन् । उनी भावुकताभित्र यथार्थ समेट्न सफल कवि भएकाले उनका कविताहरू लघुअनुभूतिपूर्ण र प्रगीतात्मक छन् । यस सङ्ग्रह भित्रका उनका कविताहरूको केन्द्रीय उद्देश्य अस्तित्त्वको खोजी, सामाजिक विकृति, विसङ्गति तथा देशप्रेमको भावनालाई कलात्मक, व्यङ्ग्यात्मक र उपदेशात्मक ढङ्गबाट प्रस्तुत गर्नु रहेको देखिन्छ ।

### ५.२.५ लयविधान

कवितालाई अन्य विधाबाट छुट्याउने तत्त्व नै लय हो । लयले कवितालाई साङ्गीतिक र गेयात्मक बनाउँछ । कृष्ण जोशीको कविता सङ्ग्रह **आगो समुद्र पानी समुद्र** मा गद्य कविताहरू समेटिएकाले गद्य लयको प्रयोग भएको छ । वर्णगत समानन्तरता, पदावलीगत समानन्तरता र अनुप्रासले कवितामा आन्तरिक लयको सिर्जना गरी साङ्गीतिकता प्रदान गरेका छन् । साङ्गीतिक र सुन्दर भाषाले कवितालाई गेयात्मक पनि बनाएको छ ।

यस कविता सङ्ग्रहमा सङ्ग्रहित कवितामा छन्द, लय र स्वर संयोजन नभएपनि लय वा स्वर संयोजनका क्रममा लयको सहज प्रयोग भएको पाइन्छ । यसरी हेर्दा जोशीका कवितामा कुनै निश्चित लयविधानका नियमको परिपालन देखापर्दैन । अक्षर, अक्षरहरूको सङ्ख्या एवम् क्रम मात्रा गणना तथा गति यति आदि कुनै विशिष्ट नियमले लयको प्रयोग नभएर स्वतन्त्र लेखनका क्रममा स्वतः भरिएको लयात्मकता नै जोशीका कविताको लय प्रक्रिया हो । यसै कारणले जोशीका कविताका कुनै पङ्क्ति छोटा छन् भने कुनै पङ्क्ति लामा देखिन्छन् । जसमा अक्षरहरूको समुचित संयोजन र त्यसको नियमको पालनाका दृष्टिले विशेष प्रयत्न भएको पाइँदैन । आन्तरिक सङ्गीत चेत तीव्र भएपनि बाह्य सङ्गीतको प्रबलता नभएको देखिन्छ ।

जस्तै :

अग्लिनु छ त

गुराँसबोट हाँगा, पात र फुलका थुँगा उमरेर

लेक झाङ्गिएर थुम्काहरू अग्लिदेऊ

जहाँ

डढेलो सल्काएर

धेरै समय र बेसमयलाई

बेथकान, निश्चित अनि

राग अनुराग र द्वेषहीन बस्न सक्छन्

मान्छे भएर मान्छेहरू ।

(स्वरहरूभरि गीता भएर,पृ. ३३)

जोशीका कविताका लयमा पाइने मुख्य विशेषता तुकान्त विधान हो । गद्य र पद्य अंशको एकाधिक चरणहरूको अन्तमा एक समान स्वर र व्यञ्जनको लययुक्त आवृत्तिलाई तुक भनिन्छ । पद्य र छन्दोबद्ध कवितामा मात्र तुकान्तको अपेक्षा नगरेर गद्य कवितामा पनि तुकको प्रयोग गर्न सकिन्छ । कृष्ण जोशी पद्य वा छन्दोबद्ध कविता लेख्ने प्रवृत्तिका कवि नभए तापनि उनका गद्य कवितामा तुकान्तको प्रयोग पाइन्छ । यस सन्दर्भमा सङ्ग्रहमा सङ्ग्रहित कविताको उदाहरण उल्लेख गरिएको छ :

खसीको टाउको पनि नजोडिने

नून चामलको दाना पनि नजोडिने

राक्षसको आक्रोश पनि नजोडिने

पशुपतिवनको बाँदर अनुहार पनि नजोडिने

मान्छेका अनुहार पनि नजोडिने ।

(अनुहारहरूको गर्भाधान, पृ. २४)

उल्लिखित हरफहरूमा मध्यानुप्रास र अत्यानुप्रासको प्रयोग भएको छ भने लय, स्वर तथा व्यञ्जनको समानुपातिक वितरणद्वारा कवितालाई लयात्मक बनाएको छ । बाँकी यस सङ्ग्रहका कविताहरूमा पनि शब्दगत र वाक्यगत समानताका साथै अन्तर्अनुप्रास र अन्त्यानुप्रास मिलेकोले सफल लयात्मक प्रस्तुति पाइन्छ । कविताहरू शब्दगत तथा वाक्यगत पुनरावृत्ति र अन्त्यानुप्रास भई लयात्मक बनेका छन् । कठिन शब्द र प्रयोगधर्मिताका कारण उनका कविताहरूमा ठाउँ ठाउँमा दुर्बोध्य पनि भएका छन् । यसरी लयविधानका दृष्टिले उनका कवितामा भावाभिव्यक्तिलाई रोचक ढङ्गले प्रस्तुत गर्न गद्य लयको प्रयोग गरेको पाइन्छ ।

### ५.२.६ बिम्ब-प्रतीक र अलङ्कारविधान

कवितालाई सशक्त र भाव प्रबल बनाउन बिम्बको प्रयोग गरिन्छ । बिम्ब प्रतीकको उचित प्रयोगले कविका अन्तरहृदयका भावाभिव्यञ्जनालाई स्थूल र मूर्त रूप दिने गर्दछ । मानवको अन्तरहृदयका भावहरूलाई प्रकटीकरण गर्न कुनै न कुनै साधनको आवश्यकता पर्दछ । बिम्ब प्रतीक तिनै भावहरूलाई सफल रूपमा प्रकट गर्ने साधन हुन् । मानिसले देखे भोगेका जीवन जगत्का विभिन्न क्षेत्रका नवीन एवम् पुरातन बिम्ब तथा प्रतीकहरूलाई नयाँ शैलीमा प्रयोग गरेर भाव अभिव्यक्त गरेमा कविता बढी भावनात्मक, गाम्भीर्य, रोचक र स्तरीय हुन्छ ।

कवि कृष्ण जोशीको यो कविता सङ्ग्रह विशेष गरी काठमाडौंका सेरोफेरोमा केन्द्रित छ । कविताका बिम्बहरूलाई मानवीय संवेदनासँग टाँसेर स्थानगत परिवेशमा कवितालाई हुर्काइएको पाइन्छ । काठमाडौंको गल्ली र यहाँका चोक र मोडहरूलाई समाएर कविले अन्योलग्रस्त स्थितिलाई कविताको रूप दिएका छन् । उनले काठमाडौंलाई ओल्टाउँदै, पल्टाउँदै कवितामा शहरलाई बिम्ब बनाएर यसरी प्रस्तुत गरेका छन् :

काठमाडौं बाँच्ने खियाग्रस्त मान्छेका मनहरू

यी अग्लाइ उभिने काठमाडौंका बोटहरूमा

हाँगाबिँगा र पातहरूमा

दृष्टिहीन आँखाहरू फुल्नुपर्छ ।

(काठमाडौंमा गुराँस, पृ. ६४)

यस सङ्ग्रहभित्र समाविष्ट सबै कविताहरू प्रतीकात्मक छन् । विविध बिम्ब र प्रतीकका माध्यमबाट उनका कविताले समयका दृश्य परिदृश्य र झाँकीहरू प्रस्तुत गरेका छन् ।

कंकाल - कंकाल हाड करङ

निर्वाङ रातभर

श्लेष्मान्तक रित्तो जङ्गलका रुखजस्तो

जाग्राम बसेर ईश्वर

पूजाको थालीभरि

महँगा - मँहगा पर्सहरूभरि

वरदानै वरदानको थुप्रो थुप्रिदिन्छ

तथास्तु भनिदिन्छ

सुपर मार्केटको पहिरन सबै आङभरि पुऱ्याएर

नयाँ सडकको ज्वेलरी पसलबाट

छानी छानी आभूषण सबैलाई पहिराएर ।

(ईश्वर रुन हाँस्न सक्दैन, पृ. ८१)

माथिका उदाहणहरूमा हाड, करङ, जङ्गल, ईश्वर, मार्केट, ज्वेलरी, पर्स जस्ता बिम्ब प्रयोग भएका छन् । यसबाट सामाजिक यथार्थको उदाङ्गो चित्र प्रस्तुत गर्न कवि सफल देखिन्छन् ।

कृष्ण जोशीले समसामायिक यथार्थ, विकृति, कुप्रवृत्ति तथा उनका आत्मपरक अनुभूतिजस्ता पक्षको उद्घाटन गर्न आफ्ना कवितामा सशक्त प्रतीकहरूको प्रयोग गरेका छन् । *प्रतिक्षाको मीठो वरदान* शीर्षक कविताका यी हरफहरूमा यौवनको कलकलाउँदो जवानीलाई प्रतीकका रूपमा प्रयोग गरिएको छ :

यो बत्ती, यो जून र कोठाका मौनताहरू

तकियामा लेखिएको तिम्रो नाम र

भित्ताका निर्जीव तस्विरहरू

आफैँ मात्र बज्ने रेडियोका गीतहरू

सबै बिर्सिदेऊ

हतार नगर

निभाउ बत्ती अनि थुन हाम्रा आरिसे झ्याल ढोकाहरू ।

(प्रतीक्षाको मीठो वरदान, पृ. ९७)

कवि कृष्ण जोशीले कविता सङ्ग्रहलाई **आगो समुद्र पानी समुद्र** शीर्षक दिएर आगो, पानी र समुद्रको बिम्बलाई विशेष महत्त्व दिन खोजेपनि प्राय : कविताहरूमा कविले खासै कुनै प्रतीक वा विम्बप्रति मोह देखाएका छैनन् । यद्यपि प्राकृतिक तथा समसामयिक सन्दर्भमा प्रतीक बिम्बहरूको प्रचलित रूपमा नै कविको कवित्व अगाडि बढेको छ । उनले कवितामा विषय र अनुभूतिको घनत्वलाई भन्दा तर्क, आग्रह, व्याख्या र कामनाको रूपलाई कविता बनाएर प्रस्तुत गर्ने काम गरेका छन् ।

कृष्ण जोशीको यस कृतिभित्रका गद्य कविता~~हरू~~हरूमा आद्यनुप्रास, वृत्यानुप्रास, छेकानुप्रास मध्यानुप्रास आदि शब्दालङ्कारहरूको प्रयोग प्रशस्त मात्रामा गरिएको छ । जसले गर्दा जोशीका यस प्रकारका कविता~~हरू~~हरू लयात्मक (गेयात्मक) तथा श्रृतिमधुर बन्न पुगेका छन् । कृष्ण जोशीले यी अनगिन्ती ~~रूपमा रहेका~~ अर्थालङ्कार~~हरू~~हरूमध्ये यस कवितासङ्ग्रहभित्रका कविता~~हरू~~हरूमा केही अलङ्कारलाई प्रयोग गरेका छन् । विभिन्न अर्थालङ्कारमध्ये उपमा, ~~रूप~~रूपक, स्वभावोक्ति, अतिशयोक्ति आदि अर्थालंङकारको प्रयोग जोशीले यहाँका कविता~~हरू~~हरूमा प्रचुर मात्रामा गरेका छन् । जसले गर्दा जोशीका यस सँगालोभित्रका कविता~~हरू~~हरू ज्यादै सुन्दर तथा अर्थगत चमत्कारले भरिपूर्ण देखिन्छन् ।

Formatted: Font color: Black
Formatted: Font color: Black
Formatted: Font color: Black
Formatted: Font color: Black
Formatted: Font: 16 pt, Font color: Black
Formatted: Font color: Black
Formatted: Font color: Black
Formatted: Font color: Black
Formatted: Font color: Black
Formatted: Font color: Black

## ५.२.७ भाषाशैली

भाषा विचार अभिव्यक्तिको माध्यम हो भने अभिव्यक्त गर्ने ढङ्ग चाहिँ शैली हो । भाषाशैली कविताको बाह्य पक्षसँग सम्बन्धित हुन्छ । साहित्यका गद्य एवम्  पद्य दुवै विधामा रचनाकारको साहित्यिक कलाको परिचय भाषाशैलीबाटै हुन्छ । भाषाकै कारण रचना सरल,

जटिल, सरस, निरस, क्लिष्ट, सुवोध्य, दुर्वोध्य आदि बन्न सक्छ । विषयवस्तु र भावबीच समन्वय ल्याई रचनालाई रोचक बनाउन भाषाशैलीको विशेष भूमिका रहन्छ ।

कवि कृष्ण जोशी केही मूर्तता र केही अमूर्तता बीच बाँच्न खोजेका छन् उनका केही कविताहरूमा सरलता, सरसता र सुवोध्यता पाइन्छ भने धेरै कविताहरूमा जटिल र क्लिष्ट भाषाशैलीको प्रयोग गरिएको छ । प्रयोगधर्मी कविका रूपमा प्रस्तुत भएका जोशीका कविताहरू उच्च कोटीका छन् । साधारण बोलीचालीको भाषाको साथै उनले आफ्ना कविताहरूमा अङ्ग्रेजी शब्दको समेत प्रयोग गरेका छन् । कविले आफ्ना कविताहरूमा कवितात्मक भाषाशैली र शब्द चमत्कारलाई भन्दा भाव पक्षमा जोड दिँदै युगीन दार्शनिक चेतको आभास दिन खोजेका छन् ।

यस सङ्ग्रहमा आवश्यकताअनुसार सबै लेख्य चिन्हहरू विस्मयादिबोधक, प्रश्नवाचक, अर्धविराम, योजक आदि प्रयोग भएका छन् । गद्यात्मक भाषामा लेखिएका उनका कविताहरूमा वर्णनपरक भाषाको प्राधान्यता पाइन्छ । कविले आफ्नो मनमा उठेका भावना, विद्रोह, निराशा, आशा प्रत्याशालाई अभिव्यक्त गर्ने क्रममा तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग गरेका छन् । अनुप्रासको प्रयोग, वर्णनात्मकता, व्यङ्ग्यको तीखो प्रयोग र आलङ्कारिक भाषाको प्रयोगले उनका कविताहरू सरल र गेयात्मक बन्न पुगेका छन् । यस कविता सङ्ग्रहमा प्रयोग भएका भाषाशैलीलाई निम्न उदाहरणहरूबाट स्पष्ट गर्न सकिन्छ :

(क) **वर्णनपरक**

नाङ्गो आङमा

चिसो पुसआकाशबाट झर्दा

छोराछोरीलाई भन्दा मलाई धेरै जाडो हुन्छ

काठमाडौंलाई भन्दा मलाई धेरै ठिहिऱ्याउँछ

काठमाडौं त म बाँचेको देशजस्तै

नदुख्ने घाउ भएको छ ।

(रत्नपार्कमा परेको साँझ, पृ. ६६)

(ख) **व्यङ्ग्यात्मक**

हामीहरूलाई

लहराजस्तै चुँडालेर

हामीहरूलाई

कागजजस्तै टुक्रयाएर

उत्तर र दक्षिण

ब्रिफकेस र सुटकेसभरि पुऱ्याएपनि

मोटर र प्लेन उडाए पनि

दुख्तै नदुख्ने निस्पृह ढुङ्गाको देवता भएका छौँ  हामी ।

(गोसाइँकुण्ड .......... पृ. ५१)

**४.२.८ निष्कर्ष**

कवि कृष्ण जोशीले काठमाडौंमा आफूले देखेका भागेका अनुभवहरूलाई मूल विषय बनाई कविताको रचना गरेका छन् । प्रयोगवादी ढङ्गबाट प्रस्तुत गरिएका उनका कविताका विषयहरूमा सहरी परिवेशको चित्रण सामाजिक - राजनीतिक विकृति - विसङ्गतिप्रति व्यङ्ग्य, निराशावादी चेत, अस्तित्त्व सङ्कट, देशभक्ति राष्ट्रियता, धार्मिक विकृति विसङ्गतिप्रतिको व्यङ्ग्य, युद्ध सन्त्रास, प्रेम र यौवन जस्ता विषयहरूको चित्रण गरिएको छ । समसामयिक विषयलाई कविताको केन्द्र बनाइ साहित्य रचना गर्ने कवि जोशी यथार्थवादी-प्रयोगवादी कवि हुन् । अहङ्कार, रस र लयको समुचित प्रयोगका साथै नवीन र पुरातन विम्ब प्रतीकको प्रयोगले भावपक्ष सबल भएका उनका कवितामा यथार्थवादी प्रयोगवादी भाव पाइन्छ । समग्रमा मानवता, यथार्थ र व्यङ्ग्य समेटिएका कविताहरूको सङ्ग्रह **आगो समुद्र पानी समुद्र** कवि कृष्ण जोशीको महत्त्वपूर्ण प्राप्ति हो भन्न सकिन्छ ।

## ५.३ चित्रदंश कविता सङ्ग्रहको विश्लेषण

प्रस्तुत कृति कवि कृष्ण जोशीको वि.सं. २०६१ सालमा प्रकाशित तेस्रो कविता सङ्ग्रह हो । यस कविता सङ्ग्रहमा प्रगीतात्मक संरचनायुक्त एकाचालीस वटा कविताहरू सङ्ग्रहित छन् । यी मध्ये वि.सं. २०२० सालमा प्रकाशित *ममाथि रात पोखिँदा* र वि.सं. २०२० सालमा प्रकाशित *आफैँ आफ्नै हो कि होइन* शीषर्कका दुई कविताबाहेक अन्य तेइसवटा कविताहरू वि.सं. २०५८-२०६१ बीचमा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भइसकेका र शेष सोह्रवटा कविता सर्वप्रथम यसै पुस्तकमा समाविष्ट गरिएका हुन् । यसरी यस सङ्ग्रहमा एक-दुईवटा पुराना कविता सङ्कलित भएपनि खासमा यो कृति वि.सं. २०५८ साल यताकै नयाँ कविताहरू सङ्कलित कविता सङ्ग्रह हो ।

### ५.३.१ शीर्षक

**चित्रदंश** कविता सङ्ग्रहको शीर्षक सङ्ग्रहभित्रकै कविता *चित्रदंशित चित्रकार*का आधारमा राखिएको हो । सङ्ग्रहको नामकरण गरिएको कविता यस सङ्ग्रहमा भएपनि वर्तमानमा सिङ्गो देश र जनजीवन नै यावत कारणहरूबाट पीडित भएको र विभिन्न प्रताडनाले डसेको भावाभिव्यञ्जनाका आधारमा कविता सङ्ग्रहको शीर्षकलाई कवि जोशीले पुष्टि गर्ने प्रयास गरेका छन् । सघन गद्य लयमा लेखिएका जोशीका कविताको पङ्क्तिपुञ्जगत वितरण प्रक्रिया पनि स्वभाविक र सार्थक देखिन्छ । यस सङ्ग्रहका साथै यसभित्रका सबैजसो कविताको शीर्षक सङ्केतात्मक पाराका भएर पनि सार्थक छन् । प्रायः सबै कवितामा एउटै वा एकाधिक भावको विस्तार गरिएका यस सङ्ग्रहभित्रका सबै कविता प्रगीतात्मक संरचनामा आवद्ध छन् । प्रगीतात्मक कविताका माध्यमबाट युगीन विसङ्गति र विकृतिप्रति व्यङ्ग्यात्मक शब्दवाण र दोहन गर्न कवि निपुण छन् ।

### ५.३.२ संरचना

संरचना भन्नाले साहित्यिक कृतिको बनोट भन्ने बुझिन्छ । कुनै पनि रचना वा कृतिको आन्तरिक र बाह्य संरचना हुन्छ । यस कविता सङ्ग्रहलाई हेर्दा यसको बाह्य संरचना पद, पदावली, खण्ड, परिच्छेद, अनुच्छेद, विश्राम आदिलाई आत्मसाथ गर्दै गद्य लयका एकचालीसवटा मझौला कविताहरू रही १०५ पृष्ठमा संरचित छ । आयामका दृष्टिले यस सङ्ग्रहमा सङ्ग्रहीत कविता साह्रै लामा वा साह्रै छोटा नभएर मझौला आकारमा संरचित छन् । यसमा सङ्कलित प्रत्येक रचनाको अन्त्यमा एउटा मात्र पूर्ण विरामको प्रयोग गरिएको छ । यसमा सङ्कलित रचनामध्ये *गीत नहुने गीत र आफैँ आफ्नै हो कि होइन* शीर्षक दुइवटा रचना गीतको ढाँचामा आबद्ध छन्भ भने शेष सबै गद्य कविताको ढाँचामा आबद्ध छन् । गीति ढाँचामा आवद्ध रचनामा पनि कवित्वको प्रबलता रहेकाले यस सङ्ग्रहभित्रका सबै रचनालाई प्रगीतात्मक गद्य कविताका रूपमा लिन सकिन्छ । यस भित्रका सबैजसो कविताको सङ्गठन व्यवस्था क्रमिक वा व्यतिक्रमिक जे भए पनि तिनको संरचना पूर्ण जीवन्त र स्वनिष्ठ रहेको छ ।

### ५.३.३ विषयवस्तु

कृष्ण जोशीका कवितामा विविध किसिमका विषयवस्तुहरूको चयन भएको पाइन्छ । उनले आफ्ना कविताहरूमा वर्तमान युगीन जनजीवनका विसङ्गति, विकृति, निस्सारता, विवशता, बाध्यता, मानवीय मूल्यहीनता, संवेदनहीनता आदिका साथै नारीहरूका निरीह अवस्था एवम् तिनका विवशता बाध्यता एकाकीपन, असुरक्षा, परनिर्भरता, मुस्कानरहित स्थिति आदिको मार्मिक र जीवन्त चित्रण गरेका छन् । यिनका कवितामा युगीन कटुयर्थाथको कारुणिक चित्र उतारिएको छ । मानवतावादी स्वर यत्रतत्र छरिएका उनका कवितामा बर्बरतापूर्वक हाँसो लुछ्ने अराष्ट्रियतावादी दीनहीन आक्रान्त परिस्थितिको मर्मस्पर्शी चित्रण समेत पाइन्छ । यिनले गरिबीमा पिल्सिएर आक्रान्त बनेका, घरबारविहीन भई जहान परिवारसहित बिचल्लीमा परेका तथा निष्प्रभावी सङ्ग्राममा होमिएर शारीरिक अङ्गप्रत्यङ्ग गुमाउन पुगेका निरीह व्यक्तिहरूको दयनीय अवस्थाको मार्मिक चित्रण गरेका छन् । इराकमा बन्धक बनाइएका नेपालीहरूलाई चरम अमानवीय ढङ्गले हत्या गरी मानवताको उपहास गरिएकोमा आक्रान्त भई मानवीय संवेदनशीलताको जगेर्नाको स्वर यिनका कवितामा मुखारित भएको छ । वर्तमानमा

मानवजातिको अन्तिम आस्था र विश्वासको केन्द्र ठानिएका देवताहरूपनि निरीह, दीनहीन र विवश बन्न पुगेको भावाभिव्यक्ति पनि यिनका कवितामा पाइन्छ ।

कवि जोशीले आफ्ना कविताहरूमा मूक दर्शक भएर विवशतापूर्ण अन्याय-अत्याचार सहनुपर्ने बाध्यात्मक परिस्थितिको चित्रण तथा वर्तमानका भयावह परिस्थितिको मार्मिक वर्णन गरेका छन् । आफैले आफूलाई नष्ट गर्न उद्यत हुने वर्तमान परिस्थिति चित्रित यिनका कवितामा सिर्जनाको सङ्कटग्रस्त अस्तित्त्व र मूल्यहीन अवस्थाको जीवन्त चित्रण पनि पाइन्छ । यिनका कतिपय कवितामा व्यङ्ग्यात्मक रूपले जागरणका स्वरहरू पनि प्रकट भएका छन् । यस कविता सङ्ग्रहमा डाँडापाखा, गाउँघरको जनजीवनदेखि सहरी जीवनको अनुभूति र गरिबीका कारण विदेशी भूमिसम्म जानु परेको पीडा र स्वप्नहरूको आकाङ्क्षाहरूलाई शब्द दिइएको छ । एकातिर भौतिक सुविधाको चरमोत्कर्ष छ भने अर्कोतिर भोक गरिबी, अभाव र चेतनाको कमीले जीवनमा विकृति र विसङ्गतिको थाक लागेको, पारिवारिक विश्रृङ्खलता बढेको, हिंसा र असुरक्षाले भयवहपूर्ण जीवनसित दिनैपिच्छे जम्काभेट भएको आगोलाई चुपचाप पिउनु परेको मान्छे मान्छेबीच दुरी बढेको, जीवन खेलौना सरह भएको जस्ता अनुभूतिहरू माथि कवि जोशीले सुन्दर कविताहरू लेखेका छन् ।

युद्धविभीषिकाको विपक्षमा आत्मधारणाहरू प्रस्तुत गरिएका कृष्ण जोशीका कवितामा नरसंहार विध्वंसकारी हत्या, हिंसा, आतङ्क र आशान्तिप्रतिको हुङ्कार तथा जीवन र शान्तिप्रतिको अनुरक्ति मुखरित भएको छ । मानवीयता क्रमशः दानवीयता/पाशविकतातर्फ रूपान्तरण भएकोमा चिन्ता गर्दै कवि युद्धविभीषिका मानवीयहीनताको विपक्षमा उभिएका छन् । मान्छेका आडम्बरी र ढोंगी वृत्तिप्रति तीव्र कटाक्ष गर्नाका साथै कविले नयाँ शताब्दीमा हुने विकास सम्बन्धी खोक्रा नारा फलाक्नेहरूप्रति व्यङ्ग्य हान्दै वास्तविक विकासको पक्षधरता अघि सारेका छन् ।

वर्तमानमा सर्वत्र व्याप्त भ्रष्टाचार, अशान्ति र असुरक्षा चित्रित यिनका कवितामा सदाचार र शान्ति-सुरक्षाको पक्षपोषण तथा भ्रष्टाचार र दुराचारको अन्त्य हुनुपर्ने भावभिव्यक्ति पाइन्छ । यिनले नेतृत्ववर्गका ढँटुवा वा घिचुवा वृत्तिप्रति कटाक्ष गर्दै तीव्र आक्रोश पोखेका छन् ।

युद्धको स्थान सद्भाव र प्रेमले लिनुपर्छ भन्ने धारणा अभिव्यञ्जित कृष्ण जोशीका कवितामा निरर्थक पाराको खोक्रो अभिनय गर्नेहरूप्रति व्यङ्ग्य हानिएको छ । यिनले अमूर्त चित्रकलाप्रति सूक्ष्म व्यङ्ग्य हान्दै गीत, सङ्गित र कलारूपी मानवसिर्जना मानवकै भलाईका लागि उपयोग गरिनुपर्ने अवधारणा प्रस्तुत गरेका छन् । मानवका राप र तापजन्य संस्मरण, खुसी, पीडा आदिको एकान्वित अभिव्यक्ति पाइने यिनका कवितामा भावुकता, संवेदनशीलता, काल्पनिकता जस्ता मानवीय पक्षलाई स्वच्छन्द ढङ्गले अभिव्यक्ति गरिएको छ । दिनानुदिन खस्कँदो मानवता र गिर्दो मानवीय अस्मिता एवम सङ्कटग्रस्त राष्ट्रिय अस्तित्वको जगेर्नाका पक्षमा सशक्त ढङ्गले उभिएका कवि जोशीले वैयक्तिक र राष्ट्रिय स्वाभिमानको रक्षार्थ अस्मिताको खोजी र निर्माणको अपेक्षा गरेका छन् । कृत्रिमताले जकडिदै सङ्कटग्रस्त बन्न पुगेको युगीन परिवेशको चित्रण यिनका कवितामा स्वाभाविक रूपले गरिएको छ ।

समग्रमा वर्तमान युगीन जीवनभोगाइका अनेक सङ्गत-असङ्गत क्षणहरूको कवितात्मक अभिव्यञ्जना कवि जोशीका कविताको मुख्य विषयवस्तुगत पहिचान रहेको छ । कवितामा मुखारित भएका विभिन्न विषयवस्तुलाई निम्न लिखित भाव र उदाहरणद्वाारा प्रष्ट गरिएको छ ।

### (क) युगीन यथार्थ तथा युगीन व्यङ्ग्य

कवि कृष्ण जोशीले *आँसु रुझेर देवताहरू, पानीभित्र पानीबाहिर, वर्तमान अशक्त क्षण निशब्द जुलुस* लगायतका कविताहरूमा वर्तमान युगको यथार्थ वर्णन गर्दै कसिलो व्यङ्ग्य प्रहार गरेका छन् । निरीह वर्तमान र अन्धकारपूर्ण भविष्यप्रति बढी नै चिन्तित देखिएका जोशीका कविताहरूमा वर्तमानमा व्याप्त हत्या, हिंसा र युद्धजन्य परिस्थितिको अन्त्यको चाहना गरिएको पाइन्छ ।

पानी भएर पानी

पहिरो भएर भीर

कामिरहेछन्

लाग्छ पानी होइन मृत्यु टेकिरहेछन्
पहिरो टेकिरहेछन् मान्छेहरूले

(आँसु रुभ्रेर देवताहरू, पृ. २२)

मान्छेको छाती
अत्यन्त साँगुरो छ खुम्चिएर
मानौँ त्यो
सेती नदीको खोँच हो
जहाँ अट्न सक्दैनन् हिमालका खुट्टाहरू

(पानीभित्र पानीबाहिर, पृ. ५६)

मान्छेहरू धूवाँ भएर उडे
बगरभरि बालुवाभ्रैँ पुरिए
भ्रारपातभ्रैँ जङ्गलभरि सोत्तर भए
आँसु र व्यथाका गीत भए मान्छेहरू
पसिना रसाएपछि भीमेश्वको घाउमा

(निःशब्द जुलुस, पृ. ८८)

**(ख) युद्धको विरोध, शान्तिको कामना**

कवि कृष्ण जोशीले शान्ति र न्याय दिनानुदिन अशान्ति र अन्यायमा रूपान्तरित भइरहेको वर्तमान युगीन कटुयथार्थलाई चित्रण गर्दै आफ्ना कविताहरूमा सबै प्रकारका युद्धको विरोध गर्दै शान्तिको कामना गरेका छन् । यस कविता सङ्ग्रहका *पराजित, हत्केलामा हिमालको शिखर, अहिले पनि त्यता हेर्छु, अनिराकोआकाश जाहिराको धरती, मृत्यु बिनाको समाचार,*

*युद्धबन्द* लगायतका कवितहरूमा युद्धविभीषिकाको विपक्षमा कविका धारणाहरू प्रस्तुत भएका छन् भने नरसंहारक विध्वंसकारी हत्या, हिंसा, आतङ्क र अशान्तिप्रतिको आक्रोश र शन्तिप्रतिको कामना पनि जोशीले कविताको विषयवस्तु बनेका छन् :

युद्ध गरिहेछन् मान्छेहरू

कसरी जित्लान् मान्छेहरूलाई

जसले जितेका छैनन्

हावापानीलाई

बस्ती सखाप पार्ने आगोलाई

(पराजित , पृ. २८)

थुप्रै चील र गिद्धहरू देखें आकाशमा

थुप्रै स्याल र चितुवाहरू देखें बाटोको छेउछाउ जङ्गलमा

हतारहतार दौडिरहेका

भोका नरभक्षी पेटहरू देखें

(अहिले पनि त्यता हेर्छु, पृ. ७०)

मृत्यु - बाँच्नुभन्दा सजिलो भयो

रगत -पानीभन्दा सस्तो भयो

आँखा - मृत्यु छलेर नझिम्किने भयो

पाइला - लास नटेकी हिँड्न नपाउने भयो

बाँसुरीमा

राग अब कुन सरगमको बजाऊँ

जसले

जिन्दगीसँग सस्तो साटिने मृत्यु होइन

जिन्दगीबाट टाढा रहन मृत्युलाई 'कर्फ्यू' अलाप्न सक्छ

अब

कुन बाँस काटेर कलम बनाउँ

जसले, मृत्युविनाको अक्षर लेख्न सक्छ

विनाआँसुको पनि समाचार लेख्न सक्छ ।

(मृत्यु विनाको समाचार, पृ. ९०)

**(ग) शहरी परिवेशको चित्रण**

कवि कृष्ण जोशीले *लिला, कवितासँग खेलेर, घुम्ने मेचमाथि काठमाडौं, सहर टेक्नेहरूको होइन* लगायतका कविताहरूमा सहरलाई विभिन्न सन्दर्भमा चित्रण गरेका छन् । सहरले सिर्जना गरेका अमानवीयता, वर्गीय विभेद, संशय, भय, त्रास र सहरको निस्सारता जोशीका कवितामा मुखारित भएर प्रस्तुत भएको छ :

कार्पेट गाडी र मार्बल पखालेर सक्छु

दुई दिनपछि केही क्षणमात्र धारामा आउने पानी

धाक रवाफसहित अनि ठूलो स्वरमा भाषण गर्छु

पानी दिन नसक्ने यो पङ्गु सरकार ।

(कवितासँग खेलेर, पृ. ३८)

रूपान्तर दर्शन आँखामा च्यापेर

प्रस्थानको आवेशमा छ काठमाडौंबाट काठमाडौं

निर्बल मान्छेको काँधमाथि

रथमा आसिन भएर

(घुम्ने मेचमाथि काठमाडौं, पृ. ५९)

प्यास मेट्न सक्छ सहर

पसिनाको वासना पिएर

पानी चाँहिदैन

दुर्घटना मृत्यु पनि प्रेमसँग हेर्न सक्छ

रगतको दह टेकेर

हँसोको खेल हेर्न सक्छ

मानौँ ऊ निरीह बच्चा हो

जसलाई रगत र मृत्युको कुनै बोध हुँदैन ।

(सहर-सहर टेक्नेहरूको होइन, पृ. ९४)

**(घ) अस्तित्वबोध र अस्तित्वको सङ्कटप्रतिको चिन्ताभाव**

कवि कृष्ण जोशीले *संवेदनाहीन आत्महत्या, हिँड्नु धेरै अल्झिएर, जीउभरि सुनकण टाँसिएको क्षण, यो अलीला होइन, चित्रदंशित चित्रकार, वरिपरि नहुने किनार, मेरो सपना माछाको आँखामा, आँफै आफ्नो हो कि होइन, म माथि रात पोखिँदा* लगायतका कवितामा जीवको निस्सारतालाई प्रस्तुत गर्दै अस्तित्व सङ्कटको भावाभिव्यक्ति प्रस्तुत गरेका छन् भने यिनै कविता पुञ्जहरूमा अस्तित्वबोधको स्वीकारोक्ति पनि पाइन्छ :

केही छैन अब तिमीलाई दिन

मात्र करौँती धार छ

प्रारम्भ होइन अन्त्यमात्र छ

उज्यालो नआऊ,  अँध्यारो नआऊ

समयको

कुनै अंश पनि होइन म तिम्रो लागि

(संवेदनाहीन आत्महत्या, पृ. ३०)

बाक्लो अपसकुन हाम्रो वरिपरि

न त कुचोले बढार्न सक्छ

न त आवाज हुरीले उडाउन सक्छ

सुकेको छ चौतारीमा धारा पनि

न त पखाल्न सक्छ पानीले

(हिँड्नु धेरै अल्मिएर, पृ. ३५)

उभिन देऊ मलाई

सपना बाँड्ने

स्वर र नृत्य अभिनयबाट टाढा

मलाई

हरेक अभिनयभित्रको आकारसँग डर लाग्छ

कहिलेकाहिँ

आफैंभित्रको मसँग पनि शङ्का लाग्छ

(जीउभरि सुनकण टाँस्सिएको क्षण, पृ. ५०)

(ङ) **प्रेम र यौवन**

यस कविता सङ्ग्रहका केही कविताहरूमा कविले प्रेम र यौवनका कुराहरूलाई विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् । यसरी प्रेम र यौवनलाई विष्यवस्तु बनाइ रचना गरिएका कविताहरूमा *जित्यौ म हारेर मात्र, दुःस्वप्न पुन : स्पर्शको, निशस्त्रलाई पनि वास दिएनौ, चट्टानमा मुटुको चोट, भलाकुसारी पनि* हुन् । मिलन वियोग एकान्तपनका अनुभूतिहरूलाई अभिव्यक्त गरिएका उक्त कविताहरूमा जीवनप्रति निराशा भएकाहरूको स्वर गुञ्जिएको छ । विकृति र विसङ्गतिले जकडिएको समाजमा अस्तित्व र परिचय बिलाउन लागेको देखेर चिन्तित कविका अभिव्यक्तिहरू यसरी प्रस्फुटित भएका छन् :

सबै मौसमको रङ सजिएकी थिएँ

अवर्णित थियो मेरो श्रृङ्गार

कथा पनि अर्कै थियो त्यतिबेलाको

आँखाहरू कति स्थीर हुन्थे

मेरो दर्शन पाउन नसक्दा

धेरै मनहरू त त्यसैत्यसै टुक्रिन्थे

मेरो मनमा प्रवेशको झ्यालढोका तालाबन्दी देख्दा

(जित्यौ म हारेर मात्र, पृ.९)

कहिले सहमतिमा

कहिलेकाहिँ असहमतिमा

निर्बिघ्न प्रयोग गरेथ्यौ मलाई

मभित्रको सत्ताक्षेत्रमा

निसङ्कोच तिमीले प्रवेश गरेर

(दु:स्वप्न पुन :स्पर्शको, पृ. ३२)

अमृत र पवित्र जल रुझेर

तिमी हिउँ जमेर सुत

अथवा आगो भएर खरानी निदाऊ

मेरो घाउ त दुखिनै रहेनछ

सबै तिम्रो कारणबाट लागेका चोटहरू

मबाट झिकेर

चट्टानमा सारे पनि

(चट्टानमा मुटुको चोट, पृ. ६८)

यसरी कवि कृष्ण जोशीले आफ्नो कविता सङ्ग्रह चित्रदंश मा सङ्ग्रहित गरेका कविताका विषयवस्तुलाई नियाल्दा अस्तित्वको खोजी, युगीन यथार्थको चित्रण सामाजिक विकृति-विसङ्गति, जीवनको निस्सारता, सहरले उत्पन्न गरेका प्रश्नहरू तथा प्रेम र यौवनका आरोह अवरोहहरूलाई नै मूल विषयको रूपमा प्रस्तुत गरेको पाइन्छ।

## ५.३.४ भावविधान

कृष्ण जोशी स्वच्छन्दतावादी प्रकृतिबाट प्रभावित भएर प्रयोगवादी कविता रचना गर्ने कवि हुन् । **चित्रदंश** कविता सङ्ग्रहमा कवि्ले विषयवस्तुको आत्मपरक चित्रण गर्दै मानवीय मूल्यको खोजी गरेका छन् । मानव जगत र सामाजिक विकृतिहरूको उद्घाटन गरिएका उनका कवितामा व्यङ्ग्यात्मक स्वर गुञ्जिएको पाइन्छ । *आफ्नो लासमाथि आफ्नै टाउको* (पृ. ६), *लीला* (पृ.२२), *ऊ बुढोको वर्तमान* (पृ.१९), *आँसु रुझेर देवताहरू* (पृ.२२), *पानीभित्र पानीबाहिर* (पृ.

५६) जस्ता कविताहरूमा युगीन यथार्थ र परिवेशको चित्रण स्वभाविक रूपमा गरिएको छ । कवि जोशीले रचना गरेका कविताहरूमा सिर्जनाको सङ्कटग्रस्त अस्तित्व र मूल्यहीन अवस्थाको जीवन्त चित्रण पाइन्छ । यस्तो भावभूमि भएका कविताहरूमा *संवेदनाहीन आत्महत्या* (पृ. ३०), *हिँड्नु धेरै अल्भिएर* (पृ.३४), *सीमान्त प्रतिशोध* (पृ. ४३), *जीउभरि सुनकण टाँसिएको क्षण* (पृ. ४९), *यो अलीला होइन* (पृ. ६३), *चित्रदंशित चित्रकार* (पृ. ७२), *वारिपारि नहुने किनार* (पृ. ७८) हुन् । युद्धजन्य वातावरणको विपक्षमा आत्मधारणाहरू प्रस्तुत गरिएका जोशीका कवितामा हत्या, हिंसा, आतङ्क र अशान्तिप्रतिको हुङ्कार तथा जीवन र शान्तिप्रतिको अपेक्षा मुखारित भएको छ । यस्तो भावभूमि भएका कविताहरूभित्र *पराजित* (पृ. २८), *आँखामा समुद्र* ( पृ. ३६) *हत्केलामा हिमालको शिखर* (पृ. ५४), *अहिले पनि त्यता हेर्छु* (पृ. ६९),*अनिराको आकाश जाहिराको धरती* (पृ. ८२), *मृत्युबिनाको समाचार* (पृ.८९), *युद्धबन्द* (पृ.९६) पर्दछन् । कवि जोशीले *हृदयघात भएर चराहरूलाई* (पृ. २४), *कविताहरूसँग खेलेर* (पृ. ३८), *घुम्ने मेचमाथि काठमाडौं* (पृ. ५९), *सहर सहर टेक्नेहरूको होइन* (पृ. ९४) लगायतका कविताहरूमा सहरलाई विभिन्न सन्दर्भमा चित्रण गरेका छन् । यी कविताहरूमा कविको सहरप्रतिको विद्रोह अभिव्यक्ति भएको पाइन्छ । प्रेम र यौवनका रूपमा प्रस्तुत हुने मानवमनका राप र तापजन्य संस्मरण, खुसी, पीडा आदिको अभिव्यक्ति पाइने यिनका कविताम भावुकता, संवेदनशीलता, काल्पनिकताजस्ता मानवीय पक्षहरूलाई स्वच्छन्द तरिकाबाट प्रस्तुत गरिएको छ । यस्तो भावभूमि भएका कविताहरूमा *जित्यौ म हारेर मात्र* (पृ. ९), *दुःस्वप्न पुनः स्पर्शको* (पृ. ३२), *निशस्त्रलाई पनि बास दिएनौ* (पृ. ४७), *चट्टानमा मुटुको चोट* (पृ. ६६) पर्दछन् ।

समग्रमा वर्तमान युगीन जीवनभोगाईका अनेक सङ्गत असङ्गत क्षणहरूको कवितात्मक अभिव्यञ्जना नै जोशीका कविताहरूको मुख्य भावगत पहिचान रहेको छ ।

### ५.३.५ लयविधान

कृष्ण जोशीको **चित्रदंश** कविता सङ्ग्रहमा भएका प्रायः सबै कविताहरू गद्य लयमा आधारित छन् । जोशीको साङ्गीतिक र सुन्दर भाषाप्रयोगले कवितालाई गेयात्मक बनाएको छ । यसका अतिरिक्त स्वतः स्फूर्त रूपमा देखापरेका अन्तरअनुप्रासीयता र अन्य विविध अनुप्रासको प्रयोगले कविताको लयात्मकतालाई अझ सशक्त बनाएको छ :

कुनै छाया नयाँ भएर आएन

पुरानो कुनै माया पनि आएन

तिनको आँखा ढुङ्गा भएर चोइटियो

तिनको आकाश टुक्रा भएर खस्यो

तर कतैबाट झरेन तिनको मान्छे

भर्खर अँगालोबाट छुट्टिएको मान्छे

(अहिले पनि त्यता हेर्छु, पृ. ७०)

त्यस्तै,

रित्तिएर बहुलाएकी जस्ती

नखाएर भोकको नशाले मातेजस्ती

इच्छा आशा केही नभएकी

आँसुले पोतिएकी

हाँसोबाट विरक्तिएकी

अप्ठेरो भीरमा कुँदिएकी तिनी

त्यतै कतै गएकी थिइन्

मान्छेबाट छलिएर

आफैबाट भागेर

(कथा मात्र होइन, पृ. ३)

गेयात्मकताको बढी आभास मिल्ने जोशीका कवितामा व्यङ्ग्यवाणलाई सशक्त रूपमा प्रस्तुत गरिएको छ :

हाड करङमा टेकाएर धेरैलाई हिँडायो उसले

झुप्रोबाट आकाश छुने घरसम्म

नाङ्गो खुट्टादेखि चिल्ला जुत्ताको यात्रासम्म

यतिखेर उनीहरू दन्त्यकथाको राजकुमारको शानमान बाँचिरहेछन्

फुस्रा - खस्रा पूर्व अनुहार विर्सिएर

(ऊ बुढोको वर्तमान, पृ. २०)

सघन गद्य लयमा लेखिएको कवि कृष्ण जोशीका कविताको पङ्क्तिपुञ्जगत वितरण प्रक्रिया स्वभाविक र सार्थक देखिन्छ । कतिपय कवितामा भाषिक विन्यास सूक्तिमय रूपमा प्रस्तुत भएको छ । विभिन्न प्रकारका विचलनयुक्त भाषिक विन्यास पाइने यिनका कवितामा समानान्तरताको उपर्युक्त आयोजन गरिएको छ । विचलन र समानान्ताबाट अगाडि बढेका यिनका कविता मुक्तछन्दमा संरचित गद्य कविता भएर पनि लयात्मक र गेयात्मक गुणले ओतप्रोत छन् ।

## ५.३.६ बिम्ब प्रतीक र अलङ्कारविद्यान

**चित्रदंश** कविता सङ्ग्रहभित्रका कविताहरूले कविका अन्तरहृदयका भावभिव्यञ्जनालाई मूर्तरूप दिएका छन् । यस सङ्ग्रहका कवितामा कवि जोशीले राजनीतिक, सामाजिक, आर्थिक र प्रकृतिका विविध क्षेत्रमा बिम्ब र प्रतीकहरू टिपेर कविताहरूमा प्रयोग गरेका छन् :

अन्तिम संस्करणभित्र

खोजिरहेछु यतिबेला मान्छेलाई

बाघ भालु चितुवा नङ्ग्राहरूमा सर्प दाँतहरूमा

साङ्घातिक समयका अनुहारहरूमा

कहिलेकाँहि मान्छेइतर मान्छेहरूमा

(आँसु रुभ्रेर देवताहरू, पृ. २३)

वृद्ध शरीरभन्दा पहिले

थाकेको छ

बुढो वर्तमान

आफूभन्दा गऱ्हौं भारी बोकेर

(वर्तमान अशक्त क्षण,पृ. ८६)

प्रस्तुत उदाहरणहरूमा जनावर, नङ्ग्रा दाँत जस्ता विम्बहरू प्रयोग गरिएका छन् । यिनले एकातिर सभ्यताले भित्र्याएका जटिलताहरू बढिरहेको सङ्केत गर्छ भने मानवीय संवेदना हराउँदै गएको र मान्छे दावन बन्दै गएको यथार्थको पनि चित्रण गर्दछन् । अर्को उदाहरणमा आधुनिक सभ्यतालाई बुढो शरीरसँग तुलना गरेर कविले अहिलेको युगीन विसङ्गतिपूर्ण समाजको मनोभावनालाई बाहिर ल्याउने प्रयत्न गरेको देखिन्छ ।

खान्छन्

जाहिराहरू

अलिनु उसिनेर घाँसपातहरू

बालुवा र बम, बारुद छानेर भ्रार र भ्रारका जराहरू

अफगानिस्तानमा

बर्सिरहेछन्

नग्न थुम्को झैँ सुन्निएको पेटमाथि

बम र गोलीका लप्काहरू

रित्ता भकारीजस्ता मक्किएका जाहिराका भोक र तीर्खाहरूमा

(अनिराको आकाश जाहिराको धरती, पृ. ८२)

प्रस्तुत हरफहरूमा बालुवा, बम, वारुद, सुन्निएको पेट जस्ता बिम्बहरूको प्रयोगद्वारा एकापट्टि शक्ति प्रदर्शनको होड तथा विज्ञानको उपलब्धिलाई दर्शाइएको छ भने अर्कातर्फ 'सुन्निएको पेट' गरिबीको प्रतीकको रूपमा प्रस्तुत भएको छ।

पूजाको बहानामा

प्राणीको बलिदान गर्ने

युद्धजीतको नाममा

युद्धभूमिवरिपरि मान्छेलाई ढाल्ने

अहिलेका सबै मान्छेको घर

विलौना आँसुमा डुब्नेहरू

परदेशिएका आफन्त आउने नआउने बाटो कुर्नेहरू

सबै घरवारहीन

ईश्वर पनि

घरबासिकै फन्दामा लोभलालचमा

प्रार्थना उनीहरूकै सुन्छन्

कामना पुऱ्याउँछन् उनीहरूकै

अहिलेको मान्छे भएछ ईश्वर पनि

(ममाथि रात पोखिँदा, पृ. १०२)

परम्परागत रूपमा पूजाआजा र ईश्वरलाई शिष्टता र शक्तिपीठको रूपमा लिइन्छ । मानिसमा धार्मिक चेष्टा हराउँदै गएको धर्म र संस्कृतिको व्यापार गर्न थालेको र ईश्वरलाई व्यापारीहरूले आफ्ना निजी बनाइसकेको अवस्थाप्रति कवि जोशी दुखेसो पोख्न पुग्छन् ।

– अतिशयोक्ति,– तुल्ययोगिता– तथ~~ल~~ा– स्वभावोक्ति– अर्थालङ्कारको– प्रवेश– पनि– यस कृतिका– कविता~~हरू~~हरूमा– जोशीले– गराई कवितालाई सुन्दर तथा अर्थपूर्ण बनाएका ~~छन्~~– । यसरी– कृष्ण जोशीको– **चित्रदंश** कविता–कृतिभित्र– सङ्कलित– कविता~~हरू~~हरूमा– शब्दालङ्कार र– अर्थालङ्कारको– प्रयोग– प्रशस्त– मात्रामा– भएका– छ~~न्~~– ।– शब्दालङ्कारकाले– यहाँका– पद तथा– गद्य– दुवै– शीर्षकका– कविता~~हरू~~हरूमा– शब्दलाई– चमत्कारिता– र– सौन्दर्यमूलक बनाएको– छ– भने– अर्थालङ्कारले– कवितामा प्रयोग भएका– शब्द~~हरू~~हरूको– अर्थलाई सौन्दर्य– तथा– प्रभावमूलक– बनाएको– छ– ।– त्यसैले– जोशीका– यस– कृतिमा– सङ्कलित कविता~~हरू~~हरू– बौद्धिक– भए– पनि– अर्थालङ्कारको– सहज– प्रयोगले– सरल– तथा– मार्मिक बनेका छन्– ।

सरल र सहज भाषा तथा वर्णन विवरणमूलक एकालापीय शैलीका प्रयोगकर्ता कवि जोशी कविताको भाव अनुरूप विम्ब, प्रतीक र अलङ्कारयुक्त भाषिक विन्यासमा निपूर्ण देखिन्छन् । भावुकता, रहस्यात्मकता, सङ्केतात्मकता, प्रतीकात्मकता, अमूर्तता, प्रयोगशीलता र नवस्वच्छन्दतावादी प्रयोगका कारण यिनका कविता केही क्लिष्टजस्ता देखिएपनि बोधगम्य छन् ।

## ५.३.७ भाषाशैली

कृष्ण जोशीका अन्य कविता सङ्ग्रहमा झैँ यस सङ्ग्रहभित्रका कवितामा पनि केही मूर्तता र केही अर्मूतताको आभास पाइन्छ । उनका केही कवितामा सरलता, सरसता र सुबोधता पाइन्छ भने धेरै कविताहरूको भाषाशैलीय विन्यास सरल र सहज हुँदाहुँदै पनि

Formatted: Font: 15 pt, Font color: Black

Formatted: Font: 16 pt, Font color: Black, Complex Script Font: 16 pt

Formatted: Font: 16 pt, Font color: Black, Complex Script Font: 16 pt

Formatted: Font: 16 pt, Font color: Black, Complex Script Font: 16 pt

Formatted: Font: 16 pt, Font color: Black, Complex Script Font: 16 pt

Formatted: Font: 16 pt, Font color: Black, Complex Script Font: 16 pt

प्रयोगशील छटाहरूका कारण यिनका कतिपय कविता अबोधगम्यजस्ता बन्न पुगेका छन् । प्रयोगधर्मी कविका रूपमा प्रस्तुत भएका जोशीका कविताहरू उच्च कोटीका देखा परेका छन् ।

यस कविता सङ्ग्रहमा कविले प्रयोग गरेको भाषाशैली आलङ्कारिक काव्यात्मक किसिमको छ । कुनै कुनै कवितामा कविले काव्यात्मकता ल्याउन शब्द चयनमा विशेष दृष्टि दिएका छन् । यस सङ्ग्रहका प्राय :सबै कविताहरूको अन्त्यमा एउटामात्रै पूर्णविराम चिन्हको प्रयोग गरिएको छ भने आवश्यकताका आधारमा न्यून मात्रामा प्रश्नवाचक, योजक चिन्हको प्रयोग गरिएको छ । कविले कवितात्मक भाषाशैलीको गर्दै शब्द चमत्कारलाई भन्दा भाव पक्षमा बढी जोड दिएका छन् । गद्य भाषामा प्रचलित शब्दहरूको बढी प्रयोग भएको यस सङ्ग्रहमा वर्णनपरक गद्य भाषाको पनि उत्तिकै प्रयोग छ । यस कविता सङ्ग्रहमा प्रयोग भएका भाषाशैलीलाई निम्न उदाहरणहरूबाट स्पष्ट पार्न सकिन्छ :

**(क) काव्यात्मक**

माटोको पुरानो ध्याम्पा फुटाउँछु

काठको मुङ्ग्राले

र पुरुषार्थी भएर घोषणा गर्छु

अँध्यारोलाई गर्भैबाट तुहाएको

(कवितासँग खेलेर, पृ. ३८)

**(ख) व्यङ्ग्यात्मक**

नजिकबाट हेर्दा

आँसु बगेझैँ देख्छु स्वयम्भुका अचल आँखाहरूमा

मौन जुलुस भएर हिँडेको देख्छु

एक्लै स्वयम्भु मान्छेहरूको हुलमा

(निःशब्द जुलुस, पृ. ८८)

(ग) **वर्णनात्मक**

हुन सक्छ

कतै घाउ पखाल्दै होलान्

जीउभरिको रगत पखाल्दै होलान्

फर्किने बाचा सम्झदै

घस्रिदै होलान् कतै बगरहरूमा

पहिरोहरूमा अनि भीरहरूमा तिनको मान्छे

(अहिले पनि त्यता हेर्छु, पृ. ७०)

### ५.३.८ निष्कर्ष

कवि कृष्ण जोशीले आफ्ना कवितामा वर्तमान युगीन जनजीवनका विसङ्गति, विकृति, निस्सारता, विवशता, बाध्यता, मानवीयता, मूल्यहीनता, संवेदनशीलता आदिका साथै नारीहरूका निरीह अवस्था एवम् तिनका विवशता, बाध्यता, एकाकीपन, असुरक्षा, परनिर्भरता मुस्कानरहित स्थिति आदिको मर्मिक चित्रण गरेका छन् । समयको चित्रको रूपमा प्रस्तुत गरिएको यस कविता सङ्ग्रहमा राष्ट्रिय, अन्तर्राष्ट्रिय परिवेशसँग जोडेर दुःख, पीडा, अशान्त परिवेश र त्रासदीको वर्णन गरिएको छ । कवितामा चित्रण गरिएका विषयवस्तु स्वभाविक र जीवन्त छन् । विभिन्न मिथक बिम्ब, अलङ्कारलाई पनि कविले कुशलतापूर्वक प्रयोग गरेका छन् । उनका कवितामा प्रेम, भावुकता, संवेदनशीलता जस्ता पक्षलाई यथार्थवादी-प्रयोगवादी ढङ्गबाट प्रस्तुत गरिएको छ । समग्रमा **चित्रदंश** कविता सङ्ग्रह कवि कृष्ण जोशीलाई यथार्थवादी-प्रयोगवादी कविका रूपमा चिनाउन सफल कृति हो ।

## ५.४ ज्यामीपत्नीको घोषणा कविता सङ्ग्रहको विश्लेषण

प्रस्तुत कृति कवि कृष्ण जोशीको वि.सं. २०६९ सालमा प्रकाशित चौथो कविता सङ्ग्रह हो । यस कविता सङ्ग्रहमा प्रगीतात्मक संरचनायुक्त ३५ वटा कविताहरू सङ्ग्रहित छन् । वि.सं

२०६२ देखि वि.सं. २०६८ सालसम्म विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका ३० वटा र अन्य पाँचवटा कविता गरी ३५ वटा कविता यस सङ्ग्रहमा सङ्कलित गरिएका छन् । यस कविता सङ्ग्रहका कविताहरूले वर्तमान समाजको नग्न प्रतिबिम्ब देखाएका छन् । कविताले गाउँ र सहरबीचको वास्तविक समस्या उत्खनन गर्ने काम गरेको छ । नेपाली समाजको यन्त्रणापूर्ण जीवन भोगाइको यथार्थ चित्र यस सङ्ग्रहका कवितामा पाइन्छ । कविले रक्तपातपूर्ण कालरात्रिमा फसेको द्वन्द्वात्मक समाजको दारूणिक चित्र सङ्ग्रहमा उतार्न सफल भएका छन् । समग्रमा यस सङ्ग्रहका कवितामा अमूर्त नवस्वच्छन्दतावादी अभिव्यक्ति, भावुकताको उडान, व्यङ्ग्य, प्रेमाकर्षण, सम्भोग, अविश्वास आशा - निराशा, शून्यता, नरसंहार, हत्या, द्वन्द्वमा फसेको समाज, अन्धकारमय परिस्थिति पूरा हुन नसकेका सपना, मानवीय इच्छा, असन्तोषजस्ता कुराको लेखाजोखा पाइन्छ ।

### ५.४.१ शीर्षक

**ज्यामीपत्नीको घोषणा** कविता सङ्ग्रहको शीर्षक सङ्ग्रहभित्रकै कविता **ज्यामीपत्नीको घोषणा** वा आधारमा राखिएको हो । यस कवितामार्फत कविले उत्पीडित र सीमान्तकृत महिला श्रमिकहरूको आवाज बोल्न खोजेका छन् । यस सङ्ग्रहका कवितामा देशका आवाजविहीन, इतिहासविहीन र शक्तिहीन नागरिकहरूको पीडालाई प्रस्तुत गरिएको छ । कविले आफ्ना अस्वीकृत र विद्रोही आवाजहरूलाई ज्यामीकी पत्नीको मुखबट बाहिर ल्याउने काम गरेका छन् । यस सङ्ग्रहका सबैजसो कविताको शीर्षक सङ्केतात्मक पाराका भएर पनि सार्थक छन् । प्रायः सबै कवितामा एउटै वा एकाधिक भावको विस्तार गरिएका यस सङ्ग्रहभित्रका सबै कविता प्रगीतत्मक संरचनामा आवद्ध छन् । प्रगीतात्मक कविताका माध्यमबाट आजको जीवनका विविध भोगाई, आजको मान्छेको मनोविज्ञान र आजको समाजशास्त्रीय मूल्यसँग सूक्ष्मरूपमा गाँसिएका  विविध पक्षलाई समेट्न कवि सफल देखिएका छन् ।

### ५.४.२ संरचना

यस कविता सङ्ग्रहको संरचना भन्नाले यसमा सङ्ग्रहित कविताहरू र यिनैबाट निर्मित सिङ्गो सङ्ग्रहको आकार भन्ने बुझिन्छ । यस कविता सङ्ग्रहलाई हेर्दा यसको बाह्य संरचना

पद, पदावली, खण्ड, परिच्छेद, अनुच्छेद, विश्राम आदिलाई आत्मसाथ गर्दै गद्य लयका ३५ वटा मझौला कविताहरू रही ९० पृष्ठमा संरचित छ । आयामका दृष्टिले सबैभन्दा लामा कविताहरूमा *श्रवण मुकारुङ्को बयान, ज्यामीपत्नीको घोषणा, म यतिबेला आसनमा छु* पर्दछन् । सङ्ग्रहको सबैभन्दा छोटो कविता *सूर्यफूल फूलाएर* हो । यस सङ्ग्रहका पङ्क्ति र अनुच्छेदहरूमा एकरूपता पाइँदैन । केही कविताहरूमा अभिव्यक्ति खण्डहरूलाई निश्चित ढाँचा दिन खोजिएको भए तापनि भावनात्मक बगाइसँगै अनुच्छेदहरू बढेका पाइन्छन् । यसमा सङ्कलित प्रत्येक रचनाको अन्त्यमा एउटामात्र पूर्णविरामको प्रयोग गरिएको छ । प्रगीतात्मक गद्य कविताका रूपमा प्रस्तुत गरिएका यस सङ्ग्रहभित्रका सबैजसो कविताको सङ्गठन व्यवस्था क्रमिक वा व्यतिक्रमिक जे भएपनि तिनको संरचना पूर्ण, जीवन्त र स्वनिष्ठ रहेको छ । दैनिक बोलीचालीका शब्दलाई सरल भाषाशैलीको प्रयोगद्वारा जीवन्तता दिइएको छ, त्यसैले प्रत्येक कविताका शब्दहरू बोलेका छन् ।

### ५.४.३ विषयवस्तु

यस कविता सङ्ग्रहका कविताहरूमा कवि कृष्ण जोशीले आफ्नो जीवनको भोगाइका अनुभवहरूलाई हुबहु उतार्ने काम गरेका छन् । कविले जीवनको चौहत्तर वर्षमा आइपुग्दासम्म देखेका र सुनेका मात्र होइन आफैँ सहभागी भएर अनुभव गरेका अनेकौं घटना परिस्थितिलाई कविताको रूप दिएका छन् । जोशीका कविताहरूमा मानवीय जीवनका आशा - निराशा, विश्वास - अविश्वास, आलाप - विलाप साथै प्रेमाकर्षण, शृङ्गारिकता, सम्भोग, आशक्तिजन्य परिस्थिति, शून्यता, असन्तोष, आक्रोश, विषमता,कोरा काल्पनिकता, भावुकता आदिको स्वच्छन्द चित्रण पाइन्छ । यिनले आफ्ना कतिपय कवितामा नरसंहार, हत्या तथा सामरिक युद्ध विभीषिकाबाट सन्त्रस्त्र परिवेश र मृत्युको चित्रण गर्दै त्यसको अन्त्य गरी शान्तिको आह्वान गरेका छन् । जीवनका क्षणिकता, विवशता, बाध्यता र निस्सारता चित्रित यिनका कवितामा मानव जीवनका दैनन्दिन घटना तथा जीवन भोगाइका उतारचढावहरूको मार्मिक चित्रण पाइन्छ । यिनले वर्तमान युगीन मानवीय मूल्यहीनता, संवेदनाहीनता र सङ्कटग्रस्त मानवीय अस्मितालाई जीवन्त ढङ्गले अभिव्यक्त गरेका छन् । मानवताविहीन सहरिया परिवेश र स्थानीय

ग्रामीण स्वच्छ परिवेशको चित्रण गरिएका यिनका कवितामा मानवीय अस्मिता जगेर्नाको स्वर पनि मुखरित भएको पाइन्छ ।

राजधानी काठमाडौंको जनजीवनप्रति व्यङ्ग्य हानिएका कृष्ण जोशीका कवितामा मानवको लाछीपन तथा ह्रासोन्मुख मानवताको समेत चित्रण पाइन्छ । यिनले कतिपय कवितामा चेतना शून्य परिस्थितिको चित्रण गर्दै त्यसमा शक्तिस्वरूप चेतना भर्न आह्वान गरेका हुन् । मनको व्यापकता चित्रित यिनका कवितामा मान्छेलाई खोक्रो आवरणबाट बाहिर निकाल्ने अग्रसरता प्रस्तुत गरिएको छ । यिनका कवितामा मान्छेलाई बनाउने र बिगार्ने ईश्वर नभएर मान्छे नै स्वयं भएको र उसले दिनानुदिन मानवीय संवेदना गुमाइरहेको सुन्दर चित्रण पाइन्छ ।

कविले सङ्ग्रहभरि नेपाली भएर पनि उत्पीडित र सीमान्तकृत बन्न पुगेका मानिसहरूको आवाजविहीनताको अवस्थालाई मार्मिक ढङ्गले प्रस्तुत गरेका छन् । युद्धको सन्त्रास, राजनीतिक तथा आर्थिक विसङ्गतिको कारणबाट युवावर्गमा देखिएको वितृष्णाले देश अधोगतितिर लागिरहेको प्रसङ्ग पनि कवितामा अभिव्यक्त भएको छ । कविले स्वतन्त्रता, आत्मगौरव, मानवीय अस्तित्व र आधारभूत आवश्यकताको खोजी गर्दै यिनै विषयमा केन्द्रित भएर कविताको रचना गरेका छन् । यस सङ्ग्रहभित्रका कविताहरू मार्फत कविले वर्तमान समयको नग्न प्रतिबिम्ब देखाएका छन् । केही कविताहरूमा द्वन्द्वमा फसेको समाजको दारुणिक चित्र प्रस्तुत गरिएको छ ।

समग्रमा कविले यस सङ्ग्रहभित्र आजको जीवनका विविध भोगाई, आजको मान्छेको मनोविज्ञानलाई प्रस्तुत गर्दै नेपाली समाजमा उत्पीडनमा परेका जाति वर्ग र क्षेत्रका विषयलाई आफ्ना कवितामा विशिष्ट स्थान दिएका छन् । यस्तै विविध विषयवस्तुहरू समेटिएका कविताहरूलाई केलाएर यसप्रकार प्रस्तुत गरिएको छ :

**(क) उत्पीडितहरूको आवाज**

यस सङ्ग्रहमा सङ्ग्रहित कतिपय कविताहरूमा उत्पीडनमा परेका तथा सीमान्तकृत मानिसहरूको विद्रोही आवाजहरूलाई प्रस्तुत गरिएको छ । यस्ता कविताहरूमा *ज्यामीपत्नीको*

*घोषणा, शवनम खातुन* पर्दछन् । यी कविताहरूमा देशका आवजविहीन, इतिहाविहीन र शक्तिविहिन नागरिकहरूको पीडालाई अन्त्यन्त कारुणिक रूपमा प्रस्तुत गरिएको छ :

सिमेन्ट इँटा र फलामका सबै जोर्नीहरूमा

पोलिएको छ डढेको छ

मेरो लोग्नेको हाड, करङ र मासु

रङ्गिएका छन् त्यो घरका सबै भित्ता पर्खालहरू

उनकै रगत बाछिटाले

(ज्यामीपत्नीको घोषणा, पृ. १)

हिजोआज शवनम खातुन

पानी देख्दा चिच्याउँछन्, खोलाहरू देख्दा बहुलाउँछन्

पानी र खोलासँगै

बुझ्ने नबुझ्ने स्वरहरू भएर दौडिन्छन्, बग्छन्

अर्काको खेतबारीमा पाकेका धान-मकैका बोटहरू समाउँछन्

ढलेका रुख र हाँगाहरू अँगाल्छन्

र आशा गर्छन्

उनका हातहरूमा पानीसँगै बगेका परिवार अल्झिछन् कि ?

कतै बगेका घरखेतहरू फेरि

पहिलाजस्तै भैदिन्छन् कि ?

(शवनम खातुन, पृ. ५०)

(ख) **नेपाली जनशक्तिको विस्थापन**

कविले नेपाली युवा जनशक्ति विदेशी भूमिमा विस्थापन भइरहेको अवस्थालाई आफ्ना कवितामा समावेश गरेका छन् । आफ्नै नेपाली समाज र जन्मभूमिमा स्वाभिमानका साथ बसेर काम गर्ने अवसरबाट वञ्चित भएपछि विदेसिनुपर्ने बाध्यता र स्वदेशमा दिनदिनै गरिबीले पिल्सिनुपर्ने दुःखलाग्दो अवस्थाबाट मुक्ति खोज्दै आप्रवासका गल्लीहरूमा भौताँरिने क्रम बढेको र त्यसले नेपालमा बसोबास गर्ने आमाबाबुलाई पारेको प्रभावका बारेमा जोशीले मर्मस्पर्शी कविताहरूको रचना गरेका छन् । यस्ता कविताहरू भित्र *NRN हरूसँग, NRN हुन जानेहरूसँग, २० वर्ष भयो छोरा गएको* पर्दछन् । यी कविताहरूले नेपाली जनशक्तिको विस्थापनबाट उत्पन्न पीडा तथा हाम्रो आर्थिक संस्कृतिका गहिरा घाउहरूलाई व्यङ्ग्यात्मक रूपमा अभिव्यञ्जित गरेका छन् :

के भयो र

यताबाट उता कतै गएपनि

के भयो र तिमी नभएपनि

पानी उब्रिएको छैन

तिर्खा झन्झन् बढिनै रहेको छ

बसेकै छौं

उहिलेको लल्टिन, कुपी बालेर अहिलेसम्म

(NRN हुन जानेहरूसँग, पृ. १८)

आउँछन् जान्छन्

चारैतिरबाट अनेकन जहाजहरू हरेक समयमा

कुनै जहाजबाट तिमी ओर्लिदैनौ

टुक्रिन्छौँ हामी त्यसबेला हुरीबतासको

ऐना भएर

रोकिदिउँ जस्तो लाग्छ आकाशमा

मनलाग्छ फर्काईदिऊँ आकाशबाट नै

हतास, निराशमात्र ल्याउने जहाजलाई

(२० वर्ष भयो छोरा गएको, पृ. ३२)

**(ग) राजनीतिक - आर्थिक विसङगतिमाथि प्रहार**

कवि कृष्ण जोशीले *एक्काइस किलोको फुलमाला, म यतिबेला आसनमा छु, कृष्ण प्रभुहरू, पदासीन नयाँ प्रभु, त्यो आँधी त्यो अनुहार, घोड सवार, जादुगर्नी र विष्णु नवीन, नयाँ सोम शर्मा, गोही मुखमा माछाको भुरा,* जस्ता कविताहरूमा देशको राजनीतिक तथा आर्थिक विसङगतिमाथि कडा प्रहार गरेका छन् । यी कविताहरूमा कविले सत्ता पक्षको विपक्षमा उभिएर समकालीन राजनीतका कुरूप पक्षहरूलाई प्रस्तुत गर्दै निरीह नागरिकहरूको पीडालाई सम्बोधन गरेको पाइन्छ :

कति धिक्कारेछन् बाउ-बाजेले यो हुतिहारालाई
सधैं आकाश ताक्नुपर्छ
अलिकति नुन चिनी हेलिकप्टरले खसाल्छ कि भनेर
एक्काइस किलो फूलमाला लगाउनेहरू आएर
कुहिएको दाल चामल र वाइवाइको अक्षता छर्छन् भनेर

(एक्काइस किलोको फूलमाला, पृ. २३)

हिजो राजनीतिले देखाएको सपना पूरा नभएको, व्यक्ति परिवर्तन भएपनि सामाजिक रूपान्तरणका रूपमा देख्न नपाइएको यथार्थलाई पनि कविले कवितामा व्यक्त गरेका छन् :

युरोप, अमेरिका र खाडी देशका सम्पन्नता हुनेछन्
भन्थ्यौ स्वर्ण पलङमाथि हुनेछु म
अभाव, पीडा र त्रासहरू हुने छैनन्
वैभवता फल्नेछन् रुखका हाँगा-हाँगामा

(जादुगर्नी र विष्णु नवीन, पृ. ६३)

धेरै दिन कहाँ भयो र
त्यो आँधी फर्किएको
अहँ देखिँदैन कुनै दिशामा, कुनै वृत्तमा
त्यसले रोपेका विश्वासका रुखहरू सप्रिएका
देखाएका आशाहरू सार्थक भएका
अहिलेसम्म उठ्न पनि त सकेका छैनन्
पाउदेखि शिरसम्म ढलेका मान्छेका गजुर भएर

(त्यो आँधी ती अनुहारहरू, पृ. - ५३)

**(घ) द्वन्द्वको पीडा**

कवि कृष्ण जोशीका कवितामा द्वन्द्वमा फसेको समाजको दारुणिक चित्र कोरिएको पाइन्छ । कविले युद्ध, लडेकाहरूको रगत र लासको मूल्यहीनतालाई कवितामा वयान गरेका छन् । युद्ध सकिएपछि जनताले भोगेको राजनीतिक तिरस्कार र दुःखलाई पनि कवितामा जीवन्त रूपमा प्रस्तुत गरिएको छ । द्वन्द्वको पीडा समेटिएका कविताहरूमा जनताको मुक्तिका लागि भनेर वर्गसङ्घर्षको लडाइँमा सामेल भएका नेपाली जनताले युद्ध सकिएपछि वर्गमुक्ति नभइ यन्त्रणापूर्ण जीवन बाँच्न बाध्य भएको र केही मान्छेलाई कुर्सीमा पुऱ्याउन लडाइँको बलिवेदीमा होमिनु परेको नग्नसत्य कविताहरूमा देखाइएको छ । यस्ता कविताहरू *मा हिउँझैँ आयौ हिउँझैँ गयौ, सहरभित्र असहरियाहरू, खोलामा नुहाउन जाँदा, युद्ध सकिएपछि, अभिशप्त देवता, सुन्दर*

*ती आँलाहरू, शब्द ट्याब्लेट,* पर्दछन् । कविले युद्ध विभीषिकाबाट सन्त्रस्त परिवेशको चित्रण गर्दै शान्तिको कामना यसरी गरेका छन् :

त्रसित मेरो मुटुमा
आवाजहीन भक्कानो भुटाउँदै तिमी
चिसो भयौ त्यही मृगझैँ हिउँ भयौ त्यही क्षण
अन्तिम उपहारमा मलाई
मात्र कस्तुरी वासना दिएर ।

(हिउँझै आयौ हिउँझैँ गयौ, पृ. ३७)

पद प्रतिष्ठाका प्रतीक भइसकेछन्
मलाई टेकेर युद्धभूमिबाट फर्किनेहरू
पालनपोषण माग्ने घायल चित्कारले उनीहरूलाई छुँदैन
कुनै रोदन क्रन्दनले हुँदैन
कसैको मरणले पगाल्दैन नकचरा पदलिप्तहरूलाई

(युद्ध सकिएपछि, पृ. ४७)

**(ङ) सर्जकको सम्मान**

*श्रवण मुकारुङको बयान* कवितामा आजका सर्वाधिक चर्चित र लोकप्रिय कविता श्रवण मुकारुङको जीवन सङ्घर्ष र उनले *बिसे नगर्चीको बयान* कविता लेखेर जितेको इतिहासलाई यस कवितामा कविले काव्यिक समालोचना प्रस्तुत गरेका छन् । आजको नकारात्मक आलोचना, असहिष्णुता, ईर्ष्या र अहङ्कारले भरिएको समकालीन समाजमा पछिल्लो पुस्ताको शक्तिलाई स्नेहपूर्वक स्वीकार गर्ने साहस पनि कवितामा प्रकट भएको देखिन्छ । कविले यस कवितामा नेपालको बहुसाँस्कृतिक छविलाई विशिष्ट ढङ्गमा प्रस्तुत गर्दै अपरिचित असहयोगी परिवेशमा उभिएको एउटा कवि र भूमिपुत्रले आफूलाई अन्वेषण गर्दै गर्दाको मनोभाव व्यक्त गर्न खोजेका छन् :

पृथ्वीकालीन

दरबारिया मैया र राजकुमारको विवाह अवसरमा
नर्सिङ्गा, सहनाई बनाउँदा घाँटी फुटेर बगेको रगत
भारदार-काजीहरूका लबेदा सिउँदा
सियोले घोचेर औंलाभरि छियाछिया प्वाल परेको घाउ
सबै हृदयविदारक कथाहरू बकाएको थिएँ
बिसे नगर्चीको बयानमा
खुल्ला कचहरीमा उभ्याएर

\+ + + +

यहाँ म

त्यता उम्रिने बोटविरुवाबाट फरक जातको उम्रिरहेछु
हिउँदमा सुक्दैनन्, बर्षादमा झुक्दैनन्
हिजोका मात्र हुँदैनन्
भोलिको मात्र पनि हुँदैनन्
सबै समयमा आजका हुनेछन्
म अर्थात श्रवण मुकारुङ भएर
कालो पिच सडकको कालो गर्भ फुटाउँदै उभिरहेका
यी बोट विरुवाहरू ।

(श्रवण मुकारुङको बयान, पृ. १४)

**(च) युगीन सन्त्रास**

कवि कृष्ण जोशीका कवितामा सङ्कटग्रस्त युगीन परिवेश र कृत्रिमताले साँघुरिदै गएको वस्तुस्थितिको वर्णन गर्दै यिनका कवितामा सङ्कटापन्न राष्ट्रिय अस्मिताको जगेर्ना गर्न आह्वान

गरिएको छ । यस्ता कविताहरमा *अभिशप्त देवता, शब्द ट्याब्लेट, ऊ जस्तै भएँ कि म पनि, चौबाटो र एउटी वृद्धा* पर्दछन् ।

हत्केला पनि त्यति दृढ कहाँ छ र
सम्पूर्ण शरीरलाई थाम्न सक्ने
मान्छेहरू जीर्ण र निस्तेज
अनुहारमा खडेरी फाटेका चिराहरू
यस्तो लाग्छ
बाँच्न अभ्यस्त भइसकेका छन् मान्छेहरू
धमिलो पानीसँग शब्द ट्याब्लेट निलेर
कुनै क्षण
कुनै पनि बेवारिस ठाउँमा
ढल्न सक्ने सम्भावना बोकेर

(शब्द ट्याब्लेट, पृ. ६५)

पहिला-पहिला त्यो चौबाटो
कहिल्यै पनि त्यस्तो विरहलाग्दो भएको थिएन
वरिपरि मान्छेको हुल भविष्य भन्ने ज्योतिषीहरूको हुल
हिजोआज ती वृद्धालाई देख्दिन
विजयउत्सव अनुमान तिनी नृत्यरत रहिन्थिन्
आफू नथाक्ने तर
छिटो थाक्नेहरूलाई तताउँथिन् र
ग्रहदशा सप्रिएको जोखाना भनिदिन्थिन्

(चौबाटो र एउटी वृद्धा, पृ. ८३)

**(छ) प्रेम र यौवन**

कृष्ण जोशीले आफ्ना कवितामा प्रेम र यौवनलाई पनि विषयवस्तु बनाई कविताको रचना गरेका छन. । यस्ता कविताहरूमा *तिम्रो निषेध घोषणा, तिमी मसँग, काँडारोपेपछि, बिर्सिएर होइन ढोका नथुनेको, तिमी जम्ने पानी म बग्ने पानी, सूर्य फुल फुलाएर* पर्दछन् । यी कविताहरूमा मानवीय जीवनका इच्छा आकङ्क्षा, रहर र सपनाहरू अभिव्यक्त भएको पाइन्छ । कविले आफ्ना कविताहरू दुःखपूर्णमात्र नरहेको पुष्टि गरेका छन् । आफूले कुनै समय भोगेको मायालुलाई जम्ने पानी आफूजस्तै बग्ने पानी बन्न आग्रह गरेका छन् :

आऊ सँगै हिँड्ने अध्याय प्रारम्भ गरौँ तिमी र म
जिन्दगीको सौन्दर्य त
जिन्दगी भोगेर मात्र सिर्जना गर्न सकिन्छ
एकान्तमा असंवेदित जमेर होइन
रहर मेट्न सक्ने गरी
बगेर पूरा गर्न सकिन्छ ।

(तिमी जम्ने पानी, म बग्ने पानी, पृ. ८७)

आफ्नी मायालुलाई ढोका नथुनेर आमन्त्रणबिना नै कविले सुटुक्क बोलाउन यसरी कवितात्मक निमन्त्रणा गरेका छन् :

जब म जानी जानी ढोका थुन्न बिर्सिन्छु
कुनै आगमनको बाटो हेर्छु
पलङमाथि निर्वस्त्र भएर
त्यो आगमन अनिमन्त्रित होस्
अनुहार अपरिचित नै होस्
साँच्चै मैले भन्ने हो भने

हिमाली ठाउँबाट आएको होस्
गाउँको पानी र कुराउनी खाएर आएको होस् त्यो अनुहार

(बिर्सिएर होइन - ढोका नथुनेको, पृ. ८४)

कविले सर्यूफूल फुलाएर आफ्नी प्रियसीको अँध्यारो अनुहारमा आफ्नो उज्यालो झिकेर पोखिदिँदा आफूसँग अझै उज्यालो रहेको उद्घोष गरेका छन् :

त्यो अँध्यारो अनुहारमा लेपिदिएँ
मेरो आँखाभरिका सबै उज्यालोलाई मबाट झिकेर
पोखिदिएँ त्यही अनुहारमा जूनपानी शक्तिलाई
मभित्रबाट उगाएर
त्यो अनुहार उज्यालो भयो
त्यसपछि त त्यो अनुहार
काँडाबिनाको झ्याङमा फुलेको सूर्यफूलजस्तो भयो

(सूर्यफूल फुलाएर, पृ. ८९)

## ५.४.४ भावविधान

**ज्यामीपत्नीको घोषणा** कविता सङ्ग्रहका कवितामा कविले आफ्नो भोगाइलाई हुबहु उतारेका छन् । जीवनको ७४ वर्षमा आएर उनले देखेका र सुनेकामात्र होइन आफैँ सहभागी भएर अनुभव गरेका अनेकौँ घटना र परिस्थितिलाई कृष्ण जोशीले कवितामा लेखेका छन् । सधैँ किनारमा पारिएका उत्पीडित र सीमान्तकृत मान्छेहरूको मौन चित्कार नै जोशीका कविताको केन्द्र बनेको छ । गरिब, निमुखा, उत्पीडित र सीमान्तकृतबारे कविता लेख्न मनपराउने जोशीका यस किसिमका भावभूमि भएका कविताहरूमा *ज्यामीपत्नीको घोषणा* (पृ.१), *शवनम खानुन* (पृ. २९) पर्दछन् । *NRN हरूसँग* (पृ. १५) *र NRN हुन जानेहरू* (पृ. १८) मा विदेश जानेहरूलाई कठोर व्यङ्ग्य कसिएको छ । *श्रवण मुकारुङको बयान* (पृ. ६) मा कविले काव्यिक समालोचना प्रस्तुत गरेका छन् । नेपाल देश यहाँ मानिसहरूको यथास्थितिवादी सोच

*हल्लाहरूको बीचमा* (पृ. ६८) मा अभिव्यक्त भएको छ । *जादुगर्नी र विष्णु नवीन* (पृ. ६३) मा हिजो राजनीतिले देखाएको सपना आज पूरा नभएको पीडा पोखिएकोछ । *त्यो आँधी ती अनुहारमा* (पृ. ५२) आँधी आएको थियो परिवर्तन गर्न तर व्यक्ति परिवर्तन भए समाज परिवर्तन भएन भन्ने तितो यथार्थ प्रस्तुत गरिएको छ । *युद्धसकिएपछि* (पृ. ४७) मा एक योद्धाले भोगेको राजनैतिक तिरस्कार र दुःखलाई व्यक्त गरिएको छ । *हिउँ झैँ आयो हिउँझैँ गयौ* (पृ. ३६) मा कविले द्वन्द्वकालको घटनालाई सचित्र उदारेका छन् । *खोलामा नुहाउन जाँदा* (पृ. ४३) मा द्वन्द्व मा लडेकाहरूको बगेको रगतलाई र लासको मूल्यहीनताको बयान गरेका छन् । *गोहीको मुखमा माछाको भुरा* (पृ. ८०) बनाएका छन् जोशीले नेता र जनतालाई । *सुन्दर ती औँलाहरू* (पृ. ७८) मा द्वन्द्वले उजाडिएको जीवनको व्याख्या गरिएको छ । *एक्काइस किलोको फूलमाला* (पृ. २२), *म यतिवेला आसनमा छु* (पृ. २४), *कृष्ण प्रभुहरू* (पृ. २८), *पदासीन नयाँ प्रभु* (पृ. ३८) *नयाँ सोम शर्मा* (पृ. ७०) जस्ता कतिताहरू राजनीतिले पैदा गरेको विकृति विसङ्गतिको चर्चा गर्दै जनता रोग तथा भोकले आक्रान्त भएको कारुणिक अवस्था देखाएर नेपालीको वास्तविक अवस्था प्रस्ट्याउने काम कविले गरेका छन् । जोशीका कविता दु :खपूर्ण मात्र छैनन् आफूले कुनै समयमा भोगेको मायालुलाई *तिमी जम्ने पानी म बग्ने पानी* (पृ. ८६) मा आफूजस्तै बन्न आग्रह गरेका छन् । *बिर्सिएर होइन ढोका नथुनेको* (पृ. ८४) मा आमन्त्रणबिना नै मायालु घरभित्र आइदिओस् भने चाहना राखेका छन् ।

समग्रमा समय र मानिसका रूपमा प्रस्तुत गरिएका जोशीका कविताहरू आजको जीवनका विविध भोगाइ, आजको मान्छेको मनोविज्ञान र आजको समाजशास्त्रीय मूल्यसँग सुक्ष्मरूपमा गाँसिएका छन् । यस सङ्ग्रहका कविताहरूले नेपाली समाजको सांस्कृतिक रूपान्तरणका दिशाहरूलाई निर्देश गर्दै मान्छेको स्वतन्त्रता आत्मसम्मान र अस्तित्त्वको मूल्यलाई केन्द्रमा राखेको पाइन्छ ।

## ५.४.५ लयविधान

कवि कृष्ण जोशीका **ज्यामीपत्नीको घोषणा** गद्य कविता सङ्ग्रह हो । लयविधानका दृष्टिले जोशीको कविताहरू गद्य लयका छोटा र लामा हरफहरूले निर्मित छन् । वर्तमान युगीन

मूल्यहिनता, संवेदनहीनता र सङ्कटग्रस्त मानवीय अस्मिताप्रति असन्तोष, निराशा र तीब्र व्यङ्ग्य प्रहार गर्दै रचिएका गद्य कवितामा भावगत सौन्दर्य र साङ्गीतिक प्रयोगले यिनका सम्पूर्ण कविताहरू सङ्गीतमय बनेका छन् । यस कविता सङ्ग्रहका समग्र कवितालाई हेर्दा वर्णगत समान्तरता, पदावलीगत समान्तरता र अनुप्रासले कवितामा आन्तरिक लयको सिर्जनागरी साङ्गीतिकता प्रदान गरेका छन् । सङ्ग्रहमा प्रयोग भएका साङ्गीतिक र सुन्दर भाषाले कवितालाई गेयात्मक बनाएको पाइन्छ :

अचानक

गोलीको रगताम्य घाउ लिएर
त्यही कस्तरी मृगझैं आयौ मसम्म तिमी
त्रसित थिएँ म उपचार गर्न नसक्ने
छरछिमेकलाई बोलाउन नसक्ने
बन्धित थिएँ काखमा सुमसुम्याउन पनि नसक्ने

(हिउँझैँ आयो हिउँझैँ गयौ, पृ. ३७)

\+ + + +

एउटा काण्ड भएछ
आँखाहरूलाई हामीले छलिदिएको कुरा
ऐना हेर्न बिर्सिएको तिम्रो अनुहारको कुरा
बेसमार तिम्रो अनि मेरो पहिरनको कुरा

(हल्लाहरूको बीचमा, पृ. ६८)

गेयात्मकताको आभास मिल्ने जोशीका कवितामा मान्छेमा बुझिनसक्नु चरित्रको चित्रण गर्दै यिनले कतै त्यसको महिमागान र कतै आक्रोशपूर्ण व्यङ्ग्य गरेका छन् :

थुपारिएका थिए सुखद परिणामहरू उनका आँखामा
सत्ता, शक्ति र प्रतिष्ठा
महल, गाडी अनि घुमाउने कुर्सी
महँगा स्कुलमा छोराछोरीहरू
श्रीमतीको वरिपरि घुपौरेहरू

(नयाँ सोम शर्मा, पृ. ७०)

यस सङ्ग्रहका मुक्त छन्दमा संरचित जोशीका गद्य कविताहरू आनुप्रसिकता र समान्तरता वा पुनरावृत्तीय शिल्पविधानका कारण लयात्मक गुणयुक्त छन् ।

समग्रमा युगीन जनजीवनका विविध सन्दर्भ र प्रसङ्गहरूलाई कवितात्मक स्वरूप दिएका जोशीका कविताहरू गद्य भएर पनि लयात्मक र गेयात्मक गुणले ओतप्रोत छन् ।

## ५.४.६ बिम्ब प्रतीक र अलङ्कारविधान

यस सङ्ग्रहभित्रका कविताहरूमा यत्र तत्र बिम्ब प्रतीकहरूको प्रयोग भएका छन् । कविताको मूल मर्म पहिल्याउन सजिलो हुने गरी मिथकीय बिम्ब प्रतीकका साथै अन्य भौतिक जगतका पदार्थ भाव-चिन्तनका बिम्ब प्रतीकहरू यस सङ्ग्रहका कविताहरूमा पाउन सकिन्छ । अलङ्कार विधानका दृष्टिले पनि यस कविता सङ्ग्रहभित्र विविध शब्द अलङ्कार तथा अर्थ अलङ्कारको प्रयोग गरिएका कविताहरू समावेश छन् । उदाहरणका लागि कविताभित्र पाइने केही बिम्ब - प्रतीक तथा अलङ्कारलाई यसरी प्रयोग गरिएको छ :

कहाँ जाऊँ कथा जाऊँ
ओत लागौ कतै पराले झुपडी बनाएर
एक टुक्रा किनार उब्रिएको छैन
कुनै नदी र खोलाहरूमा
आकाश खसालेर बसौं

(ज्यामीपत्नीको घोषणा, पृ. २)

अन्धाहरू
सिङ्गै हात्ती खोज्छन्
नाक, कान, पुच्छर, सुँड, खुट्टा छामेर

(कृष्ण प्रभुहरू, पृ २८)

प्रस्तुत कविता सङ्ग्रहमा शब्दालङ्कारको प्रयोग व्यापक रूपमा गरिएको छ । शब्दालङ्कार भित्र पनि अन्त्यानुप्रासको प्रयोग प्रायः कविताहरूमा पाइन्छ भने छेकानुप्रास र वृत्यानुप्रासले समेत ठाउँ-ठाउँमा आफ्नो चमक देखाएका छन् । प्रस्तुत कविता सङ्ग्रहमा कवि कृष्ण जोशीले विभिन्न अर्थालङ्कारको पनि प्रयोग गरेको पाइन्छ । ~~वित्यानुप्रास, छेकानुप्रास, लाटानुप्रास, यमक आदि शब्दालङ्कारहरुले पनि कवितालाई आलङ्कारिक , लयात्मक तथा श्रुतिमधुर बनाएका हुन्छन् । यी शब्दालङ्कारहरुको प्रयोगबाट पनि यस कविता कृतिका पद्य कविताहरु मुछिएका छन् । यसरी समग्रमा हेर्दा~~ जोशी~~को प्रस्तुत कविताकृतिभित्रका पद्य रचनाहरु अन्त्यानुप्रास, मध्यानुप्रास, वृत्यानुप्रास, आद्यानुप्रास, यमक आदि शब्दालङ्कारहरुको प्रयोगले ज्यादै सुन्दर , आलङ्कारिक , लयात्मक तथा श्रुतिरम्य बनेर रहेका छन् ।~~ अलङ्कारको प्रयोग गरिएका कविताहरूको उदाहरणः

हावाको सुसेली भए पढेसुनेका तथा र देखेका सपनाहरू
हावासँग खोसेर लिन सक्दैन, कतै पाउन सक्दैन
धुलो, धुवाँ र धमिलो पानी पसेको शिथिल शरीर छ
रिङगटा लागेझैं हुन्छ चारैतिर तिरिमिरी भ्याँइ
अग्ला सबै घरहरू आफैं माथि खसेझैं लाग्छ उसलाई
भुइँचालोमा चर्किएझैं हुन्छन् उसका लागि बाटाहरू पनि

(त्यो मान्छे, पृ. ३५)

Formatted: Font: 16 pt, Font color: Black, Complex Script Font: 16 pt

Formatted: Font: 16 pt, Font color: Black, Complex Script Font: 16 pt

क्षणमै

मेरो स्नान नसकिँदै

खोलामा कस्तो - कस्तो पानी बग्न थालेको देखेँ

रातो-रातो जस्तो, अस्ताउँदो घाम पोखिएको जस्तो खोलाको पानी

यस्तो लाग्यो पानीमा

निस्सासिएर माछाहरू छट्पटाइरहेछन्

बग्दै आएका लासहरूमा अल्झिएर

(खोलामा नुहाउन जाँदा, पृ. ४४)

## ५.४.७ भाषाशैली

**ज्यामीपत्नीको घोषणा** नामक यस कविता सङ्ग्रहमा प्रायः सरल, सहज, बोधगम्य सुत्रात्मक तथा कलात्मक भाषाशैलीको प्रयोग भएको पाइन्छ । स्वच्छन्द भावुकताको उडान र रहस्यात्मकताको प्रवेश, अमूर्त नवस्वच्छन्दतावादी अभिव्यक्ति तथा छ्यासमिसे भावको व्यङ्ग्यमिश्रित प्रयोगात्मक प्रस्तुतिका कारण कृष्ण जोशीका कतिपय कविताहरू सहज ग्राह्य नभई सामान्य पाठकका लागि क्लिष्टसमेत बन्न पुगेका छन् । कविले आफूभित्रका अनुभूतिहरू प्रस्तुत गर्ने क्रममा पूर्वेली भाषिका मिश्रित सरल र सहज भाषिक विन्यास तथा वर्णनात्मक, विवरणात्मक, सम्बोधात्मक र एकालपीय शैलीको प्रयोग गरेको पाइन्छ । भाषाशैलीय विन्यास सरल भएर पनि एकाधिक भाव गुम्फनका कारण जोशीका कतिपय कविता केही जटिल बन पुगेका छन् ।

(क) **वर्णनात्मक**

कोही ढलेझैँ भएर लम्पसार आउँछन्
र भन्छन् मलाई उभ्याइदेऊ
कोही सुकेको धारा भएर आउँछन् र भन्छन् तीर्खा मेटाइदेऊ
अन्त्यहीन छन् मागहरू
बत्ती देऊ
बच्चाहरूलाई स्कुल देऊ

जागिर देऊ
बेपत्ता भएका आफन्तहरूलाई फर्काइदेऊ
टुहुरा भएका बालबच्चाहरूलाई गाँस, वास र कपास देऊ
घाउ गहिरो छ - मुटु फुटाइदेऊ
सडेगलेको छ अनुहार - ऐनाहरू सबै फुटाइदेऊ

(म यति बेला आसनमा छु, पृ. २५)

**(ख) सम्बोधात्मक**

सम्भवत :
अन्तिम पुकार उसको तनमनले गरिरहेको हुन्छ हे देवाधीस !
निक्लियून्  वैभव अन्धाहरू
आँखा तिर्मिराउने गाडीमा बसेर सुपरमार्केटबाट
दौडाइ दिऊन्
निर्धन मेरो शरीरमाथि ती गाडीहरू

(NRN हरू सँग, पृ. १५)

निरर्थक छन् अक्षरहरूले बोर्डमा उल्टो गरेका उपदेशहरू
कष्ट नदिनुस् गुरु आमा ।
तपाईंका सुन्दर औँलाहरूलाई
कालो बोर्डमा
बेपत्ता मेरा बाबा आमाको आकृति सम्झाउने अक्षरसँग खेलाएर ।

(सुन्दर ती औँलाहरू, पृ. ७९)

**(ग) एकालापीय शैली**

उसलाई कोलाहल हाँसेको देखेँ
उसको हाँसो हुरी - बतास बीचमा भीरमाथिको रुखको हाँगो
अनि मैले सोधेँ
सोत्तर हुन्नन् र मान्छेमाथि रुख ढल्यो भने मान्छेहरू ?
उसको जवाफका सङ्कोच थिएन

सबै तमासाहरू निरर्थक प्रहसन र अभिनयहरू निरर्थक
मान्छे देखेपछि हाँस्न मन लाग्छ

(ऊ जस्तै भएँ कि म पनि, पृ. ७४)

यस सङ्ग्रहभित्र विविध कथ्यशैलीको प्रयोग गरिएका कविताहरू समावेश छन् । जसमा वर्णनात्मकता, सुत्रात्मकता आत्मलापीय लयात्मक पद्धतिहरूको विशेष रूपमा प्रयोग गरिएको पाइन्छ । प्रश्नार्थक, विध्यर्थक, विस्मयार्थक, सम्बोधनात्मक जस्ता चिन्ह प्रयोग गरिएका पदावलीहरूको प्रयोगले कविताहरू उत्कृष्ठ देखिएका छन् । संस्कृत भाषाका तत्सम शब्दहरू, तद्भव र आगन्तुक नेपाली शब्दहरूको प्रयोग प्रायः सबै कविताहरूमा पाइन्छन् । यस अतिरिक्त अङ्ग्रेजी, हिन्दी, भाषाका शब्दहरू उचित ढङ्गमा प्रयोग भएका छन् । प्रायः कविताहरू अभिधाका स्तरबाट प्रस्तुत गरिएका छन् भने ठाउँ-ठाउँमा लक्षणा र व्यञ्जनाको भरपुर प्रयोग गरिएको पाइन्छ ।

## ५.४.८ निष्कर्ष

कवि कृष्ण जोशीले समय र मानिसका जीवन्त अभिलेखहरूलाई कविताको रूप दिएका छन् । समय र मानिसका समसामयिक चित्रका रूपमा प्रस्तुत गरिएका यस सङग्रहका कविताहरूमा उत्पीडितहरूको आवाज, नेपाली जनशक्ति विस्थापनको समस्या, सर्जकको सम्मान, युगीन यथार्थ तथा प्रेम र यौवनका संवेगहरूलाई चित्रण गरिएको छ । समसामयिक विषयलाई कविताको केन्द्र बनाई कविता रचना गर्ने कवि जोशीले आफूलाई यथार्थवादी तथा प्रयोगवादी कविका रूपमा स्थापित गर्न विविध भाषाशैली तथा बिम्ब प्रतीकहरूको संयोजन गरी कविता सङ्ग्रहरूलाई उत्कृष्ठ बनाएका छन् । समग्रमा समय र मानिसका जीवन्त अभिलेखहरू समेटिएका कविताहरूको सङ्ग्रह **ज्यामीपत्नीको घोषणा** कृष्ण जोशीलाई यथार्थवादी प्रयोगवादी कविको थप उचाइ दिन सफल कृति हो ।

# छैंटौं परिच्छेद

## उपसंहार तथा निष्कर्ष

वि.सं. १९९६ साल माघ २० गते कोशी अञ्चलको भोजपुर जिल्लाको भोजपुर बजारमा जन्मिएका कृष्ण जोशी नेपाली साहित्यमा सिर्जनारत व्यक्तित्वको नाम हो । राजनीतिशास्त्र र जनप्रशासनमा स्नातकोत्तर सम्मको औपचारिक शिक्षा हासिल गरेका जोशीले वासु शशी स्मृति परिषद, ईश्वर बराल प्रज्ञा निकेतन, नारदमुनि थुलुङस्मृति परिषद  परिशीलन, वाणी प्रकाशन, साहित्य समिति घट्टेकुलो, शान्तिनगर विकास समाज, साहित्यिक पत्रकार सङ्घ आदि सङ्घ-संस्थाहरूमा संलग्नता देखाउँदै आएका छन् । वाल्यकाल देखि नै साहित्य रचना गर्न सुरु गरेका जोशीले भोजपुरको साहित्यिक वातावरणबाट प्रभावित भएर साहित्य रचना गर्न थालेको देखिन्छ । वि.सं. २०१९ सालमा **गोरखापत्र**मा *मेरो पारो बिनाको ऐना* शीर्षकको कविता प्रकाशन गरेको औपचारिक साहित्यिक जीवनको सुरुवात गरेको जोशीले नेपाली साहित्यमा पाँच दशकलामो साहित्यिक जीवन बिताइसकेका छन् । यस अवधिमा जोशीका पुस्तकार कृतिका रूपमा **मृत्यु, दोहिरिन्छ म बाँचे भने** (२०३४, उपन्यास), **विसङगत स्वरहरू** (२०४९ गीतसङ्ग्रह), **असम्मत सम्मत** (२०५१, उपन्यास), **पोखरीभित्रको शताब्दी** (२०५४ कविता सङ्ग्रह), **काठमाडौं वरिपरि** ( २०५६, उपन्यास), **आगो समुद्र पानी समुद्र** (२०५८ कविता सङ्ग्रह) **चित्रदंश** (२०६१ कविता सङ्ग्रह) र **ज्यामीपत्नीको घोषणा** (२०६९ कविता सङग्रह) प्रकाशित भइसकेका छन् । यसका अतिरिक्त कृष्ण जोशीको संलग्नता **बालसाहित्य** (२०१३), **आँकुरो** (२०१५),**पँधेरो'** (२०१८), **सपनाको ओतमा** (२०१९), **फूलवारी** (२०२०), **कविताकुञ्ज** (२०२०), **भोजपुरका कविता** ( २०२१), **सगरमाथा अञ्चल साहित्य सेमिनार अङ्क** (२०७१), **२००७ सालको क्रान्ति र नारदमुनि थुलुङ** (२०५३), श्रीविक्रम राणाको गीत सङग्रह **घाउका फूलहरू** (२०५४), **बिर्सेका अनुहारहरू बिर्सन नसकिएका घटनाहरू** (२०५७), **कविता काठमाडौं** (२०५०) जस्ता विभिन्न पत्रपत्रिका एवम् पुस्तकहरूको सम्पादन-प्रकाशनमा पनि रहेको देखिन्छ । यसरी मौलिक र सम्पादित कृतिका स्रष्टा जोशीको साहित्ययात्रालाई तीन चरणमा विभाजन गरी अध्ययन गरिएको छ ।

करिब ५५ वर्ष लामो साहित्य साधनाद्वारा नेपाली कविताको अभिवृद्धिमा अह्म भूमिक खेलेका जोशीका समसामयिक युगबोध-अस्तित्त्वबोध, वर्तमान विकृति-विसङ्गति विरुद्ध असन्तोष, सहरी परिवेशको चित्रण, युद्ध तथा द्वन्द्वका पीडा र शान्तिको कामना, विषयगत विविधता, व्यङ्ग्यात्मकता, प्रयोगवादी चिन्तन, परिवर्तन प्रतिको मोह, जनशक्ति विस्थापनको चित्रण र प्रेम र यौवनका प्रतिछाया जस्ता प्रवृत्तिगत विशेषताहरू पाइन्छन् । नेपाली कविताको क्षेत्रमा ४ वटा काव्य कृतिहरू रचना गरेर नेपाली कविता विधालाई उचाइमा पुऱ्याउन योगदान दिने कृष्ण जोशीका कविताकृतिहरू साहित्यिक मूल्यका दृष्टिले केही सफल पाइन्छन्, त्यसरी नै उनको नेपाली कविता क्षेत्रमा सङ्ख्यात्मक योगदान पनि महत्त्वपूर्ण रहेको पाइन्छ । समाजलाई सचेत बनाउन र देशलाई उन्नतितर्फ अगाडि बढाउने भावना प्रबल भएका उनका कविताकृतिले समाजलाई नैतिकतातिर उन्मुख गरेको पाइन्छ  त्यसैगरी प्रयोगात्मक शैलीद्वारा काव्यिक उत्कृष्टता प्राप्त गर्नु उनको नेपाली साहित्यलाई दिएको महत्त्वपूर्ण योगदान हो ।

कृष्ण जोशीका **पोखरीभित्रको शताब्दी**, **आगो समुद्र पानी समुद्र, चित्रदंश** र **ज्यामीपत्नीको घोषणा** कविता सङ्ग्रहहरूमा प्रगीतात्मक संरुचना भएका कविताहरू सङ्कलित गरिएका छन् । कविताका तत्त्वहरू शीर्षक, संरचना, विषयवस्तु, भावविधान, लयविधान, बिम्ब प्रतीक र अलङ्कार विधान तथा भाषाशैलीका आधारमा कविताकृतिहरूको विश्लेषण गर्दै सबै सङ्ग्रहको काव्यिक निष्कर्ष प्रस्तुत गरिएको छ ।

सामाजिक, राजनीतिक र प्रशासनिक जीवनमा आफूले डुल्दा, घुम्दा बटुलेका अनुभव र घटना तथा मानवसभ्यता र संस्कृति तथा त्यसका विकृति र विसङ्गतिलाई समेटेर लेखिएका उनका कविताहरू प्रयोगधर्मी तथा व्यङ्यात्मक छन् तर उनको काव्य लेखनलाई परिभाषित र निर्देशित गर्ने आधारभूत तत्त्व भने मानव कल्याण, सभ्यता र संस्कारको बीजारोपण, प्रगति र परिवर्तन तथा विश्ववन्धुत्वको भावना आदि रहेको पाइन्छ । जीवन भोगाइका अनुभव र अनुभूतिलाई आत्मपरक र वस्तुपरक शैलीबाट लेखिएको **पोखरीभित्रको शताब्दी** २०४४ शीर्षक सङ्ग्रहमा सङ्कलित उनका कवितामा तत्कालीन सामाजिक, आर्थिक राजनैतिक साँस्कृतिक आदि क्षेत्रहरूमा देखिएका विकृति-विसङगतिको तीब्र विरोध, अस्तित्त्वको खोजी, देशप्रेम, तत्कालीन युगीन यथार्थको प्रकटीकरणको साथै माया अनि सद्भावनाका स्वरहरू छताछुल्ल भएर

पोखिएको पाइन्छ । प्रथम सङ्ग्रहदेखि नै कवि विकृति र विसङ्गति, अनाचार र भ्रष्टाचार, नातावाद र कृपावाद विरुद्ध सशक्त रूपमा खनिएका छन् ।

कृष्ण जोशीको दोस्रो प्रकाशित कविता सङ्ग्रह **आगो समुद्र पानी समुद्र** हो । यस सङ्ग्रहमा पनि अघिल्ला सङ्ग्रहका कविताभैँ कविले विषयवस्तुगत, भावगत एवम् भाषाशैलीगत वैशिष्ठ्यतालाई निरन्तरता दिँदै आएको पाइन्छ । यस अवधिसम्म आइपुग्दा कवि आफ्नो कविताका विषयवस्तु एवं शैली शिल्पलाई अभ्र व्यापक परिष्कृत र परिमार्जित गर्दै अगाडि बढेको देखिन्छ । यस सङ्ग्रहका कवितामा भाव र विचारको सन्तुलित प्रयोग पाइन्छ । यस सङ्ग्रहमा सङ्ग्रहीत कविताहरूमा कविले राष्ट्रवादी भावना, अर्न्तराष्ट्रिय क्षितिजका आणविक विभिषिका, आर्थिक विषमताका साथै व्यक्तिगत जीवनका अनुभूतिलाई व्यक्त गरेका छन् । व्यावहारिक जीवनका विषयवस्तुलाई सरल एवम् सहज रूपले प्रस्तुत गरिएकोले कविताहरू ग्रहणशील छन् । एकदलीय पञ्चायती व्यवस्थाको उत्कर्षको समयमा लेखिएका यस सङ्ग्रहका कविताहरूमा विकास र परिवर्तनका लागि गरिएका आह्वान तथा गरिबीको जरजरताको चित्रण आदिले समकालीन राजनीतिमा तैरिने यथास्थितिवादी सोचको प्रतिनिधित्व गरेको पाइन्छ ।

देशमा व्याप्त विकृति र विसङ्गति विरुद्ध उर्लिएका कवि जोशीका भावहरूले **चित्रदंश** ( २०६१) शीर्षकको कविता सङ्ग्रहमा पनि निरन्तरता पाएको छ । यस सङ्ग्रहमा कवि अझै विस्तृत र बलियो रूपमा समाजका विखण्डनवादी र यथास्थितिवादी तत्त्वहरूका विरुद्ध खनिएका छन् । सामाजिक र राजनीतिक मात्र होइन, आर्थिक र अर्न्तराष्ट्रिय विसङ्गति पनि कविता तीखा व्यङ्ग्यवाणका सिकार बनेका छन् । वि.स. २०५८ सालपछिका कविताहरू सङ्ग्रहित यस सङ्ग्रहमा कविले देशमा व्याप्त चरम आर्थिक विशृङ्खलता, सामाजिक विकृति, सामाजिक शोषण र उत्पीडनहरूलाई चित्रित गरेका छन् । तत्कालीन समयमा व्याप्त अशिक्षा र अन्धविश्वासको घेराभित्र कोचिएका जनताप्रति शासक वर्गले प्रदर्शन गरेको गैरजिम्मेवारीपूर्ण व्यवहारले उठाएका प्रश्नहरूको काव्यात्मक अभिव्यक्तिको रूपमा यस सङ्ग्रहका कवितालाई लिन सकिन्छ ।

कृष्ण जोशीले लेखेका हालसम्म प्रकाशित कविता सङ्ग्रहमध्ये **ज्यामीपत्नीको घोषणा** ( २०६९) अन्तिम कविता सङ्ग्रह हो । यस सङ्ग्रहमा कविले सधैँ किनारामा पारिएका उत्पीडित र सीमान्तकृत मान्छेहरूको पीडा र जीवन भोगाइलाई कविताको केन्द्रीय विषयवस्तु बनाएका छन् । जीवन र जगत्का सम्पूर्ण क्षेत्रहरूको सूक्ष्म अवलोकन गरेर सत्य, न्याय र स्वतन्त्रताको पक्षमा कलम चलाउने कृष्ण जोशीका यस सङ्ग्रहका कविताहरूमा मूलत : राजनीतिक, आर्थिक समासशास्त्रीय मूल्यसँग गाँसिएका सूक्ष्म विषयहरू तथा जीवनका दार्शनिक भावहरू पोखिएको पाइन्छ । यस सङ्ग्रहका प्रायः सबै कविताहरूले सत्ताको विपक्षमा उभिएर समकालीन राजनीतिक कुरूप पक्षहरूको आलोचना गर्दै आवाजविहीन, इतिहासविहीन र शक्तिविहीन नागरिकहरूको पीडालाई सम्बोधन गने काम गरेका छन् । निम्न वर्गीय नेपालीहरूको कारुणिक अवस्था, विदेश पलायन हुने समसामयिक अवस्था र मध्यमवर्गीय सहरिया मानिसहरूको बेदना र पीडालाई पनि कविले काव्यात्मक आकार दिएका छन् । प्रगीतात्मक कविताकृतिको रचना गर्ने कृष्ण जोशी नेपाली कविताको समसामयिक धारामा कलम चलाउने कवि हुन् । उनले सामाजिक, आर्थिक, राजनैतिक, प्राकृतिक, सांस्कृतिक, प्रशासनिक, शैक्षिक आदि विभिन्न विषयवस्तुमा केन्द्रित रही प्रगीतात्मक कविताकृतिको रचना गरेका छन् । उनका कवितामा मूलतः युगीन विकृति र विसङ्गतिप्रति तीब्र व्यङ्ग्य प्रहार गरिएको पाइन्छ । उनको पाँच दशक लामो काव्य यात्राका अघिल्ला दशकमा आभ्यासिक कविका रूपमा देखिए पनि उत्तरार्द्धमा उनी प्रयोगवादी कविका रूपमा देखा पर्दछन् । उनी सरल, सरस र सहज नेपाली भाषाको प्रयोग गरी शृङ्खलित, सुगठित र प्रवाहमय शैलीमा गद्यलयात्मक कविता तथा प्रतीकात्मक र अभिधात्मक शैलीमा अन्त सङ्गति कायम राख्ने कवि हुन् । प्रथम पुरुष दृष्टिबिन्दुको आधिक्य पाइने उनका कविताको भाषाशैलीय विन्यास कतिपय कवितामा क्लिष्ट, दुरुह तथा दुर्बोध्य रहेको पाइन्छ । कृष्ण जोशीले विभिन्न आयामका दृष्टिले प्रगीतात्मक संरचनाका कविताकृतिको रचना गरी नेपाली कविताका क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका छन् अन्त्यमा कृष्ण जोशी समसामयिक धारामा प्रयोगवादी प्रवृत्तिलाई आत्मसाथ  गर्दै साधनारत कवि हुन भन्न सकिन्छ । कृष्ण जोशीको काव्यकारिताको अध्ययनपछि  निष्कर्षमा उनीलाई निम्नलिखित बुँदाहरुमा समेटने प्रयास गरिएको छ :

१.नेपाली कविहरूमा कृष्ण जोशीको स्थान यथार्थवादी प्रयोगवादी कविको रूपमा रहेको,

२. मुख्यतः उनी गद्यलयमा कविता रचना गर्ने छन्दमुक्त कवि रहेका,

३. कृष्ण जोशीका कविताको मूल भावका रूपमा सामाजिक यथार्थको प्रकटीकरण तथा विकृति विसङ्गतिको चित्रण पाइने,

४. अधिकांश कविताहरू सरल र सहज भएपनि केही कविताहरू क्लिष्ट,दुरुह तथा दुर्बोध्य रहेका,

५. नेपाली कविताका क्षेत्रमा कृष्ण जोशीको योगदान गुणात्मक तथा सङ्ख्यात्मक दुबै दृष्टिले महत्वपूर्ण रहेको ।

## सन्दर्भग्रन्थ सूची

### क. पुस्तकहरुको सूची


अधिकारी, हेमाङ्गराज, **पूर्वीय समालोचना सिद्धान्त**, दोस्रो संस्करण, काठमाडौंः साझा प्रकाशन, २०४० ।

आप्टे, शिवराम, **संस्कृत हिन्दी कोश**, वाराणसी : मोतीलाल वनारसीदास, इ. १९६६ ।

उपाध्याय, केशवप्रसाद, **साहित्य प्रकाश**, चौ.स. ललितपुर, साझा प्रकाशन, २०४४ ।

**कोशी अञ्चलनको साहित्यिक इतिहास**, वाराणसी, रत्नमाया दलितः संरक्षण समिति, २०५० ।

गौतम, लक्ष्मणप्रसाद, **समकालीन नेपाली कविताका प्रवृत्ति**, काठमाडौं, पैरवी प्रकाशन, २०६६ ।

जोशी, कृष्ण, **विसङ्गत स्वरहरु**, प्र.सं. काठमाडौं, सरस्वती जोशी, २०४९ ।

__________, **असम्मत सम्मत**, प्र.सं. काठमाडौं, पदम सुन्दास, २०५१ ।

__________, **मृत्यु दोहोरिन्छ म बाँचे भने**, दो.सं. काठमाडौं, के.सी. पुस्तक भण्डार, २०५२ ।

__________,**सार्वजनिक प्रशासन आधुनिक अध्ययन**, आठौं सं., काठमाडौं, रत्नपुस्तक भण्डार, २०५३ ।

__________, **पोखरीभित्रको शताब्दी**, प्र.सं. ललितपुर, साझा प्रकाशन, २०५४ ।

__________, **काठमाडौंवरिपरि**, प्र.सं. काठमाडौं, रत्न पुस्तक भण्डार २०५६ ।

__________, **आगो समुद्र पानी समुद्र**, वनेपा एकीकृत विकास केन्द्र, वनेपा, २०५८ ।

__________, **चित्रदंश**, बगर फाउण्डेसन नेपाल, काठमाडौं, २०६१ ।

__________, **ज्यामीपत्नीको घोषणा**, वासु शशी स्मृति परिषद्, काठमाडौं, २०६९ ।

जोशी, कृष्ण र मञ्जुश्री, हरि (सम्पा) **घाउका फूलहरु** (स्व. श्री विक्रम राणाको गीत सङ्ग्रह) प्र.स. काठमाडौं श्रीविक्रम राणा स्मृति समिति, २०५४ ।

ढकाल, विप्लव, **भोजपुरको साहित्यिक रुपरेखा**, प्र.सं. काठमाडौं, सरस्वती सुन्दास, २०४९ ।

तिवारी, भोलानाथ, (सम्पा) **वृहत पर्यायवाची शब्दकोश** दोस्रो सं. वाराणासी किताब मण्डल, इ. १९६२ ।

थापा, मोहन हिमांशु, **साहित्य परिचय**, चौथो संस्करण, काठमाडौं, साझा प्रकाशन, २०५० ।

देवकोटा, लक्ष्मीप्रसाद, *कला र जीवन,* **लक्ष्मी निबन्ध सङ्ग्रह**, साझा प्रकाशन २०४९ ।

देवान, कुलप्रसाद, **कृष्ण जोशीको जीवनी, व्यीक्तत्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षण समिति, रत्नराज्यलक्ष्मी क्याम्पस, काठमाडौं, २०५७ ।

न्यौपाने, टङ्कप्रसाद, **साहित्यको रुपरेखा**, काठमाडौं, साझा प्रकाशन, २०३८ ।

पौड्याल, कृष्णविलास, **नेपाली साहित्यको ऐतिहासिक परिचय र समालोचना**, नवीन प्रकाशन, काठमाडौ २०५९ । पृ. १५७

पोखरेल, भानुभक्त, **साहित्य र सिद्धान्त**, विराटनगर, श्याम पुस्तक भण्डार, २०४० ।

प्रधान, परशुराम, र जोशी, कृष्णप्रसाद, (सहलेखन तथा सम्पादन), **२००७ सालको क्रान्ति र नारदमुनि थुलुङ** ,नारदमुनि थुलुङ स्मृति परिषद्, २०५३ ।

प्रधान, परशु, **केही अनुहारः केही क्षण**, प्र.सं., काठमाडौंः रत्नपुस्तक भण्डार, २०५१ ।

वर्मा, धिरेन्द्र र अन्य (सम्पा.) **हिन्दी विश्वकोश खण्ड-२**, वाराणसी, नागरिक प्रचारिणी सभा, २०१९ ।

भट्टराई, रमेश, **प्रतीक योजना र केही नेपाली गद्य कविता**, काठमाडौं, प्रज्ञा (२२/७८) पृ. १२३. १२५ ।

मिश्र, भगीरथ, **पाश्चात्य काव्य शास्त्रः इतिहास, सिद्धान्त और वाद**, वाराणसी, विश्वविद्यालय प्रकाशन, इ. १९८८ ।

रबर्टस, टेक लुइ (सम्पा.) **न्यू इन्साइक्लोपेडिया अफ प्राक्टिकल कोटेसन**, तेस्रो संस्करण, न्यूर्योक, इ. १९४० ।

राय, बाबुगुलाव, **सिद्धान्त और साहित्य**, दिल्ली रामलालपुर, १०५७ ।

रिमाल, 'यात्री' बासु, **जनआन्दोलन पछिका नेपाली कविता**, प्र.सं. विराटनगर, वाणी प्रकाशन, २०५४ ।

लुइटेल खगेन्द्रप्रसाद, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०६०, पृ. १९० ।

लुइटेल, **क्षेत्रप्रताप अधिकारीको काव्य प्रवृति**, अप्रकाशित, एम.ए. शोपत्र, नेपाली शिक्षण विभाग, त्रि.वि., २०४६ ।

लुइटेल, खगेन्द्रप्रसाद, **नेपाली कविताको संरचनात्मक विश्लेषण**, काठमाडौं, विद्यार्थी पुस्तक भण्डार, २०६२ ।

शर्मा, मोहनराज, **शैलीविज्ञान**, काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४९ ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद, **शोधविधि**, प्र.सं. ललितपुर, साझा प्रकाशन, २०५२ ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, पाँचौ सं., ललितपुर, साझा प्रकाशन, २०५६ ।

शर्मा, रामकृष्ण, **कवि दश गोर्खा**, दोस्रो संस्करण, काठमाडौं, साझा प्रकाशन, २०४९ ।

श्रीवास्तव, मुकुन्दलाल, **ज्ञानकोश**, दोस्रो संस्करण, वनारसः ज्ञानमण्डल लि. २०१३ ।

श्रेष्ठ, ईश्वरकुमार, **पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचना**, प्रमुख मान्यता वाद र प्रणाली काठमाडौं, साझा प्रकाशन, २०५१ ।

स्टेभेन्स वर्टन (सम्पा.) **द होमबुक अफ कोटेसन**, नवौं संस्करण, न्यूयोर्क, यङ्ग एण्ड वागलल्न कं. इ, १९४० ।

सम, बालकृष्ण, *मेरो भन्नु*, **आगो र पानी**, दोस्रो सं., काठमाडौं, साझा प्रकाशन, २०४९ ।

हड्सन, हेनरी विलियम्स, **एन इन्ट्रोडक्सन टु द स्टडी अफ लिटेरेचर**, नवौं संस्करण, न्यू दिल्ली : कल्याणी पब्लिर्स, १९०९ ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा.) **नेपाली कविता, भाग-२**, काठमाडौं, साझा प्रकाशन २०४८ ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा.) **साझा कविता**, काठमाडौं : साझा प्रकाशन, २०४६ ।

त्रिपाठी वासुदेव र अन्य (सम्पा.) **नेपाली कविता भाग-४**,काठमाडौं, साझा प्रकाशन, २०५४ ।

## ख.पत्रपत्रिकाको सूची

**अन्नपूर्ण पोष्ट**, वर्ष ३, अङ्क ३३४, चैत २०६१, २६ असरा २०६९, २३ भदौ २०६९ ।

**अहिले**, सामयिक साहित्य सङ्कलन, अरनिको कला केन्द्र, झापा वर्ष १ अङ्क १, २०३४ ।

**अण्डरलाइन साप्ताहिक**, वर्ष १, अङ्क १, वैशाख २०५७ ।

**आजको समाचारपत्र**, वर्ष ३, अङ्क १०५ वैशाख २०५५ वर्ष, ३ अङ्क ३१३, मङ्सिर २०५५ ।

**कान्तिपुर दैनिक**, वर्ष ५, अङ्क ३३९, माघ २०५४, वर्ष ६ अङ्क २४, चैत २०५४, वर्ष ८, अङ्क ८५, वैशाख २०५७, वर्ष १२, अङ्क ३५३, माघ २०६१, २६ असरा २०६९ ।

**गरिमा**, वर्ष १७ अङ्क १ पूर्वाङ्क १९३, पुस २०५५ ।

**गतिविधि साप्ताहिक**,  वर्ष ११, अङ्क ३९, माघ २०५१, वर्ष १४ अङ्क ४४, फागुन २०५४, वर्ष १५, अङ्क १४ जेठ २०५५ ।

**गोरखापत्र**,  वर्ष ९४, अङ्क २६७, माघ २०५१, वर्ष १०५, अङ्क २६९, माघ २०६२, २४ असार २०६९ ।

**घटना र विचार**, वर्ष ५, अङ्क ८, साउन २०५६, वर्ष ५ अङ्क २५, पुस २०५६, वर्ष ५, अङ्क ४४, वैशाख २०५७, वर्ष ८, अङ्क ९, साउन २०५९ ।

**जनधारणा साप्ताहिक**,  वर्ष ८, अङ्क ४३, वैशाश २०५६ ।

**जनभावना साप्ताहिक**,  वर्ष १६, अङ्क २३, चैत २०५४, वर्ष १८, अङ्क १६, माघ २०५६, वर्ष २४, अङ्क ३, कार्तिक २०६२ ।

**जनमञ्च**, वर्ष ५, अङ्क ४२, चैत २०५१ ।

**जनमत मासिक**, वनेपा, वर्ष २६, अङ्क २, चैत २०६५ ।

**देशान्तर साप्ताहिक**, वर्ष १२, अङ्क ४० माघ २०५१ ।

**नागरिक दैनिक**, ३० असार २०६९ ।

**नेपालीपत्र साप्ताहिक**, वर्ष ३, अङ्क ३८, वैशाख २०५०, वर्ष ९, अङ्क ४३, जेठ २०५६, वर्ष १०, अङ्क २३ पुस २०५६ ।

**नेपाली पत्रिका**, वर्ष १३, अङ्क २, साउन २०६९ ।

**नेपाल समाचारपत्र**, वर्ष ५ अङ्क ६२, फागुन २०५६, १५ भदौ २०५९, १० वैशाख २०६२ ।

**नेपाली साहित्यको रुपरेखा**, देशव्यायी नेपाली साहित्य सेमिनारको तयारी समिति, २०२२ ।

**पुनर्जागरण साप्ताहिक**, वर्ष १६, अङ्क ४८, मङ्सिर २०५५, वर्ष २०, अङ्क ३२, भदौ २०५९, वर्ष २३, अङ्क १७, असार २०६२, २६ असरा २०६९ ।

**प्रज्ञा**, वर्ष २२ पूर्णाङ्क ७७, फागुन जेठ, २०५० ।

**मधुपर्क**, वर्ष २७ अङ्क ६, पूर्णाङ्क ३०५, कार्तिक २०५१, वर्ष २९, अङ्क ७, पूर्णाङ्क ३३०, मङ्सिर २०५३, वर्ष ३१, अङ्क ७ पूर्णाङ्क ३५३, मङ्सिर २०५५, वर्ष ३१, अङ्क ९, पूर्णाङ्क ३५५, माघ २०५५ वर्ष ३६, अङ्क २, पूर्णाङ्क ४०९, असरा २०६०, वर्ष ३८, अङ्क ९, पूर्णाङ्क ४४० माघ २०६२, वर्ष ४५, अङ्क १०, पूर्णाङ्क ५२५, फागुन २०६९ ।

**मिर्मिरे**, वर्ष २३ अङ्क ९, पूर्णाङ्क ११४, फागुन २०५१ ।

**युगसंवाद साप्ताहिक**, वर्ष ७, अङ्क ४६, जेठ २०५२, वर्ष १५ अङ्क १, असार २०५९ ।

**रचना**, वर्ष ३०, अङ्क २, वैशाख-जेठ २०५२ ।

**राजधानी दैनिक**, वर्ष २ अङ्क ३९ असार २०५९, वर्ष २, अङ्क ३९, असार २०५९, वर्ष २, अङ्क १७८, मङ्सिर २०६९ ।

**रविवार साप्ताहिक**, वर्ष ३, अङ्क २३, फागुन, २०५६ ।

**समकालीन साप्ताहिक**,वर्ष ३, अङ्क ४९, चैत २०५१, वर्ष ५, अङ्क १९, भदौ २०५४ ।

**समय पाक्षिक**, वर्ष १, अङ्क ४४, फागुन २०६१ ।

**साप्ताहिक नयाँ करेन्ट**, वर्ष १७, अङ्क ३२, पुस २०५६ ।

**साप्ताहिक सुरुचि**, वर्ष १३, अङ्क ३, फागुन २०५१ ।

**सुगन्ध मासिक**, वर्ष १५, अङ्क १६९-१७०, असोज कार्तिक २०५२, वर्ष २५, पूर्णाङ्क २२६, वैशाख जेठ २०६२ ।

**हिन्दू साप्ताहिक**,वर्ष १४, अङ्क ४१, फागुन २०५४ ।

**हिमालय टाइम्स,** वर्ष ७, अङ्क ३२९, मङ्सिर २०५९, वर्ष १०, अङ्क ११२, वैशाख २०६२, २३ असार २०६९, ९ भदौ २०६९ ।